



नेपालमा सर्वाधिक बिक्री हुने राष्ट्रिय दैनिक

ekantipur.com

# कान्तिपुर

वर्ष ३४ अंक १६७ काठमाडौं | १९ साउन २०८३ मंगलबार श्रावण कृष्णपक्ष षष्ठी | नेपाल संवत् ११४६ | राष्ट्रिय संस्करण | KANTIPUR, Nepali National Daily, Tuesday, August 4, 2026 | पृष्ठ १० | १० रुपैयाँ

## ‘यहाँ त कहिल्यै यस्तो भएको थिएन’

१० साउनको राति सुनसरीको कप्तानगन्जमा सामान्य विवाद बढ्दै जाँदा तीन जनाको मृत्यु भयो । कान्तिपुरको स्थलगत रिपोर्टिङ, दुई दर्जनभन्दा बढीसँग अन्तर्वार्ता र अघिल्ला वर्षका अभिलेखले देखाउँछन्– यो यसैपालिको तनाव होइन, बरु मधेशभर फैलिँदो आगोको पछिल्लो झिल्को मात्र हो ।

**तुफान न्यौपाने र पर्वत पोर्तेल** (कप्तानगन्ज, सुनसरी)

१० साउनको राति करिब ९ बजे ओमप्रकाश मेहता बिस्तरामा ढल्किसकेका थिए । घरबाट करिब ७ सय मिटर परको कप्तानगन्ज चोकमा तनाव बढ्न थालेको थियो । उनले सामाजिक सञ्जालमा आफ्ना साथीसंगीको भिडियो हेरेपछि उठेर जाने तरखर गरे ।

उनका बुबा कृष्णदेवले उनलाई रोक्न खोजे, तर ओमप्रकाश कुरै नसुनी हिँडे ।

करिब १० बजे ५९ वर्षीय कृष्णदेवले छोरालाई फोन गरे, ‘छिटो घर आइज ।’

‘निस्किसकें, अब आइहाल्छु,’ ३१ वर्षीय ओमप्रकाशले जवाफ दिए र फोन राखे । ठीक त्यहीबेला कप्तानगन्ज चोकको नयाँ हटियामा गोली चल्यो । क्षणभरमै छोराका साथी दीपक मेहताको फोन आयो, ‘ओमप्रकाशलाई गोली लागेको छ ।’

कृष्णदेव दौडिँदै चोकमा पुग्दा ओमप्रकाशलाई एम्बुलेन्समा हालिसकिएको थियो । त्यहाँ भएकाहरूले भने, ‘खासै खतरा छैन, निको होला ।’

घर फर्किए, कपडा फेरे र उनी पनि विराटनगरतिर लागे । ओमप्रकाशलाई न्युरो अस्पतालको भेन्टिलेटरमा राखिएको थियो । कृष्णदेवले अनुहार पनि हेर्न पाएनन् ।

भोलिपल्ट बिहान आफन्त–छिमेकीले भने, ‘उपचार हुँदै छ । यहाँ हामी छँदै छौं । अहिले घर जानू । श्रीमतीलाई सम्हाल्नू ।’

त्यतिन्जेल ओमप्रकाशको मृत्युको खबर सामाजिक सञ्जालमा फैलिइसकेको भए पनि कृष्णदेवलाई कसैले भनेको थिएन । फर्कंदा गाडी हाँकिरहेका भतिजाले लामो भूमिका बाँधेर सम्झाउँदै सुनाए । कृष्णदेव सम्झन्छन्, ‘उसको त बाटैमा दम टुटिसकेछ । सुन्नेबित्तिकै मैले त होसै गुमाएँ ।’

बस्तीको अर्को छेउ, ओमप्रकाशको घरबाट पश्चिमपट्टि कप्तानगन्ज चोकदेखि करिब सय मिटर दक्षिणतिर बस्छन् ७२ वर्षीय मोहम्मद ताहिर मियाँ । **बाँकी पृष्ठ २**



**सुनसरीको कप्तानगन्ज चोक ।** तस्बिर : पर्वत पोर्तेल/कान्तिपुर

## सुस्ता घटनामा नेपालले भारतसँग जनायो विरोध

भारतले दोहोऱ्यायो दुवै देशबीच कायम रहेको ‘यथास्थिति’ को उल्लंघन हुने गरी कुनै नयाँ संरचना बनाउन नहुने अडान

**अनिल गिरी** (काठमाडौं)

भारतीय सुरक्षाकर्मीले आइतबार पश्चिम नवलपरासीको सुस्ता क्षेत्रमा प्रवेश गरेर स्थानीयले बाढी नियन्त्रणका लागि बनाएको माटोको अस्थायी तटबन्ध भत्काएको घटनाप्रति नेपाल सरकारले भारतसँग विरोध जनाएको छ । नयाँदिल्लीस्थित नेपाली दूतावासले आइतबार भारतको विदेश मन्त्रालयसँग उक्त विषय उठाएको परराष्ट्र मन्त्रालयका एक अधिकारीले जानकारी दिए । उनका अनुसार नेपाली पक्षले भारतीय सुरक्षाकर्मीको शैलीप्रति आपत्तिसमेत जनाएको छ ।

तर भारतीय पक्षले तटबन्ध बनाइएको क्षेत्र विवादित भएकाले दुवै देशबीच कायम रहेको ‘यथास्थिति’ अवस्थाको उल्लंघन हुने गरी कुनै नयाँ संरचना बनाउन नहुने अडान दोहोऱ्याएको उनले बताए । आइतबार सादा पोसाकमा आएका भारतीय सुरक्षाकर्मीले नेपाली भूमिमा प्रवेश गरी स्थानीयले बनाएको माटोको तटबन्ध भत्काउन थालेपछि स्थानीयले विरोध गर्दा केहीबेर तनाव भएको थियो । त्यसपछि सशस्त्र प्रहरी बल (एपीएफ) र भारतीय सीमा सुरक्षा बल (एसएसबी) बीचको समन्वयपछि अवस्था सामान्य बनेको थियो ।

सुस्ता र कालापानी नेपाल–भारतबीचका प्रमुख सीमा विवादका क्षेत्र हुन् । दुवै देशले यी क्षेत्रलाई विवादित मानेका छन् । सन् २०१४ मा दुवै पक्षले परराष्ट्र सचिवस्तरीय संयन्त्र र सीमा कार्यसमूहमार्फत समस्या समाधान गर्ने सहमति गरे पनि त्यसयता परराष्ट्र सचिवस्तरको बैठक हुन सकेको छैन ।

दुई महिनाअघि पनि नेपाल सरकारले निर्माण गर्न थालेको स्थायी बाढी नियन्त्रण तटबन्धको काम भारतीय सीमा सुरक्षा बल (एसएसबी) ले रोकेको थियो । पश्चिम नवलपरासीका प्रमुख जिल्ला अधिकारी दीपक नेपालले सोमबार सुस्तामा अवस्था सामान्य रहेको जानकारी दिए ।

नारायणी नदी किनारमा १ सय ३२ मिटर लामो बाढी नियन्त्रण तटबन्ध निर्माणका लागि नेपाल सरकारले ठेक्का दिएको छ । स्थानीय अधिकारीका अनुसार भारतीय पक्षको आपत्ति जनाएका कारण उक्त खण्डमा स्थायी तटबन्ध बन्न सकेको छैन । अन्यत्र तटबन्ध निर्माण सम्पन्न भइसके पनि यही १ सय ३२ मिटरको भाग मात्र बाँकी छ । तटबन्ध नहुँदा नारायणी नदीको कटान निरन्तर बढ्दै गएको छ । विवादित क्षेत्रभन्दा बाहिर नेपाली भूमिमै अस्थायी संरक्षण संरचना बनाउन खोज्दा पनि भारतीय पक्षले रोक लगाएको स्थानीयले बताएका छन् । स्थानीयका अनुसार यही असुरक्षित भागबाट मनसुनका बेला बाढी गाउँभित्र पस्ने गरेको छ ।

पूर्वनापी महानिर्देशक बुद्धिनारायण श्रेष्ठका अनुसार ८ डिसेम्बर १९८८ मा नेपाल र भारतले नारायणी नदीलाई ‘स्थिर सीमा’ (फिक्स्ड बाउन्ड्री) को सिद्धान्तअनुसार सीमा नदीका रूपमा स्वीकार गरेका थिए । यस सिद्धान्तअनुसार सन्धि भएको समयको नदीको बहावलाई आधार मानी सीमांकन गरिन्छ । नदीले पछि धार परिवर्तन गरे पनि सीमारेखा परिवर्तन हुँदैन । तर पछिल्ला दशकमा नारायणी नदीले धार परिवर्तन गरेपछि भूमि स्वामित्व र सीमा दाबीका विषयमा जटिलता बढेको छ । सुस्ता संरक्षण अभियानका प्रवक्ता रवीन्द्र जयसवालले स्थायी तटबन्ध निर्माणमा अवरोध भएपछि बस्ती जोगाउन स्थानीयले बाध्य भएर माटोको अस्थायी बाँध बनाएको बताए ।

दुई साताअघि सुस्ता संरक्षण अभियानका मुन्ना खानको नेतृत्वमा ५२ जना स्थानीय काठमाडौं आएर माइतीघर मण्डलामा प्रदर्शन गरेका थिए । उनीहरूले गृहमन्त्री सुधन गुरुङसँग भेट गरी सुस्तामा नेपाली सेनाको सुरक्षा चौकी स्थापना गर्न, भारतीय सुरक्षाकर्मीबाट हुने भनिएको दुर्व्यवहार रोक्न तथा राज्यको उपस्थिति बलियो बनाउन माग गरेका थिए ।

### भित्र

**नेपाली राजनीतिको सुन्दर पक्ष, संकटमा एकै ठाउँ उभिन्छन् दलहरू**



**बिहारको राजनीतिमा पीकेको उदय**



## उद्योगी मुन्दडाको घरमा ५ घण्टा छापा, खाली हात फर्किएपछि प्रहरीको विश्वसनीयतामा प्रश्न

**पर्वत पोर्तेल** (विराटनगर)

विराटनगरका प्रतिष्ठित उद्योगी समूह देवेनरा ग्रुपका सञ्चालक तथा मोरङ उद्योग व्यापार संघका पूर्वअध्यक्ष प्रकाश मुन्दडाको निवासमा सोमबार बिहान ४ बजे एकाएक प्रहरी टोली प्रवेश गऱ्यो । विशेष सूचनाका आधारमा भन्दै ठूलो संख्यामा सुरक्षाकर्मी विराटनगर–७ स्थित उनको निवास र कार्यालयमा पुगे । जिल्ला प्रहरी कार्यालय मोरङका प्रमुख एसपी कवित कटवाल स्वयं उनको निवासमा पुगे ।

जिल्ला तथा वडा प्रहरी कार्यालयदेखि र रानी क्षेत्रका प्रहरी टोली खटिँदा उनको निवास वरपर एक दर्जनभन्दा बढी प्रहरीका सवारीसाधन प्रयोग भएको देखिन्थे । **बाँकी पृष्ठ ९**



> आतंककारीलाई झैं गरिएको व्यवहारले निजी क्षेत्र आतंकित बनेको छ, यो गम्भीर मात्रै होइन, निन्दनीय पनि छ
>
> **पवन शारडा**
> अध्यक्ष, नेपाल उद्योग परिसंघ, कोशी

**विराटनगरका उद्योगी प्रकाश मुन्दडाको निवासमा सोमबार खानतलासीका क्रममा घरबाहिर रहेका सुरक्षाकर्मी र उनीहरूका सवारीसाधन ।** तस्बिर : पर्वत पोर्तेल/कान्तिपुर

**Best in the Region.** *Chosen by You.*

NIST College is a trusted name in education, renowned for academic excellence, distinguished faculty, modern infrastructure, and career-focused learning that prepares students for future success.

NIST COLLEGE
SHAPING THE FUTURE

BITM | B.Sc. CSIT | BCA

AFFILIATED TO TRIBHUVAN UNIVERSITY (TU)

**Why NIST College, Banepa?**

OUTSTANDING RESULTS
Consistent Excellence in TU Examinations

INNOVATION AND LEADERSHIP
Hackathons, Coding Competitions, Clubs, and Leadership Programs

EXPERT FACULTY
Qualified, Experienced, and Dedicated Teachers

COMPREHENSIVE STUDENT SUPPORT
Academic Mentoring, Psychological Counselling, and Career Guidance

INDUSTRY INTEGRATION
Internships, Industry Visits, Guest Lectures, and IT Conferences

FUTURE-READY GRADUATES
Preparing Students with the Knowledge, Skills, and Confidence to Excel in the Digital World

SMART LEARNING ENVIRONMENT
Technology-enabled Classrooms and Modern Computer Labs

Banepa-9, Nayabasti, Kavre
For Enquiry: **(011) 660792 / 662355**

Think Big. Build Bigger.

SCAN OR TO LEARN MORE

# 'यहाँ त कहिल्यै यस्तो भएको थिएन'

पहिलो पृष्ठबाट क्रमशः

११ साउन, सोमबार दिउँसो । कप्तानगन्जमा कर्फ्यु लागिसकेको थियो । करिब १२ बजे आक्रोशित भीड आयो । 'पेट्रोल छर्केर घरमा आगो लगायो,' ताहिर भन्छन् ।

पेट्रोलले भरिएका बोतल हातमा समातेर आउँदै गरेका केटाहरूलाई उनका नातिले देखेर आमालाई भनेछन् । बुहारी कराइन् । त्यसपछि घरभित्र भएकाहरू बाहिर निस्कन त सके तर जेठो र साइँलो छोराको घर अनि परालको थुप्रो जल्यो ।

ओमप्रकाश प्रहरीको गोलीले मारिए । ताहिरको घर उन्मादी भीडले झोसेको आगोले जल्यो ।

दुई फरक समुदायका यी परिवारको साझा भनाइ छ, 'हामी सधैं भाइचारा भएर बसेका थियौं । यहाँ त कहिल्यै यस्तो भएको थिएन ।'

देवानगन्ज गाउँपालिका-३ कप्तानगन्ज, जहाँबाट सिधा एक किलोमिटर नजिकै दक्षिण भारतको सीमा आउँछ । कप्तानगन्जमा हिन्दु-मुस्लिम हिंसाको कुनै इतिहास थिएन । त्यहींबाट सुरु भएको विवादले तीन जनाको ज्यान लियो । १० साउनमा नै कप्तानगन्ज चोकमा गोली लागेका जयप्रकाश मेहता (२१) को चार दिनपछि र गोलबजार सिरहाका गणेश यादव (१५) को साउन १४ मा मृत्यु भयो ।

प्रत्यक्षदर्शी भन्छन्, 'गणेशको मृत्यु प्रहरीको गोली लागेर भयो ।' तर गृहमन्त्री सुधन गुरुङले कान्तिपुरसँगको कुराकानीमा उक्त दाबी इन्कार गरे ।

कान्तिपुरको स्थलगत रिपोर्टिङ, दर्जनभन्दा बढी अन्तर्वार्ता र अघिल्ला वर्षहरूका अभिलेखले देखाउँछन्- कप्तानगन्जमा जे भयो त्यो कुनै अलग्गै, छिटपुट घटना वा एक रातको विस्फोट होइन । यो पछिल्ला वर्ष, खासगरी मधेशमा विस्तार हुँदै गएको धार्मिक ध्रुवीकरण, सीमापारिको धार्मिक-राजनीतिक प्रभाव, सामाजिक सञ्जालबाट तुरुन्तै फैलिने उत्तेजना र राज्यको निरन्तर बेवास्ताको पछिल्लो कडी हो ।

कप्तानगन्जको त्यो रात र त्यसपछि मधेशमा सल्किएको डढेलो स्थानीय राजनीतिक र प्रशासनिक संयन्त्रले बेवास्ता गरिरहेको पूर्वचेतावनीका संकेत, हिंसा भइसकेपछि मात्रै बल प्रयोगमा दौडने सुरक्षा संयन्त्र र प्रायः मौन बनेका राजनीतिक दलहरूको सामूहिक असफलताको साझा उपज पनि हो । यसपालि भने हिंसामा किशोर र युवाको ज्यान नै गयो ।

सीमा सुरक्षा र दंगा नियन्त्रणको जिम्मेवारी पाएको सशस्त्र प्रहरी बलले करिब तीन वर्षअघि नै बढ्दो साम्प्रदायिक हिंसाको जोखिम औंल्याएको थियो, विशेषगरी मधेश क्षेत्रमा । उक्त प्रतिवेदनबारे जानकार सशस्त्र प्रहरी बलका एक वरिष्ठ अधिकारीले कान्तिपुरलाई गत साता बताएअनुसार बढ्दो साम्प्रदायिक ध्रुवीकरणले निम्त्याउन सक्ने जोखिमबारे सशस्त्र प्रहरीले राजनीतिक नेतृत्वलाई पटक-पटक जानकारी गराएको थियो । तर ती सुझावलाई बेवास्ता गरियो ।

कप्तानगन्जको घटनाले विभिन्न तहमा रहेका कमजोरी पनि उजागर गरेको छ । प्रारम्भिक चेतावनीका संकेतलाई बेवास्ता गर्ने स्थानीय निकायहरू, हिंसा भड्किसकेपछि मात्र पुग्ने सुरक्षा निकाय र द्वन्द्वका कारण मानवीय क्षति हुन थालेपछि मात्र सक्रिय देखिने राजनीतिक पात्रहरू ।

काठमाडौं भने कप्तानगन्जमा हिंसा फैलिन सुरु भइसक्दा पनि अधिकांश समय चुपचापझैं बस्यो । तात्कालिक प्रतिक्रिया प्रहरी र प्रशासनिक नेतृत्वको हेरफेरमा केन्द्रित रह्यो । ११ साउनको बिहान ७ बजे कर्फ्यु घोषणा गरियो ।









**मृतक ओमप्रकाश मेहताका परिवार (बायाँ माथि) । हनुमानको क्रोधित मुद्राको तस्बिर अंकित झन्डा र कर्फ्युको समयमा कप्तानगन्जको मुख्य सडकमा गस्ती गरिरहेका सुरक्षाकर्मी ।**

**तस्बिर : पर्वत पोर्तेल**/कान्तिपुर

सँगसँगै, विरोध प्रदर्शनहरू सुनसरीका अन्य भागमा फैलिन थाले । त्यसपछि मोरङ, सिरहा, सप्तरी, धनुषा हुँदै पर्सासम्म पुगे । स्थानीय प्रशासनले कर्फ्युको इलाका बढाउँदै लगेसँगै ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरी टोलटोलमा सेना खटाइयो । तर प्रदर्शनकारीहरूले अवज्ञा गरिरहे ।

प्रधानमन्त्री वालेन्द्र शाहले राष्ट्रका नाममा सम्बोधन गर्नुपर्ने र गृहमन्त्री गुरुङ घटनास्थलमा आउनुपर्ने माग चर्किंदै गयो । दुवै संसद्मा समेत उपस्थित भएनन् । शाहले सामाजिक सञ्जालमार्फत सुनसरीमा भएको घातक झडपप्रति दुःख व्यक्त गरे भने गुरुङ काठमाडौंमै रहे । मधेशभरि फैलिएको हिंसाबारे छलफल गर्न आफ्नै पार्टी सभापति रवि लामिछानेले बोलाएको सर्वदलीय बैठकमा समेत शाह सहभागी भएनन् ।

सुनसरीको १२ मध्येको एक देवानगन्ज गाउँपालिका सदरमुकाम इनरुवाबाट करिब २५ किमि दक्षिणमा, भारतसँग सीमा जोडिएको पालिका हो । २०७८ को जनगणनाअनुसार यो पालिकाको जनसंख्या ४० हजारभन्दा कम छ, जसमा ८६ प्रतिशत हिन्दु र १४ प्रतिशत मुस्लिम छन् ।

मैथिली र मगही मातृभाषी यो क्षेत्र मूलतः कृषिमा निर्भर छ । झन्डै दुईतिहाइ घरधुरी दाउरा वा गुइँठाले चुलो बाल्छन् । १० मध्ये एक घरले मात्रै खाना पकाउन एलपी ग्यास चलाउँछन् । धेरै युवा खाडी वा मलेसियामा छन्, गाउँमा बूढाबूढी, महिला र किशोरहरू बढी छन् ।

१० साउनको त्यो रातपछि सडकमा अनुहारहरू पनि प्रायः किशोर र भर्खर युवावस्थामा प्रवेश गरेकाहरू देखिन्थे ।

अहिले दुवै समुदायका पाका र जिम्मेवार मानिस बिलखबन्दमा छन्, 'अहिले कसरी एक्कासि यस्तो भयो ?'

यो घटनाको बीउ भने करिब महिनाअघि रोपिएको थियो ।

१४ असारमा मुस्लिम समुदायले नयाँ हाटबजारस्थित सार्वजनिक जग्गामा वडा कार्यालयको अनुमति लिएर मोहर्रम मनाएका थिए । 'पचास सालदेखि हामी मोहर्रम खेल्दै आएका हौं,' ३६ वर्षीय खसीबाख्रा व्यवसायी जाबिर आलमले भने, 'पहिले शिव मन्दिर थियो । अहिले काली मन्दिर बन्यो, एकपछि अर्को मन्दिर । हाम्रो 'फिक्स्ड' ठाउँ छैन, स्थानीय सरकारले जहाँ अनुमति दिन्छ, त्यहीं मनाउँदै आएका छौं ।'

मोहर्रमका दिन उक्त सार्वजनिक स्थानमा मुस्लिम समुदायले ४०-५० वटा आफ्ना निसान झन्डा गाडेका थिए, नेपालको राष्ट्रिय झन्डासहित । पर्व सकिएपछि दुई निसान झन्डा र राष्ट्रिय झन्डा त्यहीं छाडे, जाबिरको भनाइमा ४० दिनपछि हुने अर्को मेलाका लागि । बाँकी झिकियो ।

४० दिनपछि मुस्लिमको अर्को मेला आउनुअघि साउन लाग्यो, हिन्दुहरूका आराध्यदेव शिवको अर्चना गर्ने, बोलबम जाने, शिव मन्दिरमा भक्ति गर्ने मानिसहरू बढे । हिन्दुहरूले साउन लाग्नेबित्तिकै शिव मन्दिर नजिकै राखिएका ती झन्डा हटाउन पहल गरिदिन वडा कार्यालयलाई अनुरोध गरेका थिए ।

जाबिर भन्छन्, 'करिब दस दिनअघि झन्डालाई लिएर विवाद भएपछि मैले नै गएर भनेको थिएँ- झन्डाले अप्ठ्यारो भएको छ भने हटाइदिन्छौं, विवाद नगरौं । तर, वडाध्यक्ष र गाउँपालिका अध्यक्षले वास्तै गरेनन् ।'

स्थानीय बाबुजी आधारभूत विद्यालयका पूर्वप्रधानाध्यापक शत्रुघनप्रसाद मेहता (५९) पनि स्थानीय सरकारको त्यही कमजोरी औंल्याउँछन् । 'वडाध्यक्ष अनिल भगतले मोहर्रम मनाउन जग्गा त दिए,' उनी भन्छन्, 'तर, त्यसपछि झन्डा हटाउदिनू भनेर हाम्रा केटाहरूले भन्दा उनले मानेनन् ।'

त्यही झन्डा विवाद १० साउनमा लाउड स्पिकरमा घन्किएका धार्मिक गीतमा पुग्यो ।

इन्सेकका कोशी प्रदेश संयोजक मनोहरकुमार पोखरेलका अनुसार आइतबार दिउँसो केही युवाले त्यहाँ पहिलेदेखि राखिएका झन्डा झिकिदिए र सडकबत्तीका पोलमा हनुमानका तस्बिर पोतिएका नयाँ झन्डा राखे । उनले भने, 'दिउँसोको यस्तो कार्यले आक्रोश बढाएको रहेछ, राति गीतमा पुग्यो विवाद ।'

त्यसरात, अर्को दिन- सोमबारको बोलबम यात्राको तयारीमा हिन्दु श्रद्धालु युवा शिव मन्दिर नजिकै जम्मा भएका थिए । उनीहरूले लाउड स्पिकरमा 'जय श्रीराम' र 'बोलबमका नारा हे, बाबा एक साहारा हे' जस्ता गीत घन्काइरहेका थिए ।

उनीहरू जल लिन करिब ४० किलोमिटर उत्तर-पश्चिममा रहेको कोशी बराजसम्म जाने र फर्किएर शिव मन्दिरमा चढाउने योजनामा थिए । उत्तरतिर फर्किएको गाडीमा राखिएको लाउड स्पिकरको मुख दक्षिणतिर फर्कियो, जहाँ करिब सय मिटरबाटै मुस्लिम टोल सुरु हुन्छ ।

हिन्दु समुदायका मानिसहरूको भनाइमा त्यसरी गीत बजाएकामा नै मुस्लिम युवाहरू विवाद गर्न गए । मुस्लिम समुदायका व्यक्तिहरू भने त्यसरी लाउड स्पिकरमा गीत शिव मन्दिरभन्दा पनि दक्षिणतिरको मुस्लिम बस्ती नजिक पुऱ्याएर झन् चर्को स्वरमा बजाइएको र ८-१० वटा भारतीय नम्बर प्लेटका मोटरसाइकल ल्याएर बारम्बार सडकमा घुमाएर त्रसित बनाइएको दाबी गर्छन् ।

यसपछि विवाद बढ्यो । हात हालाहाल नै भयो ।

त्यसपछि के भयो भन्नेमा एकमत छैन ।

हिन्दु युवाभन्दा बढी संख्याका मुस्लिम युवाहरूले सुरुमा पिटेको र आफैंले उल्टै पिटाइ खाएको भन्दै प्रहरीलाई मुस्लिम युवाहरूले नै खबर गरेको हिन्दु समुदायका व्यक्तिहरू बताउँछन् । मुस्लिम समुदायका व्यक्तिहरू भने आफूहरूले नपिटेको तर विवाद बढ्ने देखेपछि प्रहरीलाई खबर गरेको दाबी गर्छन् ।

स्थलगत अनुसन्धानबाट आफूहरूले पत्ता लगाएको विवरणका आधारमा इन्सेकका कोशी प्रदेश संयोजक पोखरेल भन्छन्, 'हिन्दु पक्षका केटाहरू थोरै थिए । सुरुमा उनीहरूले पिटाइ खाए । अनि उनीहरूमध्येकै केहीले घटनालाई थप बढाइचढाई गरेर गाउँमा सहयोग मागेछन् । त्यतिन्जेल प्रहरी आइपुगेका थिए । प्रहरीले जाऊ भनेपछि मुस्लिम केटाहरू घर गए । तर, आफूहरूले पिटाइ खाएको र त्यसको बदला लिने भन्दै हिन्दु युवा फर्कन मानेनन् । उनीहरू मुस्लिम बस्तीतिर बढ्न खोजेका थिए, त्यसपछि रोक्न खोज्ने प्रहरीसँग झडप भयो ।'

जाबिरको भनाइ पनि करिब उस्तै छ ।

'प्रहरीले हामीलाई हाम्रै टोलमा रोके, त्यसपछि हामी गएका छैनौं । प्रहरीले उनीहरूलाई उत्तरबाट यता आउन रोक्यो । धकेलाधकेल हुँदा प्रहरीसँग उनीहरूको हानाहान भएको हो,' उनी भन्छन्, 'हिन्दु-मुस्लिम लडाइँ भएकै होइन । उनीहरूको प्रहरीसँग झडप भएको हो । मुस्लिमपट्टि एक जना पनि घाइते भएको छैन । यहाँ हामी ५०-६० घर मात्र छौं, उनीहरू सयौं छन् । हामी लडेर कसरी बाँच्न सक्छौं यहाँ ?'

सुनसरीको कप्तानगन्जमा ठ्याक्कै यस्तो घटना यसअघि नदेखिएको भए पनि अभिलेख केलाउँदा यो आसपासको क्षेत्र धार्मिक-विवादसँग जोडिएका तनावबाट अछुतो भने थिएन ।

इन्सेकको अभिलेखअनुसार सुनसरीमा मात्रै सन् २०२४ मा तीन, २०२५ मा दुई र २०२६ (हालसम्म) दुई गरी सात वटा यस्ता घटना दर्ता छन् । सुनसरीबाट पश्चिम मधेशका जिल्ला हुँदै नेपालगन्जसम्मै यस्ता घटना भइरहेको विवरण सार्वजनिक रूपमा प्रशस्तै उपलब्ध छन् ।

कान्तिपुरले २०७५ सालदेखि हालसम्म, आठ वर्षको अवधिमा तराईमा मात्रै कम्तीमा पनि १७ वटा यस्ता घटनाको अभिलेख भेट्टायो । उक्त सूची सञ्चारमाध्यममा प्रकाशित भएका समाचारमा मात्र आधारित भएकाले त्यो न्यूनतम संख्या हो । ती घटना पश्चिममा लुम्बिनीको बाँकेदेखि, बीचमा मधेशको पर्सा र पूर्वमा कोशीको सुनसरीसम्मका जिल्लामा भएका छन् । यी सबै तराई-मधेशका भारतसँग सीमा जोडिएका जिल्लाहरू हुन् ।

घटनाका कारण पनि एकै प्रकृतिका देखिन्छन् । १७ मध्ये करिब दुईतिहाइ (११ वटा घटना) चाडपर्वको समयमा निकालिएका जुलुस र मूर्ति विसर्जनका क्रममा भएका विवाद थिए । दुर्गा, लक्ष्मी, सरस्वती र कृष्णजन्माष्टमीको विसर्जन, रामनवमी र हनुमान जयन्तीको शोभायात्रा, छठ र कलश यात्रामध्ये धेरैमा प्रशासनले कर्फ्यु लगाउनुपरेको थियो ।

पछिल्लो समय आगोमा घिउ थपेको छ- सामाजिक सञ्जालले । नेपालगन्जमा एक हिन्दु युवाले फेसबुकमा पोस्ट गरेको असंवेदनशील स्टाटस होस् वा राजविराजमा हिन्दु धर्मविरुद्ध मुस्लिम युवाले गरेको आपत्तिजनक टिप्पणी, यीमध्ये कुनै पनि सामग्रीलाई कान्तिपुरले हालको घटनासँग जोडेको छैन । त्यसको विस्तृत विवरण पनि यहाँ प्रस्तुत गरिएको छैन । प्रायः अनलाइनबाट सुरु हुने आक्रोश हालैका दिनमा आएर सडकमा पोखिन थालेका छन् ।

मधेशबारे नियमित रूपमा लेख्ने वीरगन्ज निवासी पत्रकार तथा लेखक चन्द्रकिशोरका अनुसार सामाजिक सञ्जालमा बढ्दो पहुँचले तनावलाई तीव्र गतिमा फैलाउन मद्दत गरेको छ ।

'कप्तानगन्जमा जो मान्छे मारियो, ऊ त सुतिरहेको थियो, सामाजिक सञ्जालबाट एउटा अफवाह फैलिएपछि दौडेर गएको रहेछ,' उनले भने, 'पहिले नेपालगन्जको घटना सम्झौं त । त्यसलाई मधेशमा ल्याइपुऱ्याउन सीडीमा रेकर्ड गरेर भिडियो देखाउँदै हिँडेका थिए । अहिले त सोसल मिडियामा तुरुन्तै भिडियो आउँछ । युट्युबरहरूले लाइभ गर्दिने भए, राम्रो/नराम्रो, सही/गलत सेन्सर नै हुन पाएन ।'

पछिल्ला वर्ष जानाजान अर्को समुदायलाई अपमान र उद्वेलित गर्ने घटना पनि सार्वजनिक हुँदै आएका छन् । गत वर्ष निर्वाचनको मुखमा वीरगन्जमा यस्तै गतिविधिमा संलग्न भएको आरोपमा तीन जनालाई प्रहरीले पक्रेको थियो । गौरमा हिन्दुको रात्रि विवाहमा लाउड स्पिकर बजाएर नमाज पढेको भन्दै विवाद भएको थियो ।

मुस्लिम नेपालको तेस्रो ठूलो धार्मिक समूह हो । २०७८ को जनगणनाअनुसार ५.१ प्रतिशत मुस्लिम छन् । जसमध्ये अधिकांशको बसोबास तराईमा छ ।

अमेरिकी विदेश मन्त्रालयको सन् २०२३ को धार्मिक स्वतन्त्रतासम्बन्धी प्रतिवेदनमा धार्मिक समावेशिताको वकालत गर्ने मुस्लिम अगुवाहरूले सरकारी अधिकारी र हिन्दु समुदाय दुवैतर्फबाट दबाब खेप्नुपरेको भनी गरेको गुनासो समेटिएको छ ।

नर्थ-साउथ कलेक्टिभ्सका अध्यक्ष विराटनगरका दिनेश श्रेष्ठ पछिल्लो समय सार्वजनिक भएका यस्ता विवाद अकस्मात् वा प्रसंगवश भएका छुट्टाछुट्टै घटना नभएको विश्लेषण गर्छन् । 'नेपालमा नियोजित ढंगले धार्मिक द्वन्द्व बढाउने प्रयत्न भइरहेको देखिन्छ,' उनले भने । तर त्यस्ता द्वन्द्व भड्काउन जिम्मेवार व्यक्ति को हुन् त भनेर उनले ठ्याक्कै खुलाएनन् । 'हिजो अन्य ठाउँमा भएका घटना होऊन् वा अहिलेको कप्तानगन्जको, यी सबै त्यही प्रयत्नअनुरूप भएका हुन् ।'

पूर्वमन्त्री तथा 'मधेश : सामाजिक संरचना र विभेद' पुस्तकका लेखक जयप्रकाशप्रसाद गुप्ता पनि सीमापारि भारतमा देखिएको धार्मिक उन्माद नेपाल भित्रिएको बताउँछन् । 'विगतमा बिहारमा जातीय संरचनाको सरकार थियो, अहिले भाजपाको हिन्दु वर्चस्वको शासन छ । त्यसको प्रत्यक्ष प्रभावबाट नेपाल पनि ध्रुवीकृत हुँदै आएको छ,' उनले भने ।

चन्द्रकिशोरका अनुसार बढ्दो धार्मिक तनावमा चार प्रवृत्ति कप्तानगन्ज घटनामा पनि प्रतिबिम्बित भएका छन् । पहिलो प्रवृत्ति भनेको कुनै एउटा ठाउँमा घटना हुँदा अन्यत्रका पनि त्यही समुदायका मान्छेले लिने 'पोजिसनिङ' । 'मलंगवामा एउटा सामान्य घटना भयो भने तुरुन्तै भैरहवामा जुलुस निस्कन्छ । पहिले स्थानीयस्तरमै सकिन्थ्यो, अन्यत्र सल्किँदैनथ्यो,' उनले भने ।

दोस्रो, सार्वजनिक धार्मिक अनुष्ठानमा देखिएको अघोषित प्रतिस्पर्धा । 'एउटाले एउटा माइक राख्यो भने मैले चार राख्नुपर्छ, उसले दुई तरबार भाँच्यो भने मैले चार, उसले पच्चीस मोटरसाइकल हुइँक्यायो भने मैले पचास- पछिल्ला वर्षमा यो देखिन थालेको छ,' उनले भने ।

तेस्रो प्रवृत्ति हो, एकअर्काको आस्थाको केन्द्रअगाडि गएर आफ्नो समुदायको नारा घन्काउने र ठाडो चुनौती दिने अभ्यास । चौथो प्रवृत्ति, समाजमा भइरहने यस्ता द्वन्द्वलाई सम्बोधन गर्ने तरिका ।

पहिले सामाजिक वा धार्मिक तनाव कम गर्ने उद्देश्यले गरिने छलफलमा राजनीतिक प्रतिनिधिहरूले मुख्य भूमिका खेल्थे । अहिले त्यो स्थान धार्मिक पहिचानका आधारमा बोल्ने, दाबी गर्ने प्रतिनिधिले लिएको उनको भनाइ छ ।

'नेता बन्नका लागि त्यहाँ खाली ठाउँ देखे र धेरै मानिस हौसिए । एकाएक कोही मुस्लिम नेताका रूपमा उदाए । कोही हिन्दु नेताका रूपमा बैठकहरूमा आउन थाले,' उनले भने, 'कुनै पार्टीमा भएको भए एउटा साधारण कार्यकर्ता हुन्थे भने रातारात अब नेता भए ।'

रामरिझन यादवले आफू जनता समाजवादी पार्टीमा सक्रिय हुँदाको अनुभव सुनाउँदै सीमापारिको धर्मको राजनीतिले मधेशमा कसरी प्रभाव पारिरहेको छ भनेर सुनाए । 'हाम्रै पार्टी कमिटीमा रहेका यादव केटाहरू आरएसएससँग घुलमिल भइसकेका रहेछन्,' उनले भने, 'मैले हाम्रा नेता उपेन्द्र यादव- समाजवादी हुन्, लोहियावादी हुन्, जयप्रकाश नारायणका फलोअर्स हुन्, बीपीको समाजवादी सोच राख्छन् अनि त्यस्तो नेताको पार्टीमा बसेर तिमीहरू आरएसएसमा लाग्ने भनेर सोधेको थिएँ । चार वर्षअगाडि हाम्रै पार्टीभित्र आरएसएसले संगठन बनाइसकेको थियो । त्यो मैले प्रत्यक्ष भोगेको कुरा हो ।' उनी हाल कुनै पार्टीमा आबद्ध छैनन् ।

उनको दाबीमा आरएसएसको त्यो पकड विराटनगरदेखि पश्चिम नेपालगन्जसम्मै फैलिएको छ ।

बढ्दो धार्मिक ध्रुवीकरण हालैका दिन आएर सार्वजनिक स्थानमा देखिन थालेका धार्मिक तस्बिरहरूमा प्रतिबिम्बित हुन थालेको छ ।

कप्तानगन्जको चोकमा उभिएर वरिपरि हेर्दा जताततै एउटै तस्बिर अंकित झन्डा फरफराइरहेका छन् । त्यहाँबाट विराटनगर, इटहरी, इनरुवा हुँदै पश्चिम मधेश लाग्दा सडकका दायाँबायाँ, चोक, पसल, घरका छत, बिजुलीका पोल सबैतिर उही तस्बिर अंकित झन्डा छ । झन्डामा अंकित तस्बिर हो हनुमानको । तर, यो परम्परागत रूपमा देखिइआएको हनुमानको चित्र भने होइन, यसमा हनुमानको क्रोधित स्वरूप देखिन्छ । भगवा र कालो रङको प्रयोग गरिएको, अनुहारमा क्रोधित भाव देखिने हनुमानको यस्ता तस्बिर जतासुकै देखिन्छन् ।

'मैले हुर्किंदा देखेको हनुमान शान्त थिए,' रामरिझन भन्छन्, 'पछिल्ला दुई-चार वर्षयता मधेशमा जताततै एकदम क्रुद्ध हनुमानका तस्बिर देख्न थालेको छु । रिसाएको हनुमान बजरंग दल र हिन्दुवादी समूहहरूले ल्याएर देखाइरहेका छन् ।'

रिसाएका हनुमानको यो चित्र नेपाली परम्पराको उपज होइन । भारतीय सञ्चारमाध्यमका अनुसार 'क्रोधित हनुमान'को उक्त चित्र सन् २०१५ मा भारतको केरलाका ग्राफिक डिजाइनर करण आचार्यले बनाएका थिए । साथीहरूले 'एउटा फरक तेवर' भएको हनुमान बनाइदेऊ भनेपछि उनले स्थानीय मन्दिरको गणेश चतुर्थी उत्सवको झन्डाका लागि उक्त चित्र कोरेको भारतीय मिडियाहरूले उल्लेख गरेका छन् । भगवा र कालो रङको त्यो चित्र चाँडै पूरै भारतभर चर्चित भयो, केही पछि त नेपालमै पनि छिरिहाल्यो ।

'सांस्कृतिक र धार्मिक रूपमा हनुमानको छवि शान्तपूर्ण छ । हनुमान अर्थात् ज्ञान-गुण-सागर । विनम्र,' चन्द्रकिशोर भन्छन्, 'तर राजनीति गर्नका लागि हनुमानजीलाई क्रोधित बनाइदिएका छन् ।'

कप्तानगन्जमा हिंसा सुरु भएको पाँच दिनपछि प्रधानमन्त्री शाहको राष्ट्रका नाममा सन्देश, रास्वपा सभापति लामिछानेको सर्वदलीय बैठक, गृहमन्त्रीको स्थलगत भ्रमण, प्रभावित परिवारसँगको छलफल र सहमति, राजनीतिक दलहरूले गरेको सद्भाव अपिल तथा स्थानीय तहमा विभिन्न समुदायका प्रतिनिधिबीच भएको संवादपछि मधेशका जिल्लाहरूमा अवस्था क्रमशः सामान्य हुन थालेको छ ।

तर नागरिक समाजका अगुवाहरू भन्छन्- यदि समुदायबीच बढ्दो धार्मिक अविश्वासलाई चाँडै सम्बोधन गरिएन भने सतहमा तनाव कम भएको जस्तो देखिए पनि भित्रभित्रै भुसको आगोझैं रहिरहन सक्छ र फेरि भड्किन सक्छ ।

नयाँ हटियामा तनाव बढेको खबर पाएपछि ओमप्रकाश र जयप्रकाश दुवै आ-आफ्नो घरबाट निस्केका थिए । प्रत्यक्षदर्शी रमेशकुमार मेहताका अनुसार प्रहरीको गोली लागेर ओमप्रकाश ढलेपछि भीड झन् उत्तेजित बनेको थियो ।

'मानिस यताउता भागिरहेका थिए । त्यही बेला शिव मन्दिरको प्रांगणमा जयप्रकाशलाई पनि गोली लाग्यो,' रमेशले भने ।

घटनाको दिनदेखि नयाँ हटियाबाट करिब ५ सय मिटर उत्तरतर्फ रहेको एउटा सानो झुपडीको आँगनमा जयप्रकाशले ऋण लिएर किनेको अटोरिक्सा त्यसै थन्किएको छ ।

छोरालाई गोली लागेको खबर पाएपछि घर छाडेर हिँडेदेखि कृष्णदेवको कोठामा पंखा घुमेको छैन ।

ताहिर मियाँको त अब घर पनि छैन ।


वर्गीकृत डिस्प्ले

स्वदेशमै उत्पादित गुणस्तरीय
सोलार वाटर हिटर
सस्ता आयातित तथा न्यून गुणस्तरीय सोलार जडान गरेको केही बर्षमा नै बिग्रेर हैरान हुनुहुन्छ ??
महर्जन मेटल इण्डष्ट्रिज
टेकु, काठमाडौं,
५३६२००१, ५३६२०३२
९८०१०३८५३६/९८०१०३८५४०

वर्गीकृत डिस्प्ले
अब मल्टिकलरमा पनि छाप्न सकिने
श्याम स्वेत: रू. ३०००/-*
स्पट कलर: रू. ३५००/-*
मल्टि कलर: रू. ५०००/-*



घर बिक्रीमा



गाडि बिक्रीमा




जग्गा बिक्रीमा

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८
Email: mktdisplay@kmg.com.np
* उपरोक्त दररेटहरुमा मूल्य अभिबृद्धि कर समावेश गरिएको छैन ।

## नेपाली राजनीतिको सुन्दर पक्ष

# संकटमा एकै ठाउँ उभिन्छन् दलहरू

### संविधान निर्माणदेखि भूकम्प, नाकाबन्दी र पछिल्लो साम्प्रदायिक तनावसम्म, राजनीतिक दलहरूको ऐक्यबद्धता र संवादले हरेक संकटमा मुलुकलाई निकास दिएको छ

**कुलचन्द्र न्यौपाने** र **राजेश मिश्र** (काठमाडौं)



**रास्वपाले आयोजना गरेको सर्वदलीय बैठकमा प्रमुख दलका नेता ।** **फाइल तस्बिर** : रास्वपा सचिवालय

सुनसरीको देवानगन्जमा सुरु भएर अन्य जिल्लामा पनि फैलिन थालेको साम्प्रदायिक तनाव साम्य पार्न सरकार र सुरक्षा संयन्त्र मात्रै सक्रिय भएनन्, सत्तारूढदेखि विपक्षी र संसद्मा प्रतिनिधित्व नगर्ने दलहरू पनि उत्तिकै खटिए । अघिपछि सरकार र सत्तारूढ दलको आलोचना गर्ने विपक्षी दलले पनि हातमा हात मिलाए ।

स्थापना भएको चार वर्षमै प्रचण्ड बहुमतसहित सरकारको नेतृत्वमा पुगेको राजनीतिक दल हो रास्वपा । रास्वपाले पनि हरेक संकट र चुनौतीको सामना मिलेर गर्दा मात्रै सहज अवतरण हुन्छ भन्ने पुराना दलहरूले थालेको अभ्यासलाई पछ्यायो । साम्प्रदायिक तनाव बढ्न थालेपछि रास्वपा सभापति रवि लामिछानेले तत्कालै सर्वदलीय बैठकलाई प्राथमिकता दिए । उनले बोलाएको बैठकमा प्रमुख प्रतिपक्षी दल कांग्रेस सभापति गगन थापा, नेकपाका संयोजक पुष्पकमल दाहाल, एमाले महासचिव शंकर पोखरेल, लोसपा अध्यक्ष महन्थ ठाकुर, श्रम संस्कृति पार्टीका महासचिव आरेन राई, राप्रपा अध्यक्ष राजेन्द्र लिङ्देन, जनमत अध्यक्ष सीके राउत र जसपा नेपालका नेता प्रकाश अधिकारी पुगेका थिए । सत्तारूढ दलले बोलाएको बैठकमा सबै विपक्षीको उपस्थिति त्यति नै प्रशंसनीय थियो ।

बैठकबाट सबै राजनीतिक दलका नेतृत्वको हस्ताक्षरमा निकालिएको संयुक्त विज्ञप्तिमा सामाजिक सद्भाव, शान्ति र संवादको अपिल थियो । प्रदेश, जिल्ला र स्थानीय तहमा सर्वदलीय तथा सर्वपक्षीय बैठक बसेर शान्तिका लागि भूमिका खेल्न सबैले आह्वानसमेत गरे । उक्त बैठक पछाडि शान्ति र सद्भावका लागि सबै राजनीतिक दलहरूले आ-आफ्ना संगठनलाई परिचालन गर्न निर्देशित पनि गरे ।

सरकार, सुरक्षा निकाय, राजनीतिक दल, धार्मिक गुरु र नागरिक समाजको साझा सक्रियताको परिणाम अहिले बिस्तारै स्थिति नियन्त्रणमा आउँदै छ । सुनसरीको तनावपछि तत्कालै सक्रियता नदेखाएको भन्दै प्रधानमन्त्री वालेन्द्र शाहको आलोचनासमेत भएको थियो । उनीमाथि संवेदनशील घटनामा प्रतिक्रिया नदिएको, सिंहदरबारबाट बाहिर ननिस्किएको र मधेशसँग संवाद नगरेको आरोप लाग्यो । आलोचना बढेपछि प्रधानमन्त्री शाह पनि सक्रिय भए ।

देशवासीका नाममा सम्बोधन गर्दै धार्मिक सद्भाव कायम राख्न अपिल गरे । प्रधानमन्त्री बनेपछि औपचारिक रूपमा पहिलो पटक राष्ट्रपति रामचन्द्र पौडेललाई भेट्न शीतल निवास पुगे । त्यसपछि मधेशकेन्द्रित दलका नेताहरूसँग छुट्टै छलफल गरे । आफ्नै पार्टीका मधेशबाट प्रतिनिधित्व गर्ने सांसदहरूसँग छलफल गरे । उनको मौनताले शाहको विचारलाई लिएर संशय र प्रश्न उठ्न थालेको थियो । दलहरूसँगको अन्तरक्रियाले त्यसलाई चिर्न उनी सफल भए । संघीय लोकतान्त्रिक गणतन्त्र र संघीय व्यवस्थाप्रति आफ्नो प्रतिबद्धता दोहोर्‍याउँदै आफूलाई लिएर फैलाइएका आशंकालाई प्रस्ट पारे ।

साम्प्रदायिक तनाव नियन्त्रणमा सुरक्षा निकायको सक्रियता त रह्यो नै । त्यससँगै राजनीतिक तहमा देखिएको सहकार्यले पनि परिस्थिति सामान्य बनाउन महत्त्वपूर्ण भूमिका खेलेको विश्लेषकहरू बताउँछन् । संकटमा पर्दा एक ठाउँमा आउने विशेषता नेपालमा विशेष रहेको पूर्वराजनीतिज्ञ तथा कूटनीतिज्ञ नीलाम्बर आचार्य बताउँछन् । '२००७ देखि नै यस्तो देखिँदै आएको छ,' उनले भने, 'हाम्रो राजनीतिक संस्कार सहिष्णुताको छ । संवाद, अन्तरक्रिया र सहकार्य गर्ने खालको छ ।'

दक्षिण एसियाका अन्य देशहरूको तुलनामा सत्ता र प्रतिपक्षबीच वा सर्वपक्षीय सहकार्यको संस्कृतिको उत्तम अभ्यास नेपालमा रहेको उनले बताए । यस पटक पनि सत्तारूढ दल रास्वपा सभापति लामिछानेले त्यो संस्कार र संस्कृतिलाई अगाडि बढाएर सह्रानीय काम गरेको आचार्य बताउँछन् । 'पुरानो संस्कृतिलाई नयाँले निरन्तरता दिन खोजेका छन् । सत्तारूढ दलले बोलायो, त्यो आफैंमा राम्रो भयो, अनेक विमतिलाई थाती राखेर विपक्षी दलहरू त्यहाँ सहभागी भए, त्यो पनि प्रशंसनीय छ,' उनले भने, 'यसको नेतृत्व प्रधानमन्त्रीबाट हुनुपर्छ । त्यसमा ढिलाइ भएको हो । सुस्त-सुस्त उहाँ पनि सक्रिय हुनुभएको छ । त्यो सकारात्मक हो । यो दिशामा उहाँको सक्रियता निरन्तर रहनुपर्छ ।'

२०६२ को १२ बुँदे समझदारीदेखि शान्ति प्रक्रिया, संविधान निर्माण, २०७२ को भूकम्प, सीमा विवाद, कोभिड महामारी र व्यवस्थामाथि चुनौती देखिएका विभिन्न कालखण्डमा पनि राजनीतिक दलहरूले सत्ता-प्रतिपक्षको सीमाभन्दा माथि उठेर यस्तै सामाजिक एकता र राष्ट्रिय हितलाई प्राथमिकतामा राखेका थिए । त्यसको सबैभन्दा महत्त्वपूर्ण उदाहरण ७ मंसिर २०६२ को दिल्लीमा भएको १२ बुँदे समझदारी हो । १९ माघ २०६१ बाट राजा ज्ञानेन्द्रले प्रत्यक्ष शासन सत्ता आफ्नो हातमा लिए । त्यसविरुद्ध सात दलको मोर्चाबन्दी भएको थियो । कांग्रेस, एमाले, कांग्रेस (प्रजातान्त्रिक), जनमोर्चा नेपाल, नेमकिपा, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) र संयुक्त वाममोर्चा एक ठाउँमा आए । सडक आन्दोलनसँगै सशस्त्र द्वन्द्वरत माओवादीलाई शान्ति प्रक्रियामा ल्याउन सात दलको मोर्चाले भूमिका खेल्यो । त्यतिबेला तत्कालीन सात राजनीतिक दल एकातिर थिए भने नेकपा (माओवादी) सशस्त्र विद्रोहमा थियो ।

राजतन्त्रसँग लडिरहेका संसदीय दल र राज्यसँग युद्ध गरिरहेको माओवादीबीच सहकार्य सम्भव छैन भन्ने आमधारणा थियो । तर दिल्लीमा भएको १२ बुँदे समझदारीले त्यो धारणा उल्टाइदियो । लोकतन्त्र पुनःस्थापना र निरंकुश राजतन्त्रको अन्त्यलाई साझा लक्ष्य बनाउँदै तत्कालीन सात राजनीतिक दल र त्यतिबेलाको विद्रोही माओवादी एउटै मोर्चामा उभिए । त्यही सहमतिले २०६२/६३ को जनआन्दोलनको आधार तयार पारेको थियो । लाखौं नागरिक सडकमा उत्रिए । तत्कालीन राजा ज्ञानेन्द्र शाह प्रत्यक्ष शासनबाट पछि हट्न बाध्य भए । संसद् पुनःस्थापना भयो । त्यसपछि विस्तृत शान्ति सम्झौता भयो । २०६२/६३ देखि सत्ता, विपक्षी मात्रै होइन, संसद्मा रहेका वा नरहेका दलहरूबीच साझा मत बनाउने प्रयास सुरु भए ।

त्यसअघि २०४६ मा पञ्चायती व्यवस्थाविरुद्ध नेपाली कांग्रेस र तत्कालीन संयुक्त वाममोर्चाले साझा आन्दोलन गरेका थिए । वैचारिक रूपमा फरक भए पनि बहुदलीय व्यवस्थाका लागि उनीहरू एकजुट भएर लडेका थिए । पञ्चायती व्यवस्थाको अन्त्य भएर बहुदलीय व्यवस्था पुनःस्थापना भयो । कांग्रेस र वाममोर्चा सहभागी भएर अन्तरिम सरकार बन्यो । २०४७ को संविधान जारी गरियो । र, २०४८ मा आमचुनाव भयो ।

आमचुनावमा भने कांग्रेस र कम्युनिस्ट चुनावी प्रतिस्पर्धामा उत्रिएका थिए । २०४८ देखि २०५९ सम्म १० वर्षको अवधिमा उनीहरू चुनाव तथा सत्ताको प्रतिस्पर्धामा रहे । पञ्चायतविरुद्धको आन्दोलनमा दमन गरेका पञ्चायतकालीन नेताहरूलाई पनि राजनीति गर्ने बराबरी अवसर प्रजातन्त्रले दिएको थियो ।

२०६५ मा पहिलो संविधानसभा गठन भयो । सरकार र माओवादीबीचको शान्ति सम्झौतादेखि १५ जेठ २०६५ मा गणतन्त्र घोषणा हुँदा दलहरू एकै ठाउँमा उभिए । यही संविधानसभाले संघीयताको स्वरूप, शासकीय प्रणाली, निर्वाचन प्रणाली, न्यायपालिका, राज्य पुनःसंरचना, धर्मनिरपेक्षता लगायतका विषयमा दलहरूबीच गहिरो मतभेद बढायो । दुई वर्षभित्र संविधान दिने प्रतिबद्धता गरिएको थियो । तर समयसीमा सकियो । फेरि थपियो । फेरि सकियो । यसरी पटक-पटक म्याद थप्दा संविधानसभाको आयु पाँच वर्ष पुग्यो । तर संविधान तयार भएन । राजनीतिक अविश्वास यति बढ्यो कि, अन्ततः पहिलो संविधानसभा नै भंग भयो । १४ जेठ २०६९ मा संविधानसभा विघटन भयो । देश फेरि एक पटक गम्भीर संवैधानिक संकटमा फस्यो ।

त्यो समय संविधान निर्माण प्रक्रिया नै समाप्त हुने हो कि भन्ने खतरा नै उत्पन्न भएको थियो । अर्को निर्वाचन कसले गराउने ? सरकार कसको नेतृत्वमा बन्ने ? नयाँ संविधानसभामा कसरी जानेजस्ता प्रश्नहरू पेचिलो बनेको थियो । राजनीतिक दलहरूले लामो छलफलपछि तत्कालीन प्रधानन्यायाधीश खिलराज रेग्मीको नेतृत्वमा मन्त्रिपरिषद् गठन गर्ने सहमति गरे । संसदीय लोकतन्त्रमा न्यायपालिका प्रमुखलाई कार्यपालिकाको नेतृत्वसमेत दिने दुर्लभ घटना भयो । आलोचना पनि भयो । तर दलहरूले संविधान निर्माणका खातिर त्यसलाई सामूहिक रूपमा स्विकारे र निर्वाचनमा गए ।

त्यही सहमतिका आधारमा २०७० मा दोस्रो संविधानसभा निर्वाचन भयो । संविधान निर्माणको यात्रा फेरि सुरु भयो । संविधानसभाभित्र कांग्रेस पहिलो दल बन्यो, एमाले दोस्रो र एकीकृत नेकपा (माओवादी) तेस्रो शक्ति बन्यो । सुशील कोइरालाको नेतृत्वमा सरकार गठन भयो । तर सरकार बनेसँगै संविधान बन्ने वातावरण सहज थिएन । संघीय संरचनाको सीमांकन, शासकीय स्वरूप न्याय प्रणालीजस्ता विषयमा गम्भीर मतभेद कायम थिए । संविधानसभाभित्र चर्का बहस चलिरहेका बेला १२ वैशाख २०७२ मा महाभूकम्प गयो । महाभूकम्पका बेला सबै राजनीतिक दल एक ठाउँमा आएर सरकारलाई साथ दिए । त्यसबेला राहत तथा उद्धार कार्यमा सबै दल एक ठाउँमा आए । यथाशक्य छिटो संविधान ल्याउन अग्रसर भए ।



> दक्षिण एसियाका अन्य देशहरूको तुलनामा सत्ता र प्रतिपक्षबीच वा सर्वपक्षीय सहकार्यको संस्कृतिको उत्तम अभ्यास नेपालमा छ
>
> **नीलाम्बर आचार्य**
> पूर्वराजदूत

संकटको त्यो घडीमा देशलाई स्थायी राजनीतिक आधार चाहिन्छ भन्ने ठाउँमा दल पुगे र संविधान निर्माणले पनि गति लिन थाल्यो । त्यसैको परिणामस्वरूप २५ जेठ २०७२ मा कांग्रेस, एमाले, एमाओवादी (हाल नेकपा) र मधेशी जनअधिकार फोरम (लोकतान्त्रिक) बीच १६ बुँदे राजनीतिक सहमति भयो । संविधान निर्माणका मुख्य विवाद समाधान गर्ने आधार त्यही विन्दुबाट सुरु भयो ।

३ असोज २०७२ मा संविधान जारी भएपछि भारतद्वारा लगाइएको ६ महिना लामो नाकाबन्दीको सामना गर्न पनि दलहरू एक ठाउँमा रहे । संविधानमा असन्तुष्टि जनाउँदै आन्दोलनमा रहेका मधेशवादी दलको माग सम्बोधन गर्न ९ माघ २०७२ मा पहिलो संविधान संशोधन गर्न पनि कांग्रेस, एमाले, माओवादीसहितका दल साथमा रहे । संविधान जारी भएपछि संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न उत्तिकै चुनौतीपूर्ण थियो ।

२०७४ मा स्थानीय तह, प्रदेश र प्रतिनिधिसभाको निर्वाचनमा प्रतिस्पर्धी रहे पनि चुनावलाई सफल बनाउन कांग्रेस, एमाले, माओवादी, मधेशवादीसहितका दलहरू सक्रिय रहे । भारतले अतिक्रमण गरेको कालापानी, लिपुलेक र लिम्पियाधुरालगायत क्षेत्र समेटिएको भूमिलाई नेपाली नक्सामा समेट्न संविधान संशोधन गर्न पनि दलहरूले अभूतपूर्व एकता प्रदर्शन गरे । ३१ जेठ २०७७ मा सिंगो प्रतिनिधिसभाले संविधान संशोधनको पक्षमा मतदान गरेको थियो । २७५ सदस्यीय प्रतिनिधिसभामा संविधान संशोधनको पक्षमा २५८ मत खसेको थियो । विपक्षमा कुनै पनि मत परेको थिएन । त्यही वर्ष विश्वव्यापी रूपमा फैलिएको कोभिड महामारीको सामना गर्न सरकारलाई साथ दिन अन्य राजनीतिक दलहरू पनि साथै उभिएका थिए ।

राजतन्त्र पुनःस्थापनाको एजेन्डा बोकेर भएका आन्दोलन, दुर्गा प्रसाईं समूहका प्रदर्शन, पूर्वराजा ज्ञानेन्द्र शाहको बढ्दो राजनीतिक सक्रियता वा गणतन्त्रमाथि प्रश्न उठाउने अभियानका क्रममा कांग्रेस, एमाले, माओवादी केन्द्रलगायत प्रमुख दलहरूले सार्वजनिक रूपमा एउटै सन्देश दिएका थिए- संविधान र संघीय लोकतान्त्रिक गणतन्त्रको रक्षा सबैको साझा जिम्मेवारी हो ।

दलहरूबीच सरकार गठन, सत्ता साझेदारी, नियुक्ति, नीति र नेतृत्वका विषयमा गम्भीर मतभेद भए पनि संविधान र व्यवस्थाको रक्षाका सवालमा उनीहरू एउटै धारमा उभिने गरेका छन् । यही कारण राजनीतिक प्रतिस्पर्धा तीव्र भइरहेका बेला पनि व्यवस्थाविरोधी चुनौतीलाई उनीहरूले साझा रूपमा प्रतिवाद गरेका छन् ।

२३ र २४ भदौ २०८२ मा भएको जेन-जी विद्रोहपछि पुराना राजनीतिक दलहरू कमजोर स्थिति पुगेका थिए । एमाले र कांग्रेसको संयुक्त सरकार ढलेको थियो । एमाले, कांग्रेस, माओवादी वा मधेशवादी दलका कार्यालय तथा नेताका घरमा आगजनी गरिएको थियो । उनीहरू कमजोर र असुरक्षित स्थितिमा थिए । तत्कालीन चुनावी सरकारका प्रधानमन्त्री सुशीला कार्कीको नियुक्तिलाई उनीहरूले असंवैधानिक भन्दै आएका थिए । तर, मुलुकलाई संविधानको लिकमा ल्याउन २१ फागुनको घोषित चुनाव हुनुपर्नेमा दलहरू प्रतिबद्ध देखिए । तत्कालीन प्रधानमन्त्री कार्कीले वा निर्वाचन आयोगले बोलाएका बैठकहरूमा सहभागी भएर चुनावी तयारीलाई सघाए । सबै राजनीतिक दलहरूले चुनावमा सहभागिता जनाए ।

राजनीतिक विश्लेषक भाष्कर गौतम हरेक राजनीतिक द्वन्द्वलाई संवादबाट समाधान गर्दै मुलुक चुनावको बाटोबाट अगाडि बढ्दै आएको बताउँछन् । संवादबाट द्वन्द्वको समाधान खोज्ने अभ्यास र राजनीतिक चरित्र २०६३ यता अलि बढी देखिएको उनले बताए । 'गत वर्ष भएको युवा विद्रोहले पुराना राजनीतिक दल र नेतामा डर तथा अविश्वासको वातावरण थियो,' उनले भने, 'संशय हुँदाहुँदै पनि सबैले चुनावलाई स्विकारे । सबैले स्वामित्व लिएकाले चुनाव सफल भयो ।' राजनीतिक होस् वा प्राकृतिक संकट, त्यस्तो बेलामा दलहरू एक ठाउँमा आउने अत्यन्तै राम्रो राजनीतिक संस्कार नेपालमा रहेको उनले उल्लेख गरे ।

'धेरै देशमा यस्तो देखिँदैन । वालेन्द्र शाह नेतृत्वको सरकार ठोस किसिमको संवाद र सहकार्यबाट टाढा थियो । संकटले अवसर जुटाएको छ । सरकारले विश्वास आर्जन गर्ने मौका पाएको छ,' उनले भने । हिजोका राम्रा अभ्यासलाई थप संस्थागत उचाइ दिने भूमिका सरकारले निर्वाह गर्नुपर्नेमा पनि गौतमले जोड दिए ।

## तिब्बती शरणार्थीका नाममा यात्रा अनुमति प्रकरण

# १७ वर्षपछि परराष्ट्रका सहसचिव भट्टराईमाथि राहदानी कसुरमा मुद्दा

**मातृका दाहाल** र **दुर्गा दुलाल** (काठमाडौं)

पाँच तिब्बती शरणार्थीले २०६६ मा नेपालको परराष्ट्र मन्त्रालयबाट जारी भएको 'ट्राभल डकुमेन्ट' सहित काठमाडौंस्थित जर्मन दूतावासमा भिसा आवेदन दिए । उनीहरूले आफूहरू हालै तिब्बतबाट आएको शरणार्थी भएको दाबी गर्दै जर्मनीमा शरण प्राप्त गरिसकेका आफ्ना आफन्तसँग 'पुनर्मिलन' का लागि भन्दै भिसा मागेका थिए ।

दूतावासका अधिकारीहरूलाई एउटा विषय खट्कियो- हालै मात्र नेपाल आइपुगेको दाबी गरेका ती शरणार्थीले यति छिटो कसरी ट्राभल डकुमेन्ट प्राप्त गरे ? यही शंकाबाट सुरु भएको अनुसन्धानले ट्राभल डकुमेन्ट जारीमा अनियमितता, परराष्ट्र मन्त्रालयभित्रको सम्भावित मिलेमतो, हराएका ट्राभल डकुमेन्ट तथा डेढ दशकभन्दा बढी समयसम्म टुंगोमा नपुगेको एउटा मुद्दाको पर्दाफास गर्‍यो ।

राहदानी कसुरमा सोमबार दर्ता गरिएको यो मुद्दा नेपालमा शरणार्थीका रूपमा दर्ता नभएका व्यक्तिलाई ट्राभल डकुमेन्ट उपलब्ध गराइयो भन्ने विषयमा केन्द्रित छ । अनुसन्धान र अभियोजन (प्रहरी र सरकारी वकिल) कर्ताहरूका अनुसार भारतस्थित तिब्बती शरणार्थी क्याम्पहरूसँग सम्बन्ध रहेका पाँच तिब्बतीलाई ट्राभल डकुमेन्ट उपलब्ध गराउन नेपालमा बस्ने शरणार्थीका रूपमा देखाइएको थियो । तर १७ वर्षअघि नै सम्बन्धित निकायमा पुगेको यो विषय हाल मात्रै अदालतसम्म किन पुग्यो भन्ने प्रश्न छ ।

अनियमितताको केन्द्रमा परराष्ट्रका सहसचिव पुष्पराज भट्टराई छन् । उनी हाल परराष्ट्र मन्त्रालयको 'श्रम आप्रवास तथा डायस्पोरा समन्वय महाशाखा' प्रमुख छन् । अनुसन्धानकर्ताहरूका अनुसार त्यस बेला राहदानी विभागमा शाखा अधिकृत रहेका भट्टराईले भारतीय शरणार्थी शिविरका पाँच तिब्बतीले पेस गरेको झूटो विवरणका कागजातका आधारमा ट्राभल डकुमेन्ट जारी गरेका थिए ।

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को अनुसन्धानका आधारमा जिल्ला सरकारी वकिल कार्यालय काठमाडौंले भट्टराईविरुद्ध कैद र जरिवाना दाबी गर्दै राहदानीसम्बन्धी फौजदारी मुद्दा सोमबार जिल्ला अदालतमा दायर गरेको छ । भट्टराईले भने आफूले कुनै गैरकानुनी काम नगरेको दाबी गरेका छन् । कागजात कसरी तयार भयो भन्नेबारे आफूलाई जानकारी नभएको र आफ्नो हस्ताक्षर दुरुपयोग भएको हुन सक्ने जिकिर उनले गरेका छन् ।

अभियोगपत्रअनुसार भट्टराई र अन्य व्यक्तिले पारिवारिक पुनर्मिलनको बहानामा तिब्बती शरणार्थीलाई जर्मनी पठाउन 'गैरकानुनी रूपमा ट्राभल डकुमेन्ट जारी गरेका' थिए । भट्टराईविरुद्ध राहदानी ऐन, २०७६ र साविकको राहदानी ऐन, २०२४ विरुद्ध कसुर गरेको अभियोगमा सजाय हुनुपर्ने मागदाबी गरिएको छ । राहदानी ऐन २०२४ को दफा ५ मा 'झूटा बयान वा विवरण दिई राहदानी प्राप्त गरे वा प्राप्त गर्न प्रयत्न गरे, विदेश भ्रमण गरे वा प्रयत्न गरे, आफ्ना नाउँको राहदानी अरूलाई प्रयोग गर्न दिए' १ वर्षसम्म कैद वा ५ सय रुपैयाँसम्म जरिवाना वा दुवै सजायको व्यवस्था छ ।

संशोधित राहदानी ऐन, २०७६ को दफा २१ मा झूटा विवरण दिई राहदानी वा यात्रा अनुमतिपत्र लिए वा लिन प्रयत्न गरे त्यस्तो कसुर गर्नेलाई २ लाख रुपैयाँदेखि ५ लाख रुपैयाँसम्म जरिवाना वा १ वर्षदेखि ३ वर्षसम्म कैद सजाय वा दुवै सजाय हुने व्यवस्था छ । सोही कसुरमा परराष्ट्र मन्त्रालयकै तत्कालीन नासु बच्चुराम केसी पनि संलग्न रहेको खुलेको थियो । त्यसबेला स्टोर शाखामा कार्यरत केसीको ३ भदौ २०७६ मा मृत्यु भइसकेको कारण देखाएर सरकारी वकिल कार्यालयले उनीविरुद्ध मुद्दा नचल्ने निर्णय गरेको छ ।

> भट्टराईविरुद्ध राहदानी ऐन, २०७६ र साविकको राहदानी ऐन, २०२४ बमोजिम कैद तथा जरिवाना मागदाबी, भ्रष्टाचारमा पनि अनुसन्धान गर्न अख्तियारलाई पत्र

नेपाल सरकारबाट स्वीकृति प्राप्त गरी नेपालमा रहेका शरणार्थी विदेश भ्रमण जान गृह मन्त्रालयको सिफारिससहित निवेदन दिए यात्रा अनुमतिपत्र जारी गर्न सक्ने भए पनि भारतीय क्याम्पमा रहेका शरणार्थीलाई फर्जी कागजातका आधारमा अनुमतिपत्र जारी गरिएको तथ्य पुष्टि भएको अभियोगपत्रमा उल्लेख छ । प्रहरी अनुसन्धानमा तत्कालीन अधिकृत भट्टराईले फर्जी कागजातका आधारमा ट्राभल डकुमेन्ट 'ए-०२६५१८' वाहक तेन्जिन नाम्ग्याल चुङतोङसाङ, 'ए-०२६५२३' वाहक तेन्जिन तेन्धर चुङतोङसाङ, 'ए-०२६२२५' वाहक पेन्टसोग गोङ्दा साङ, 'ए-०२६२२६' वाहक चिमे गोङ्दा साङ र 'ए-०२६२२७' वाहक गावाङ गोङ्दा साङका नाममा जारी यात्रा अनुमतिपत्र जारी गरेको तथ्य खुलेको थियो ।

मुद्दामा ट्राभल डकुमेन्ट रद्द गर्न पनि मागदाबी लिइएको छ । यी डकुमेन्ट राहदानी विभागबाट २० र ३० साउन २०६६ मा जारी गरिएका थिए । फर्जी कागजातबाट यात्रा अनुमतिपत्र जारी हुँदा माधवकुमार नेपाल प्रधानमन्त्री, सुजाता कोइराला परराष्ट्रमन्त्री र ज्ञानचन्द्र आचार्य परराष्ट्र सचिव थिए ।

भिसा आवेदन परेपछि काठमाडौंस्थित जर्मन दूतावासले ट्राभल डकुमेन्टमा प्रश्न उठाएको थियो । दूतावासकी कन्सुलर एन्ड्रिया आर्स्लानले यसबारे अनुसन्धान गरिदिन परराष्ट्रलाई २० चैत २०६६ मा पत्र पठाएकी थिइन् । परराष्ट्रले अनुसन्धानका लागि २८ असार २०६८ मा प्रहरी प्रधान कार्यालय हुँदै सीआईबीमा पत्र पठाएको थियो । अनुसन्धानमा संलग्न अधिकारीहरूका अनुसार तेन्जिन नाम्ग्याल चुङतोङसाङ र तेन्जिन तेन्धर चुङतोङसाङले १८ नोभेम्बर २००९ (३ मंसिर २०६६) मा पारिवारिक पुनर्मिलन (फेमिली रियुनिफिकेसन) भिसाका लागि आवेदन दिएका थिए । त्यसपछि गोङ्दा साङ परिवारका पेन्टसोग गोङ्दा साङ, चिमे गोङ्दा साङ र गावाङ गोङ्दा साङले २३ डिसेम्बर २००९ (८ पुस २०६६) मा आवेदन दिएका थिए ।

दुवै परिवारले आफूहरू हालै तिब्बतबाट आएका तिब्बती शरणार्थी भएको र यसअघि जर्मनी पुगेर शरण प्राप्त गरिसकेका आफन्तसँग पुनर्मिलन गर्न चाहेको बताएका थिए । जर्मनीमा रहेका आफन्त भनिएका व्यक्तिहरूसँग उनीहरूको पारिवारिक सम्बन्ध रहेको डीएनए परीक्षणमार्फत पुष्टि भएको थियो । तर दूतावासका अधिकारीहरूले उनीहरूले प्रस्तुत गरेको शरणार्थी हैसियत र बसोबाससम्बन्धी विवरण आधिकारिक अभिलेखसँग मेल खान्छ कि खाँदैन भन्नेमा प्रश्न उठाए ।

अनुसन्धानका क्रममा गोङ्दा साङ परिवार सन् १९८१ देखि भारतको देहरादूनस्थित डेक्यिलिङ तिब्बती बस्तीमा दर्ता रहेको पुष्टि भयो । चुङतोङसाङ परिवारको पनि भारतस्थित तिब्बती शरणार्थी समुदायसँग सम्बन्ध रहेको पाइएको थियो । दूतावासले भारत र नेपालबीचको 'जेन्टलमेन्स अग्रिमेन्ट' (भद्र सहमति) अन्तर्गत अपनाइने प्रक्रिया पनि किन पालन नगरिएको भन्ने प्रश्न उठायो । तिब्बती शरणार्थीहरू सामान्यतया संयुक्त राष्ट्रसंघीय शरणार्थीसम्बन्धी उच्चायुक्त (यूएनएचसीआर) को सहयोगमा भारतको धर्मशालामार्फत अगाडि बढ्ने भद्र सहमति थियो ।

तिब्बती शरणार्थीले दूतावासमा पेस गरेको ट्राभल डकुमेन्ट नेपाल सरकारबाटै जारी भएको पुष्टि भएको थियो । तर दूतावासले अध्यागमन विभागसँग थप विवरण माग्दा ती कागजात तयार गर्न आवश्यक पर्ने सिफारिस उपलब्ध नगराइएको जानकारी प्राप्त भएको थियो । यसबारे दूतावासले सोधपुछ गर्दा आवेदकहरूले एउटा ट्राभल डकुमेन्ट प्राप्त गर्न परराष्ट्रमा ४ लाख र विमानस्थलबाट प्रस्थान गर्न थप त्यति नै रकम बुझाउने गरेको खुलाएका थिए ।




सम्पादकीय

# भान्साले खोजिरहेछ सरकार

पार्टी, राजनीति, सरकार वा राज्यका सबै अंग-अवयवको मुख्य लक्ष्य नागरिकको जीवनलाई सहज, इज्जतिलो र गुणस्तरीय बनाउनु हो । तर नागरिकको दैनिकी अनेकौं अप्ठ्यारोबाट व्यतित भइरहने, राजनीतिको प्राथमिकता भने त्यसभन्दा अन्यत्रै केन्द्रित हुने पुरानै प्रवृत्ति कायम छ । यतिबेला महँगीले नेपालीको भान्सा कष्टकर बनेको छ । बेरोजगारीबाट पिल्सिएका र न्यून वा अनियमित आम्दानीबाट जीवन चलाइरहेका परिवारलाई महँगीले बढी पिरोलेको छ । यो कुनै एउटा सहर, समुदाय वा क्षेत्रको समस्या होइन, सम्पूर्ण नेपाली परिवारको समस्या हो । यद्यपि, राजनीतिको केन्द्रमा यो विषय परेको पाइँदैन । यसमा सरकारले कुनै विशेष पहल गरेको देखिँदैन । राजनीतिक दलहरूले पनि आन्तरिक बैठक, संसद् वा सडकबाट यस मुद्दालाई प्राथमिकता दिएको पाइँदैन । जसकारण अप्ठ्यारो समयमा नागरिक निरीह भएका छन् । यसर्थ, सरकार, राजनीतिक दल तथा उपभोक्ताको नेतृत्व गर्ने संस्थाहरूले महँगीको सकसबाट नागरिकलाई बचाउनका लागि पहलकदमी लिनुपर्छ । मुख्यतः यतिबेला नेपालीको भान्साले सरकारतर्फ हेरिरहेको छ, तसर्थ उसको सक्रियता अपरिहार्य छ ।

विभिन्न वस्तु तथा खाद्य वस्तुको मूल्य बढ्नुमा विभिन्न कारण देखाउने गरिएको छ । जस्तो कि, बर्ड फ्लुका कारण अन्डा दिने १२ लाख कुखुरा नष्ट भएकाले अहिले अन्डाको उत्पादन नै घटेको भन्दै मूल्य बढाइएको छ । त्यस्तै, भारतबाट खरिद गरिने धानको मूल्य नै निरन्तर बढिरहेको भन्दै नेपालमा चामलको मूल्य पनि बढाइएको छ । बर्खायाममा उत्पादनदेखि ढुवानीसम्म असर पर्ने भएकाले हरेक वर्ष जस्तै यस वर्ष पनि तरकारीको मूल्य बढेको भनिएको छ । अन्तर्राष्ट्रिय बजारमा कच्चा तेलको मूल्यवृद्धि, डलरको भाउ र ढुवानी भाडा बढेको लगायतका कारण नेपाली बजारमा पनि तेलको मूल्य बढेको बताइन्छ । सार्वजनिक रूपमा बताइने यस्ता तर्कलाई नपत्याउनुपर्ने कारण हुँदैन । सर्वसाधारणसँग त्यस्ता तर्कको वास्तविकता परीक्षण गर्ने साधनस्रोत पनि हुँदैन । मूल्यवृद्धिका जायज कारण नै भए पनि नागरिकलाई त्यसको अधिक प्रभावबाट बचाउनु सरकारको जिम्मेवारी हो । सरकारलाई यस विषयमा ध्यान केन्द्रित गर्न बाध्य तुल्याउनु राजनीतिक दल र सरोकारवाला संस्थाहरूको दायित्व हो ।

दैनिक उपभोग्य र अनिवार्य वस्तुको मूल्य बढेपछि उपभोक्ताको ठूलो ऊर्जा त्यसको व्यवस्थापनमै खर्च हुन्छ । अहिले बजारमा खाना पकाउने ग्यासको अभाव छ । धेरैलाई त्यसको प्राप्तिको अनिश्चितताले पिरोलेको छ । लाइन बस्नुपरेको छ । भनसुन गर्नुपरेको छ । यस्ता काममा अल्झिनुपर्दा उसको मूल काम बिथोलिन्छ । अर्कोतर्फ, औसत परिवार सीमित आम्दानीबाट चलिरहेका हुन्छन् । कतिपयको आम्दानीको दिगो आधार हुँदैन । यसरी सधैं आर्थिक दबाब झेलिरहेका परिवारले अति आवश्यक वस्तुमा भएको मूल्यवृद्धि बेहोर्न कठिन हुन्छ । सहरी क्षेत्रमा खाना पकाउने ग्यास, खाद्यान्न तथा तरकारी जस्ता वस्तु नियमित आवश्यकता हुन् । मूल्यवृद्धि नभएकै बेलामा पनि जुटाउन कठिन पर्ने वस्तु मूल्यवृद्धिपछि जुटाउन झनै कठिन हुन्छ । साथै, यस्ता वस्तुमा अनिवार्य खर्च गर्नुपर्दा बालबालिकाको शिक्षा, राम्रो स्वास्थ्य उपचार, परिवारका सदस्यका अतिरिक्त रहर, घुमफिर, विलासिताका वस्तुमा हुने खर्च कटौती गर्नुपर्छ । यसले परिवारकै आत्मविश्वास र आत्मसम्मान कमजोर बनाउँछ नै, बजारलाई पनि अपेक्षित चलायमान हुन दिँदैन ।

मूल्यवृद्धिका प्राकृतिक र कृत्रिम कारण हुन्छन् । उत्पादनदेखि उपभोगसम्मको कुनै प्रक्रियामा अनियमित अवस्था सिर्जना हुँदा मूल्यवृद्धि हुन सक्छ । विभिन्न देशबाट भित्रिने वा स्वदेशमै उत्पादन हुने वस्तुमा त्यस्तो हुन सक्छ । जस्तो कि, पेट्रोलियम पदार्थको मूल्य । अर्कोतर्फ, मागको अवस्थालाई हेरेर वा आकलन गरेर कृत्रिम अभाव सिर्जना गर्ने र बढी मूल्य लिएर बेच्ने प्रवृत्ति पनि पाइन्छ । दसैं तथा तिहार जस्ता चाडपर्वका बेलामा तेल वा चिनीमा अक्सर त्यस्तै हुने गरेको छ । कारण जेसुकै भए पनि उपभोक्तालाई एक्लै महँगीसँग लड्न छोडिदिनु हुँदैन । त्यहाँ राज्यको उपस्थिति चाहिन्छ । नियमन र निगरानीलाई बलियो बनाउने, वस्तुको मूल्यको वैज्ञानिक आधार तयार गर्ने, उपभोक्ताले सहज र सुलभ दरमा वस्तु पाऊन् भन्नका लागि सहुलियत पसललाई प्रोत्साहन गर्ने नीति लिनुपर्छ । कृत्रिम अभाव र मूल्यवृद्धिमा संलग्नहरूलाई भने कानुनबमोजिम कारबाही गर्नुपर्छ । निगरानीका लागि प्रभावकारी संयन्त्र विकास गर्ने, निगरानीलाई नियमित गर्ने र दोषीमाथि कारबाही हुने सुनिश्चितता हुने हो भने पनि कृत्रिम अभाव र मूल्यवृद्धिका लागि व्यापारी/व्यवसायी निरुत्साहित हुन सक्छन् ।

हामीकहाँ मूल्यवृद्धि हुनुको कारण अन्य देशमा उत्पादन हुने वस्तुप्रतिको बढ्दो निर्भरता पनि एक हो । अन्तरनिर्भरता पूर्ण रूपमा अन्त्य गर्न सकिँदैन । तर आयात प्रतिस्थापन गर्न सकिने वस्तुको उत्पादन र उपभोगलाई प्राथमिकता दिइनुपर्छ । पेट्रोलियम पदार्थ तथा खाना पकाउने ग्यासलाई धेरै हदसम्म नेपालको विद्युत्ले प्रतिस्थापन गर्न सक्छ । त्यसैले यसको उपयोग बढाउन अत्यन्तै न्यून मूल्य कायम गर्न सकिन्छ । तर सरकारले चालु आर्थिक वर्षदेखि बिजुलीमा घरायसीमा ५० युनिटभन्दा माथि खपत गरे ५ प्रतिशत र घरायसीबाहेकलाई १३ प्रतिशत भ्याट लगाएको छ । यस्ता नीतिबाट सरकार पछि हट्नुपर्छ । त्यस्तै, हरेकजसो कृषि उत्पादनको नेपालमै प्रशस्त सम्भावना छ । यहाँ उत्पादन बढाउनका लागि सरकारले प्रोत्साहनका कार्यक्रम ल्याउनुपर्छ । कृषकलाई प्रोत्साहन गर्नुपर्छ, राहत दिनुपर्छ, छुट दिनुपर्छ । यसले आत्मनिर्भरता बढाउँछ नै, मूल्यवृद्धिको दबाब पनि कम गर्छ । रोजगारी-स्वरोजगारीको अवसर पनि बढाउँछ । बजारमा अभाव भएका वस्तुलाई उपभोक्ताले पनि अनावश्यक सञ्चिति गर्ने प्रवृत्ति हटाउनुपर्छ । त्यसले पनि सहज प्राप्ति र मूल्य स्थिरता कायम गर्न भूमिका खेल्छ ।

# अन्तर्दृष्टिपूर्ण कूटनीतिको समय



कटक मल्ल

(मल्ल स्टकहोम सेन्टर फर इन्टरनेसनल ल एन्ड जस्टिस, स्टकहोम युनिभर्सिटीका सिनियर फेलो हुन्)



गत चैतमा विदेशी राजदूतहरूसँग सामूहिक भेट गर्ने क्रममा प्रधानमन्त्री वालेन्द्र शाह । तस्बिर : प्रधानमन्त्रीको सचिवालय

चीन, भारत र अमेरिकाले नयाँ सरकारको दिशा बुझ्दै सम्बन्ध विकास गर्ने प्रयास गरिरहेका देखिन्छन् । नेपालमा यी तीनै शक्तिका फरक-फरक रणनीतिक हित भएकाले सरकारले आफ्नो सार्वभौमसत्ता र राष्ट्रिय हितलाई केन्द्रमा राखी सन्तुलित नीति अपनाउँदै कुनै एक शक्तिमा अत्यधिक निर्भर हुनबाट जोगिनुपर्छ ।

एक नागरिकको हैसियतले जब तपाईं आर्टिफिसियल इन्टेलिजेन्स निर्देशित अत्याधुनिक हतियारद्वारा इरानमाथि अन्धाधुन्ध अमेरिकी बमबारी, युक्रेनमाथि रुसको आक्रमण लगायत इजरायलीहरूको प्यालेस्टाइन (गाजा) र लेबनानमा विध्वंसात्मक हत्या र हिंसा देख्नुहुन्छ- के तपाईं युद्ध राजनीतिकै विस्तार हो भन्ने विचार गर्नुहुन्छ ? जब तपाईं अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले क्यानडालाई अमेरिकाको ५१ औं राज्य बनाउने वा ग्रिनल्यान्डलाई आफ्नो नियन्त्रणमा लिने अभिव्यक्ति दिएको देख्नुहुन्छ, के तपाईं राज्यहरूको सार्वभौम समानता र स्वतन्त्रताको अर्थबारे सोच्नुहुन्छ ? भेनेजुएलाका राष्ट्रपतिको अपहरण गरेपछि कुनै कमजोर मुलुकले अमेरिकी साम्राज्यबाट सुरक्षित महसुस गर्छ ? अमेरिकाले युरोपेली संघ, चीन र भारतविरुद्ध छेडेको व्यापार युद्धका प्रभावबाट कुनै पनि देश सुरक्षित रहन सक्छ ? अन्त्यहीन युद्ध र नरसंहारलाई सामान्यीकृत गरिएको वर्तमान संसारमा यी गम्भीर प्रश्नका बारेमा कुनै पनि मानवीय समवेदना भएको व्यक्तिले सोच्नुपर्ने हुन्छ ।

समग्रमा, यी प्रश्नहरू केहीले भने जस्तो अन्तर्राष्ट्रिय नियम-कानुनको अन्त्य होइन, बरु अन्तर्राष्ट्रिय 'सभ्य-राज्य' समाजको अवधारणा मरणासन्न अवस्थामा पुगेको संकेत हो । किनभने अन्तर्राष्ट्रिय कानुनलाई मूलतः सभ्य राष्ट्रहरूको कानुनका रूपमा परिभाषित गरिन्छ । तसर्थ, शक्तिशाली राष्ट्रहरूले कमजोरमाथि आक्रमण र नियन्त्रण गर्ने यस्तो प्रवृत्ति र परिवेशमा साना तथा मध्यम-शक्ति राष्ट्रहरूले विवेकपूर्ण कूटनीति र बहुपक्षीय सहकार्यलाई आफ्नो प्रमुख रणनीति बनाउनुपर्छ । विशेषगरी, दुई शक्तिशाली र आपसमा विरोधी छिमेकीहरूका बीचमा अवस्थित नेपाल जस्तो देशका लागि, एक वा अरू कसैसँग सैन्य गठबन्धन व्यावहारिक रूपमा उपयोगी छैन । यसको सट्टा, भूराजनीतिको अन्तर्दृष्टिय (इन्ट्युटिभ) समझदारी किन आवश्यक छ भन्ने व्याख्या गर्नु समसामयिक देखिन्छ । अर्थात्, अन्तर्दृष्टिलाई कूटनीतिसँग जोड्नु सान्दर्भिक हुन्छ ।

'अन्तर्दृष्टिपूर्ण कूटनीति' कुनै सिद्धान्त होइन । अन्तर्राष्ट्रिय सम्बन्धका अमेरिकी ज्ञाता जोसेफ नाइले आफ्नो पुस्तक (स्मार्ट पावर: ग्रेट लिडर्स नो हवेन हार्ड पावर इज नट इनफ, सन् २००८) मा 'हार्ड पावर' (कठोर शक्ति-सैन्य-आर्थिक), 'स्मार्ट पावर' (तीक्ष्ण-शक्ति) र 'सफ्ट पावर' (नरम शक्ति-कूटनीति, संस्कृति र आकर्षणमार्फत प्रभाव पार्ने क्षमता) भनी व्याख्या गरेका अवधारणाहरूसँग अन्तर्दृष्टि कूटनीति जोड्न सकिन्छ । नाइका अनुसार, परराष्ट्र नीतिका लक्ष्यहरू पूरा गर्न 'नरम शक्ति' को 'तीक्ष्ण-प्रयोजन' भन्ने बुझिन्छ । यसका अतिरिक्त, मोन्टेनेग्रोका कूटनीतिज्ञ भेस्को गार्चेभिचले (द पाल्ग्रेभ ह्यान्डबुक अफ डिप्लोम्याटिक रिफर्म एन्ड इनोभेसन २०२३, अध्याय- 'स्मल स्टेट्स: फ्रम इन्ट्युटिभ टु स्मार्ट डिप्लोमेसी') साना राष्ट्रहरूले सीमित स्रोत-साधनहरूको प्रभावकारी प्रयोग गर्दा 'स्मार्ट डिप्लोमेसी' मा जोड दिनुपर्छ, भन्छन् । अर्थात्, कूटनीतिक अन्तर्दृष्टिलगायत, संस्थागत क्षमता र स्रोतको प्रभावकारी प्रयोग गर्नुपर्छ । यो सल्लाह नेपालका लागि पनि सान्दर्भिक छ ।

अन्तर्दृष्टि कूटनीति फिनल्यान्डका प्रख्यात अन्तर्राष्ट्रिय कानुनविद् माटी कोस्केनिएमीको कानुनसम्बन्धी निर्णयको अवधारणाबाट प्रेरित हो भन्न सकिन्छ । कोस्केनिएमीका अनुसार कानुनी तर्क केवल औपचारिक नियमहरूको पालनामा मात्र सीमित हुँदैन, बरु यो अन्तर्राष्ट्रिय कानुनका अभ्यासकर्ताहरूको साझा बुझाइ, अनुभव र निर्णय क्षमतामा पनि आधारित हुन्छ (फ्रम एपोलोजी टु युटोपिया: द स्ट्रक्चर अफ इन्टरनेसनल लिगल आर्गुमेन्ट, २००५) । यसै आधारमा, कूटनीतिज्ञहरूले परिस्थितिको मूल्यांकन गर्ने, अर्को पक्षको मनसाय अनुमान गर्ने तथा अनिश्चित परिस्थितिमा उपयुक्त निर्णय लिन सक्ने क्षमतालाई जनाउँछ ।

### अन्तर्दृष्टि के हो, किन आवश्यक हुन्छ ?

एक प्रसिद्ध भनाइ छ- 'यदि कुनै कूटनीतिज्ञले 'हो' (एस) भन्छन् भने त्यसको अर्थ 'सायद' (प्रहप्स) हुन्छ ! 'सायद' भन्छन् भने त्यसको अर्थ 'होइन' (नो) भन्ने हुन्छ ! र, यदि 'होइन' (नो) भन्छन् भने उनी कूटनीतिज्ञ नै होइनन् ।' यो भनाइले कूटनीतिमा शब्दहरूभन्दा पनि संकेत, परिस्थिति र लुकेको आशय बुझ्नु महत्त्वपूर्ण हुन्छ भन्ने भनाइलाई व्यंग्यात्मक रूपमा बुझाउँछ । यसबाट अन्तर्दृष्टिपूर्ण कूटनीति के हो भन्ने स्पस्ट हुन्छ ।

अर्थात्, अन्तर्दृष्टिपूर्ण कूटनीतिको परिभाषित गर्दा केवल औपचारिक वार्ता र सम्झौतामा सीमित नभई अन्य राज्यहरूको उद्देश्य, मनसाय, शक्ति, परिस्थिति र सम्भावित व्यवहारलाई गहिरो रूपमा बुझेर उचित समयमा रणनीतिक निर्णय लिन सक्ने क्षमताका रूपमा बुझ्नुपर्ने हुन्छ । यसको अर्थ, नेतृत्वकर्ताले बदलिँदो राजनीतिक वास्तविकतालाई पहिचान गर्न, उपलब्ध सम्भावनाहरूको मूल्यांकन गर्न, इतिहासबाट सिक्न र आफ्नो तथा अन्य पक्षको क्षमता र सीमालाई बुझ्न आवश्यक हुन्छ ।

प्रसिद्ध प्राचीन चिनियाँ सैन्य रणनीतिकार, दार्शनिक तथा 'द आर्ट अफ वार' का लेखक सुन त्जुले भनेझैं 'आफ्नो प्रतिद्वन्द्वीलाई र आफूलाई राम्ररी चिनेमा सयौं संघर्षमा पनि पराजित हुनु पर्दैन ।' यस उद्धरणले राज्यहरूको मनसाय, उद्देश्य र सम्भावित व्यवहारलाई सही रूपमा बुझ्ने अन्तर्दृष्टिपूर्ण कूटनीतिक क्षमताको महत्त्वलाई स्पष्ट पार्छ । त्यस्तै प्रसिद्ध राजनीतिज्ञ, कूटनीतिज्ञ, अर्थशास्त्री कौटिल्य (चाणक्य) ले अर्थशास्त्रमा राज्यहरूको शक्ति, उद्देश्य, कमजोरी र मनसायलाई गहिरो रूपमा बुझेर मात्र कूटनीतिक निर्णय लिनुपर्नेमा जोड दिएका छन् । यो दृष्टिकोण अन्तर्दृष्टिपूर्ण कूटनीतिको मूल भावसँग मेल खान्छ ।

म्याकियाभेलीको भनाइमा 'सफल कूटनीतिका लागि पासोहरू चिन्न स्यालजत्तिकै चतुर र ब्वाँसाहरूलाई तर्साउन सिंहजत्तिकै शक्तिशाली हुनु आवश्यक हुन्छ ।' जर्मन राजनीतिज्ञ, कूटनीतिज्ञ तथा पहिलो चान्सलर ओटो भोन बिस्मार्कले अन्य राज्यहरूको उद्देश्य र शक्ति सन्तुलनलाई सूक्ष्म रूपमा बुझेर कूटनीतिमार्फत जर्मनीको एकीकरणमा नेतृत्व गरेका थिए ।

बिस्मार्कको स्वघोषित शिष्य हेन्री किसिन्जरसँग जोडिएको 'अमेरिकाको शत्रु हुनु खतरनाक हुन सक्छ, तर अमेरिकाको मित्र हुनु घातक हुन सक्छ' भन्ने उद्धरणले अन्तर्दृष्टिपूर्ण कूटनीतिको आवश्यकतालाई इंगित गर्छ । यस सन्दर्भमा, नेपाल-अमेरिका सुरक्षा सहकार्य कार्यक्रम (एसपीपी) सम्झौता गर्न अमेरिका किन धेरै उत्सुक छ ? नेपाल सरकार अन्तर्दृष्टिपूर्ण रूपमा सचेत हुनुपर्ने देखिन्छ । अर्थात्, आफ्नो स्वायत्ततालाई सुदृढ बनाउँदै भविष्यमा अमेरिका-चीनबीच टकराव उत्पन्न भए पनि नेपाल कुनै पक्ष रोज्न बाध्य नहोस् भन्ने दीर्घकालीन रणनीति बुद्धिमानीपूर्ण हुनेछ ।

### ऐतिहासिक नेपाली कूटनीतिक शिक्षा

जंगबहादुर राणा नेपालका एक कुशल रणनीतिकार थिए । उनले त्यतिबेलाको भारतमा बेलायतीको शक्ति, उद्देश्य र क्षेत्रीय प्रभावलाई गहिरो रूपमा बुझेर टकरावभन्दा रणनीतिको नीति अपनाए । सन् १८५०-५१ मा बेलायतको भ्रमण गरी जंगबहादुरले ब्रिटिस नेतृत्वसँग प्रत्यक्ष सम्बन्ध स्थापना गरे । सन् १८५७ को भारतीय विद्रोहका बेला बेलायतलाई सैनिक सहयोग प्रदान गर्दै उनीहरूको विश्वास जिते । विश्वासका आधारमा सन् १८६० मा नेपालले अंग्रेज-नेपाल युद्ध (१८१४-१६) मा गुमाएको 'नयाँ मुलुक' (बाँके, बर्दिया, कैलाली र कञ्चनपुर) फिर्ता पायो । नेपालको भौगोलिक सार्वभौमिकता सुदृढ बनाउन महत्त्वपूर्ण योगदान पुग्यो ।

नेपालको पहिलो निर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाले नेपालको आधुनिक परराष्ट्र नीतिको सुरुवात गरे । सैन्य गठबन्धनविपरीत असंलग्नताको सिद्धान्तलाई राष्ट्रियहितसँग जोड्दै उनले भारत, चीन तथा अन्य राष्ट्रहरूसँग सन्तुलित र सम्मानजनक सम्बन्ध स्थापना गरे । यद्यपि, सन् १९६० मा राजा महेन्द्रले निर्वाचित सरकार विघटन गरी सत्ता आफ्नो हातमा लिए, तर कोइरालाले अवलम्बन गरेको असंलग्नतामा आधारित कूटनीतिलाई महेन्द्रले निरन्तरता दिए, यद्यपि कोइरालालाई सरकारीस्तरमा अपमानित गरिएको थियो ।

महेन्द्रले सन् १९६५ मा भारतसँग हतियार खरिदसँग सम्बन्धित गोप्य सम्झौता गराए, जसको पूर्ण विवरण १९९० को सुरुमा सार्वजनिक रूपमा प्रकाशमा आएको थियो । महेन्द्रको पहलमा सन् १९६९ मा भारतलाई नेपालभित्र रहेका भारतीय सैन्य चेकपोस्ट र 'लायजन' फिर्ता लैजान आग्रह गर्‍यो । भारतले सन् १९७० मा ती भारतीय सैन्य फिर्ता बोलायो । तर, कालापानीमा रहेको भारतीय सैन्य उपस्थिति भने यथावत् रह्यो, जुन आजसम्म नेपाल-भारतबीच विवादको विषय बनेको छ । यद्यपि महेन्द्रले केही कूटनीतिक सफलता हासिल गरे । पछाडि फर्केर हेर्‍यौं भने महेन्द्रले लोकतन्त्रलाई समाप्त गर्नु मुलुकका लागि घातक साबित भयो ।

राजा वीरेन्द्रले 'शान्ति क्षेत्र' घोषणा गर्नुको उद्देश्य क्षेत्रीय शक्ति प्रतिस्पर्धाबाट नेपाललाई सुरक्षित राख्नु थियो । यसले उनको रणनीतिक मनसाय बुझ्ने क्षमतालाई प्रतिबिम्बित गर्छ । तर, यदि उनले 'शान्ति क्षेत्र' घोषणासँगै बहुदलीय लोकतन्त्रको सुरुवात गरेको भए 'शान्ति क्षेत्र' घोषणा प्रभावकारी हुन सक्थ्यो । सायद नेपालको लोकतान्त्रिक र कूटनीतिक इतिहास सकारात्मक दिशामा अघि बढेको हुन्थ्यो । वीरेन्द्रले सन् १९८८ मा चीनबाट हतियार खरिद गर्दा भारतले त्यसलाई सन् १९६५ भारतसँगको गोप्य सम्झौताको विषय बनायो ! भारतले सन् १९८९ मा व्यापार तथा पारवहन नाकाबन्दी लगायो, जसले आर्थिक कठिनाइ बढायो र अन्ततः सन् १९९० मा राजाको पञ्चायती व्यवस्था अन्त्य हुन योगदान पुर्‍यायो ।

### मनोवैज्ञानिक दबाबविरुद्ध आत्मविश्वास

कूटनीतिमा मानसिक प्रभाव तथा निर्णय प्रक्रियालाई प्रभावित गर्ने विभिन्न रणनीतिहरू अपनाइन्छन् । कूटनीतिक भाषा, वार्ताको शैली र वातावरणमार्फत अर्को पक्षको सोच तथा निर्णयलाई सूक्ष्म रूपमा प्रभावित गर्ने प्रयास गरिन्छ । कूटनीतिमा प्रयोग हुने शब्दावली, प्राथमिकता निर्धारण र प्रस्तुतीकरणको शैलीले समेत वार्ताको परिणाममा प्रभाव पार्न सक्छ ।

यसै सन्दर्भमा, सन्धि, सम्झौता तथा अन्य द्विपक्षीय वा बहुपक्षीय सहमति गर्दा तत्कालीन लाभभन्दा पनि दीर्घकालीन रणनीतिक प्रभावलाई प्राथमिकतामा राख्नुपर्छ । संयुक्त वक्तव्य, समझदारीपत्र वा सहमतिमा प्रयोग हुने 'मैत्रीपूर्ण सम्बन्ध', 'रणनीतिक साझेदारी' वा 'सहकार्य' जस्ता अभिव्यक्तिहरूले भविष्यमा पार्न सक्ने राजनीतिक तथा कूटनीतिक प्रभावको पनि सावधानीपूर्वक मूल्यांकन आवश्यक हुन्छ ।

नेपालको सन्दर्भमा, दुई छिमेकी मुलुकहरूबीच सन्तुलित सम्बन्ध कायम राख्ने प्रयासमा यस्तो अन्तर्दृष्टिपूर्ण कूटनीतिको आवश्यकता देखिन्छ । उदाहरणका लागि, नेपालले भारत र चीनसँग पूर्वाधार, व्यापार, ऊर्जा तथा पारवहनसम्बन्धी सहकार्य गर्दा तत्काल प्राप्त हुने आर्थिक लाभसँगै दीर्घकालीन रणनीतिक प्रभाव, निर्भरता र राष्ट्रिय हितलाई पनि ध्यानमा राख्नुपर्ने हुन्छ । कुनै पनि सम्झौतालाई केवल आर्थिक अवसरका रूपमा मात्र नभई त्यसले भविष्यमा नेपालको नीति-स्वायत्तता, क्षेत्रीय सन्तुलन र कूटनीतिक विकल्पमा पार्न सक्ने प्रभावका आधारमा मूल्यांकन गर्नुपर्छ । यस्तो परिस्थितिमा, शक्तिशाली राज्यहरूको मनोवैज्ञानिक दबाबबाट विचलित नभई सन्तुलित निर्णय लिन अन्तर्दृष्टिपूर्ण कूटनीति प्रभावकारी माध्यम बन्छ । जहाँ मनोवैज्ञानिक दबाबको प्रयोग गरिन्छ, त्यहाँ विषयवस्तुको गहिरो ज्ञान, पर्याप्त तयारी र आत्मविश्वासले कूटनीतिज्ञलाई दबाब सामना गर्दै राष्ट्रिय हितअनुकूल निर्णय गर्न सक्षम बनाउँछ ।

### अन्तर्दृष्टिपूर्ण सन्देश कसरी बुझ्ने ?

कूटनीतिज्ञहरूले प्रायः दुई तहमा सञ्चार गर्छन् । एक, आधिकारिक सन्देशः जनसाधारण, मित्रराष्ट्रहरूको आन्तरिक राजनीतिक अवस्थालाई ध्यानमा राखेर दिइने सार्वजनिक सन्देश । जस्तै, राष्ट्रिय दिवसको शुभकामना । अर्को, रणनीतिक सन्देशः सन्दर्भ, स्वार्थ, प्रोत्साहन र संकेतहरूका आधारमा कूटनीतिक आशय । जस्तै, चिनियाँ विदेशमन्त्रीले नेपालका परराष्ट्रमन्त्रीसँग 'टाढाका आफन्तहरूभन्दा छिमेकीहरू राम्रो' भनेको प्रसंग । सक्षम कूटनीतिज्ञले यस्ता संकेतहरूलाई सूक्ष्म रूपमा विश्लेषण गरी अर्को पक्षको उद्देश्य र सम्भावित प्रतिक्रियाको आकलन गर्छन् । शब्दभन्दा बाहिरका सन्देश बुझ्ने यही क्षमता प्रभावकारी निर्णयको आधार बन्छ । कूटनीतिको महत्त्वपूर्ण सीप 'विश्वसनीय अस्वीकार' (क्रेडिबल डिनायल) हो । यसको अर्थ संवेदनशील विषयमा प्रत्यक्ष स्वीकार वा अस्वीकार नगरी रणनीतिक अस्पष्टता कायम राख्नु हो । जस्तै, नेपाल-भारत सम्बन्धसम्बन्धी 'प्रबुद्ध व्यक्तिहरूको समूहको प्रतिवेदन' भारतले औपचारिक रूपमा स्वीकार नगर्दा पनि दुवै पक्षले त्यसको महत्त्व र विषयवस्तु बुझेका छन्, तर औपचारिक निर्णयबाट टाढा रहेका छन् ।

### अन्य राज्यहरू के चाहन्छन् ?

चीन, भारत र अमेरिकाले नयाँ सरकारको दिशा बुझ्दै सम्बन्ध विकास गर्ने प्रयास गरिरहेका देखिन्छन् । नेपालमा यी तीनै शक्तिका फरक-फरक रणनीतिक हित भएकाले सरकारले आफ्नो सार्वभौमसत्ता र राष्ट्रिय हितलाई केन्द्रमा राखी सन्तुलित नीति अपनाउँदै कुनै एक शक्तिमा अत्यधिक निर्भर हुनबाट जोगिनुपर्छ । अन्य देशहरूको उद्देश्य बुझ्न उनीहरूले के भन्छन् वा के गर्छन् भन्ने मात्र हेर्नु पर्याप्त हुँदैन । उनीहरूले के हासिल गर्न खोजिरहेका छन्, के गुमाउन चाहँदैनन् र आफ्नो हित जोगाउन कति प्रयास गर्न तयार छन् भन्ने बुझ्नुपर्छ । यसले उनीहरूको नीति, लगानी र कूटनीतिक गतिविधिको वास्तविक उद्देश्य स्पष्ट पार्छ । कूटनीतिमा शिष्ट र सकारात्मक भाषा प्रयोग हुनु स्वाभाविक हो, तर मिठा शब्दहरूले सधैं वास्तविक उद्देश्य र व्यवहारलाई प्रतिनिधित्व गर्दैनन् ।

सारांशमा, विश्व राजनीति आज क्रूर र संवेदनहीन अवस्थाबाट गुज्रिरहेको छ, जहाँ शक्ति, स्वार्थ र रणनीतिक प्रतिस्पर्धाले अन्तर्राष्ट्रिय सम्बन्धलाई ध्वस्त गरिरहेका छन् । साना र मध्यम शक्ति राष्ट्रहरूको स्वतन्त्रता खतरामा छ । यस्ता राष्ट्रहरूको सबैभन्दा ठूलो शक्ति सैन्य वा आर्थिक सामर्थ्य होइन, अन्तर्राष्ट्रिय कानुन र त्यसको पक्षमा दृढतापूर्वक उभिने नैतिक साहस हो । नेपालले युद्धमा कुनै पक्षको विरोध नगर्ने निर्णय गरे पनि, विश्व शान्तिको पक्षमा आवाज उठाउने साहस भने देखाउनुपर्छ । यस्तो अवस्थामा नेपालको लोकतान्त्रिक मूल्य र अन्तर्दृष्टिपूर्ण कूटनीतिको आवश्यकता छ । वर्तमान सरकारले यस चुनौतीलाई कति प्रभावकारी रूपमा सम्बोधन गर्छ भन्ने विषय भविष्यले निर्धारण गर्नेछ ।

# सुनसरी घटनाको सन्देश : प्रतिशोध होइन, आत्मसमीक्षा



चन्द्रमोहन यादव

(यादव प्रतिनिधिसभा सदस्य हुन्)

सुनसरीमा हालै घटित दुःखद घटनापछि सामाजिक सञ्जाल र सार्वजनिक जीवनमा अनेक टीकाटिप्पणी, आरोप, प्रत्यारोप देखिएका/सुनिएका छन् । यस्तो संवेदनशील समयमा हाम्रो उद्देश्य कुनै धर्म, समुदाय वा व्यक्तिलाई दोषी ठहर गर्ने हुनु हुँदैन । यो बेला नेपालको सामाजिक सद्भाव, संवैधानिक मूल्य, लोकतान्त्रिक उत्तरदायित्व र सरकारको भूमिकामाथि गम्भीर राष्ट्रिय बहसको आवश्यकता छ ।

आजको प्रविधियुक्त समाजका कारण कुनै पनि राष्ट्र केवल संविधानका पानाको भरमा अघि बढ्न सक्दैन । यसका लागि नागरिक-नागरिकबीच आपसी विश्वास, सहिष्णुता र साझा भविष्यको आस्थाको आवश्यकता हुन्छ । देशको वास्तविक शक्ति अस्त्र-शस्त्रले सुसज्जित सेना, अर्थतन्त्र वा राजनीतिक बहुमतमा मात्रै सीमित हुँदैन । त्यो शक्ति नागरिकबीचको पारस्परिक सम्मान, सामाजिक सद्भाव र न्यायपूर्ण राज्य व्यवस्थामा निहित हुन्छ । यिनै आधारहरूकै कारण नेपालले इतिहासमा अनेक राजनीतिक आरोह-अवरोह तथा उतारचढाव पार गर्दै राष्ट्रिय एकता जोगाएको छ ।

नेपाल भौगोलिक रूपमा सानो भए पनि सांस्कृतिक रूपमा अत्यन्तै समृद्ध राष्ट्र हो । हिमाल, पहाड, तराईको विविधतासँगै यहाँ भाषा, संस्कृति, परम्परा र धार्मिक आस्थाको अद्वितीय संगम छ । यही विविधताको सम्मान गर्दै नेपाली समाजले शताब्दीयौंदेखि सहअस्तित्वको संस्कार निर्माण गरेको छ । त्यसैले नेपाल विश्वमै शान्तिप्रिय, सहिष्णु र बहुलवादी समाजका रूपमा परिचित छ । लामो समयसम्म नेपाल विश्वमै एक्लो हिन्दु अधिराज्यका रूपमा परिचित रह्यो । राजसंस्था हिन्दु परम्परासँग जोडिएको थियो र राजा राष्ट्रका सांस्कृतिक एकताको प्रतीक मानिन्थे । २०६२/०६३ को जनआन्दोलनपछि नेपाल धर्मनिरपेक्ष राष्ट्र बन्यो । त्यस परिवर्तनलाई देशकै विभिन्न भागका बहुसंख्यक नागरिकले सहज स्वीकार गरे भने केहीले आलोचना पनि गरे । तर, संविधानले रोजेको धर्मनिरपेक्षताको मूल भावना कुनै धर्मलाई कमजोर बनाउनु होइन । राज्यलाई सबै धर्मप्रति समान व्यवहार गर्ने दायित्वमा स्थापित गर्नु हो ।

धर्मनिरपेक्षता राज्यको धार्मिक तटस्थता हो, समाजको धार्मिक शून्यता होइन । नेपाली समाज आ-आफ्ना आस्था र परम्परासहित जीवित रहन्छ । राज्यले सबैलाई समान अधिकार, सम्मान र सुरक्षा दिन्छ । यही नै उत्तम एवम् आधुनिक लोकतन्त्रको आत्मा हो ।

विगत करिब दुई दशकको संक्रमणकालीन अवधिमा नेपालमा अनेकौं सरकार फेरिए, राजनीतिक समीकरण बदलिए, संविधान कार्यान्वयनका अनेक चुनौती आए । तर, एउटा विषय कायमै रह्यो- धार्मिक सहिष्णुता तथा सहअस्तित्व । हिन्दु, मुस्लिम, बौद्ध, किराँत, इसाई र अन्य समुदायका नागरिक एउटै गाउँ, एउटै बजार, एउटै विद्यालय र एउटै सार्वजनिक जीवनमा मिलेर बसिरहेका छन् । दसैं, तिहार, इद, छठ, बुद्धजयन्ती वा क्रिसमसका अवसरमा एकअर्कालाई शुभकामना दिने हाम्रो संस्कार नै नेपाली राष्ट्रियताको सुन्दर परिचय हो ।

यही पृष्ठभूमिमा सुनसरीमा हालै भएको घटना दुर्भाग्यपूर्ण, दुःखद एवम् चिन्ताजनक छ । सार्वजनिक रूपमा उपलब्ध जानकारीअनुसार, हिन्दुहरूले मनाउँदै आएको धार्मिक कार्यक्रममा उत्पन्न तनाव अन्ततः भयानक हिंसामा परिणत भयो । केही नागरिकले ज्यान गुमाए, धेरै घाइते भए र सम्पूर्ण राष्ट्र स्तब्ध बन्यो । घटनाको वास्तविक कारण के ? गोली कसले चलायो ? सुरक्षा संयन्त्रले कस्तो भूमिका निर्वाह गर्‍यो ? यी प्रश्नको उत्तर निष्पक्ष अनुसन्धानले मात्रै दिन सक्छ । त्यसैले अनुसन्धान सम्पन्न नभएसम्म कुनै समुदाय वा पक्षलाई दोषी ठहर गर्नु न न्यायसंगत हुन्छ, न राष्ट्रहित । तर, यसले सरकारको जिम्मेवारीलाई कमचाहिँ पक्कै गर्दैन ।





तस्बिर : अंगद ढकाल/कान्तिपुर

राज्यको प्रथम दायित्व नागरिकको जीवन, स्वतन्त्रता र सुरक्षाको रक्षा गर्नु हो । धार्मिक रूपमा संवेदनशील कार्यक्रममा जोखिमको पूर्वआकलन, स्थानीय समुदायसँग संवाद, पर्याप्त सुरक्षा व्यवस्था र समयमै हस्तक्षेप आवश्यक हुन्छ । यदि यस्ता पक्षमा कमजोरी देखियो भने त्यो प्रशासनिक त्रुटि मात्रै होइन, राजनीतिक उत्तरदायित्वको विषय पनि हो ।

लोकतान्त्रिक व्यवस्थामा सरकारको उचित मूल्यांकन संकटको घडीमा हुन्छ । बहुमत प्राप्त गर्नु एउटा उपलब्धि, तर संकट व्यवस्थापन गर्न सक्नु नेतृत्वको वास्तविक परीक्षा हो । सुनसरीको संवेदनशील घटनापछि सरकारले अपेक्षित राजनीतिक परिपक्वता, प्रशासनिक तत्परता र समाजमा विश्वास जगाउने नेतृत्व प्रदर्शन गर्न सकेको भए परिस्थिति अझ प्रभावकारी रूपमा नियन्त्रणमा ल्याउन सकिन्थ्यो- यो सवाल स्वाभाविक र व्यापक रूपमा उठिरहेकै छ ।

जिम्मेवार सरकारबाट नागरिकले संकटका बेला संयमित भाषा, स्पष्ट दृष्टिकोण र निष्पक्ष नेतृत्वको अपेक्षा गर्छन् । राज्यका शीर्ष नेतृत्वका अभिव्यक्तिले समाजलाई आश्वस्त बनाउनुपर्छ, विभाजित होइन । नेतृत्वको विश्वसनीयता शब्दभन्दा बढी व्यवहारबाट स्थापित हुन्छ । यस घटनाले वर्तमानको प्रविधियुक्त बदलिँदो समाजमा सामाजिक सञ्जालको अर्को गम्भीर चुनौती पनि उजागर गरेको छ । अपुष्ट सूचना, उत्तेजक अभिव्यक्ति र घृणामूलक प्रचारले केही घण्टामै समाजमा अविश्वास फैलाउन सक्ने अवस्था सिर्जना हुँदै गएको छ । अभिव्यक्ति स्वतन्त्रताको संरक्षणसँगै जिम्मेवार अभिव्यक्तिको संस्कार पनि उत्तिकै आवश्यक छ ।

यस बेला अर्को सम्भावनालाई पनि गम्भीरतापूर्वक विचार गर्नुपर्छ । विश्वका विभिन्न देशमा धार्मिक तथा सामुदायिक विभाजन प्रयोग गरी राजनीतिक वा भूराजनीतिक स्वार्थ पूरा गर्ने प्रयास भएका उदाहरण छन् । नेपाल त्यस्तो जोखिमबाट पूर्णतः मुक्त छ भन्ने निष्कर्षमा पुग्न हतार गर्नु हुँदैन । त्यसैले राज्यका सम्बन्धित निकायहरूले घटनाको प्रत्येक पक्षको निष्पक्ष अनुसन्धान गर्नुपर्छ । यदि कुनै आन्तरिक वा बाह्य तत्त्वले योजनाबद्ध रूपमा सामाजिक सद्भाव बिगार्ने प्रयास गरेको प्रमाण भेटिन्छ भने कानुनबमोजिम कठोर कारबाही हुनुपर्छ । तर, प्रमाणबिना कसैलाई दोषारोपण गर्नु वा सम्पूर्ण समुदायप्रति शंका फैलाउनु स्वयं राष्ट्रिय एकताका लागि हानिकारक हुन्छ ।

नेपालको संविधानले प्रत्येक नागरिकलाई आफ्नो धर्म मान्ने, अभ्यास गर्ने र संरक्षण गर्ने अधिकार दिएको छ । त्यही संविधानले राज्यलाई सबै धर्मप्रति समान व्यवहार गर्न बाध्य बनाएको छ । धर्मनिरपेक्षता कुनै राजनीतिक दलको सम्पत्ति होइन- बहुलवादी समाजलाई न्यायपूर्ण ढंगले सञ्चालन गर्ने संवैधानिक प्रतिज्ञा हो । यो कमजोर बनाउने कुनै पनि प्रयास अन्ततः राष्ट्रिय एकता नै कमजोर बनाउने प्रयास हुनेछ । छिमेकी राष्ट्र भारतकै इतिहास नियालौं । स्वतन्त्रताअघि र त्यसपछिका विभिन्न कालखण्डमा भारतले हिन्दु-मुस्लिम साम्प्रदायिक दंगाका अनेक पीडादायी घटना व्यहोरेको छ । यस्ता कठिन समयमा महात्मा गान्धीले कुनै एक धर्म वा समुदायको पक्षमा होइन- मानवता, अहिंसा र धार्मिक सद्भावको पक्षमा दृढतापूर्वक उभिने साहस देखाए । उनले 'आँखाको बदलामा आँखा लिने हो भने अन्ततः सारा संसार नै दृष्टिविहीन हुन्छ' भन्ने प्रसिद्ध विचारमार्फत 'प्रतिशोधले शान्ति होइन, अझ ठूलो विनाश निम्त्याउने' चेतावनी दिएका थिए । आज नेपालले त्यही शिक्षा आत्मसात् गर्नु आवश्यक छ ।

नेपालका महान् लोकतान्त्रिक चिन्तक बीपी कोइरालाको राजनीतिक दर्शनको मूल भावना पनि यही थियो, 'लोकतन्त्र केवल बहुमतको शासन होइन । फरक विचार, फरक पहिचान र फरक आस्थालाई सम्मान गर्ने संस्कार हो । लोकतन्त्रले नागरिकलाई मतदान गर्ने अधिकार मात्रै दिँदैन । एकअर्काप्रति सम्मानका साथ बाँच्ने जिम्मेवारी पनि दिन्छ ।' अब सरकारसमक्ष स्पष्ट कार्यभार छ- घटनाको निष्पक्ष र विश्वसनीय अनुसन्धान, दोषीमाथि कानुनी कारबाही, पीडित परिवारलाई न्याय र राहत, धार्मिक समुदायबीच विश्वास पुनःस्थापना तथा भविष्यमा यस्ता घटना दोहोरिन नदिने प्रभावकारी सुरक्षा रणनीति । यही नै सरकारको सफलताको वास्तविक मापदण्ड हुनेछ ।

तर, हाम्रो दायित्व पनि कम छैन । कुनै एक घटनालाई सम्पूर्ण हिन्दु समुदाय वा मुस्लिम समुदायसँग जोड्ने प्रयास राष्ट्रका लागि घातक हुन्छ । अपराधीको कुनै धर्म हुँदैन, उसको पहिचान केवल अपराधीको हुन्छ । यदि हामीले धर्मका आधारमा होइन, कानुनका आधारमा न्याय गर्न सिकेनौं भने संविधानको मर्म नै कमजोर हुनेछ ।

नेपालले राणा शासनदेखि प्रजातन्त्र, पञ्चायत, जनआन्दोलन, गणतन्त्र र संघीयतासम्मका अनेक राजनीतिक परिवर्तन देखेको छ । तर, ती सबै परिवर्तनबीच एउटा विषय स्थिर रह्यो- नेपाली समाजको आधारभूत एकता । यदि त्यो एकता कमजोर भयो भने कुनै पनि संविधान, सरकार र बहुमतले राष्ट्रलाई दीर्घकालीन रूपमा स्थिर राख्न सक्दैन ।

आज हाम्रो सबैभन्दा ठूलो जिम्मेवारी सरकारलाई उत्तरदायी बनाउनु मात्रै होइन, समाज पनि एकताबद्ध राख्नु हो । सुनसरीको पीडालाई प्रतिशोधको होइन, आत्मसमीक्षाको अवसर बनाऔं । राष्ट्रलाई उत्तेजना होइन, संयम चाहिएको छ, आरोप होइन, सत्य चाहिएको छ । विभाजन होइन, विश्वास चाहिएको छ । सत्ता आउँछ र जान्छ । सरकारहरू परिवर्तन भइरहन्छ, लोकतन्त्रमा यो स्वाभाविक प्रक्रिया हो, तर राष्ट्र रहिरहन्छ । त्यसैले हाम्रो पहिलो निष्ठा कुनै दलप्रति होइन, देशप्रति हुनुपर्छ । राष्ट्र सधैं धर्मभन्दा माथि हुन्छ । र, राष्ट्रिय एकता कुनै पनि राजनीतिक विजयभन्दा अनमोल । नागरिकको सुरक्षा र सेवा नै राष्ट्र-धर्म हो ।

# विदेशबाट मतदान : श्रम कूटनीतिमा नयाँ आयाम



सरु जोशी

(जोशी नेपाल पोलिसी इन्स्टिच्युटकी कार्यकारी बोर्ड सदस्य र आप्रवासन विज्ञ हुन्)



तस्बिर : कान्तिपुर

विदेशबाट गरिने मतदान लोकतान्त्रिक शासन व्यवस्थाको सुधार हो । यसले विदेशमा बस्ने आप्रवासीप्रति बढी राजनीतिक जवाफदेहिता सिर्जना गरी श्रम कूटनीतिलाई सुदृढ बनाउँछ । जब आप्रवासी राज्यको लोकतान्त्रिक प्रक्रियामा सहभागी हुन्छन्, तब सरकार र राजनीतिक दल तिनका सरोकारप्रति बढी उत्तरदायी बन्छन् । राज्यले आप्रवासी तथा तिनका परिवारको संरक्षणमा लगानी गर्छ अनि श्रम आप्रवासन शासन व्यवस्था बलियो बनाउँछ ।

विगत तीन दशकमा श्रम आप्रवासनले नेपालको अर्थतन्त्र, समाज र विश्वसँगको सम्बन्धलाई अर्कै उचाइमा पुर्‍याएको छ । ४० लाखभन्दा बढी नेपाली नागरिक विदेशमा काम गरिरहेका छन् । तिनले रेमिट्यान्स, सीप र लगानीमार्फत राष्ट्रिय विकासमा उल्लेखनीय योगदान पुर्‍याइरहेका छन् । तर, यति ठूलो योगदानका बाबजुद उनीहरू नै सबैभन्दा आधारभूत लोकतान्त्रिक अधिकार (मताधिकार) बाट वञ्चित छन् ।

विदेशबाट गरिने मतदान लोकतान्त्रिक शासन व्यवस्थामा गरिने सुधार हो । यसले विदेशमा बस्ने आप्रवासीप्रति बढी राजनीतिक जवाफदेहिता सिर्जना गरी श्रम कूटनीतिलाई सुदृढ बनाउँछ । जब आप्रवासी राज्यको लोकतान्त्रिक प्रक्रियामा सहभागी हुन्छन्, तब सरकार र राजनीतिक दल तिनका सरोकारप्रति बढी उत्तरदायी बन्छन् । राज्यले आप्रवासी, तिनका परिवारको संरक्षणमा लगानी गर्छ अनि श्रम आप्रवासन शासन व्यवस्था बलियो बनाउँछ ।

हालसम्म देशबाहिर बसेकै आधारमा नेपालीहरू मताधिकारबाट वञ्चित भए । नेपालको संविधानको धारा ८४(५) ले १८ वर्ष उमेर पुगेका सबै नागरिकलाई मतदानको अधिकार प्रदान गरेको छ । जबकि धारा ३३ ले पेसा छनोट गर्ने स्वतन्त्रतासहित रोजगारीको अधिकारलाई मौलिक अधिकारका रूपमा मान्यता दिन्छ । तथापि, नेपालको निर्वाचन कानुनले मतदातालाई आफ्नो दर्ता भएको निर्वाचन क्षेत्रको मतदान केन्द्रमा भौतिक रूपमा उपस्थित हुनैपर्ने व्यवस्था गरेको छ, जसले विदेशमा बस्ने लाखौं नागरिकलाई बहिष्कृत गरेको छ । सन् २०१८ मा सर्वोच्च अदालतले आप्रवासी कामदार र डायस्पोराको मतदान अधिकार सुनिश्चित गर्न सरकारलाई ऐतिहासिक आदेश जारी गरेको थियो । तर, २०८२ मा सम्पन्न संघीय निर्वाचनमा पनि नेपालले यो अवसर गुमायो ।

अन्तर्राष्ट्रिय रूपमा हेर्दा, विदेशबाट गरिने मतदान एक स्वीकार्य लोकतान्त्रिक अभ्यास बन्दै गएको छ । नेपालका लागि यो विशेष रूपमा सान्दर्भिक छ, जहाँ श्रम आप्रवासन राष्ट्रिय विकासको एक अभिन्न अंग बनिसकेको छ । राष्ट्रिय जीवनस्तर सर्वेक्षण २०२२-२३ अनुसार, लगभग ७६ प्रतिशत नेपाली घरपरिवारले रेमिट्यान्सबाटै शिक्षा, स्वास्थ्य, रोजगारीको व्यवस्था गरिरहेका छन् । सन् २०२५ को जेन-जी प्रदर्शनले सरकारसँगको सम्झौतामा विदेशबाट मतदान समावेश गरेकाले यो विषय निर्वाचन व्यवस्थापनभन्दा माथि उठेर 'लोकतान्त्रिक शासनको फराकिलो प्रश्नका' रूपमा विकसित भइसकेको छ ।

सिमाना बाहिर मतदान अधिकार विस्तार गर्नु केवल लोकतान्त्रिक समावेशीकरणको विषय होइन- श्रम कूटनीति, आर्थिक कूटनीति र विकास कूटनीतिमार्फत आप्रवासन शासन व्यवस्था सुधार गर्ने र आप्रवासीलाई पूर्ण नागरिकका रूपमा मान्यता दिने आधारभूत जग पनि हो ।

### राजनीतिक समावेशीकरणको महत्त्व

अर्थतन्त्रमा उल्लेखनीय योगदान गर्नेहरू आप्रवासन नीतिनिर्माण गर्ने स्थानमा अदृश्य छन् । यसले लोकतान्त्रिक जवाफदेहितालाई कमजोर बनाउँछ । यसको परिणाम असुरक्षित काम गर्ने अवस्था, कमजोर सम्झौता, ज्यालाको चोरी, अपर्याप्त सामाजिक सुरक्षा, सीमित र अपर्याप्त स्रोतका कूटनैतिक नियोग सेवाजस्ता चुनौती देखिएका छन् । अझ महिला कामदार विशेषगरी जोखिमपूर्ण अवस्थामा छन् । त्यहाँ प्रतिबन्धात्मक नीतिहरूले अनियमित आप्रवासनलाई प्रवर्द्धन गरेको दशकौं बितिसकेको छ । यसबाहेक विद्यार्थी, व्यवसायी र अनियमित आप्रवासीको संरक्षणको आवश्यकता भिन्नै छ ।

त्यसैले विदेशबाट मतदान गर्दा तिनका माग व्यवस्थित रूपमै सम्बोधन गर्ने चुस्त र प्रभावकारी प्रणाली स्थापित हुनु जरुरी छ । यसले आप्रवासीलाई आर्थिक योगदानकर्ताबाट सक्रिय राजनीतिक सरोकारवालामा रूपान्तरण गर्छ । त्यसपछि सरकार र राजनीतिक दलहरूमा आप्रवासीका सरोकारप्रति जवाफदेही हुनैपर्ने बाध्यता रहन्छ । किनभने आप्रवासी तब रेमिट्यान्सको स्रोत मात्रै नभई मान्यताप्राप्त 'राजनैतिक कन्स्टिचुएन्सी' बन्छन् । यसले राज्य र आप्रवासीबीचको लोकतान्त्रिक सम्बन्ध बैधानिक बनाउँछ । यसले नै बढी उत्तरदायी आप्रवासन नीति, सुदृढ श्रम कूटनीति र आप्रवासी संरक्षणमा गम्भीरतापूर्वक लगानी गर्नुपर्ने अवस्था सिर्जना हुनेछ ।

राजनीतिक अधिकारले आर्थिक अधिकारलाई समेत प्रत्यक्ष प्रभाव पार्छ । लोकतान्त्रिक जवाफदेहिताले सरकारलाई नेपालभित्र पनि सम्मानजनक रोजगारीका अवसर विस्तार गर्ने, नैतिक भर्ती प्रवर्द्धन गर्ने, सामाजिक सुरक्षा सुदृढ गर्ने, फिर्ती र पुनर्एकीकरणका व्यवस्था सुधार्ने, आप्रवासी तथा तिनका परिवारका लागि लगानीका अवसर सिर्जना गर्ने नीति अपनाउन मद्दत गर्छ । यसले फरक-फरक देशका आप्रवासीका भिन्नाभिन्नै सरोकारलाई प्रस्ट र नियमित रूपमा राखेर ती विषय सम्बोधनका लागि जवाफदेही बनाउन सक्ने एक महत्त्वपूर्ण लोकतान्त्रिक जग स्थापना गर्नेछ ।

### श्रम कूटनीतिको सुदृढीकरण

श्रम कूटनीति र विदेशमा काम गर्ने नागरिकको अधिकार हितको सुरक्षाका लागि स्रोत तथा साझेदारिता विस्तार गर्नु द्विपक्षीय सहकार्य आदिको रणनीतिक प्रयोग हो । यसको प्रभावकारिता बलिया संस्था, उत्तरदायी कूटनीतिक नियोग, सम्पूर्ण सरकार, समाजसँगै कम गर्ने दृष्टिकोण र निरन्तर राजनीतिक प्रतिबद्धतामा निर्भर हुन्छ । नेपालको सन्दर्भमा, श्रम कूटनीतिले जोखिमको आप्रवासन घटाउने र विकासोन्मुख आप्रवासन प्रवर्द्धन गर्ने विषय समेट्नुपर्छ ।

नेपाली नागरिकहरू हाल १ सय ७८ खाडी र मलेसियाका परम्परागत गन्तव्यभन्दा बाहिर विस्तार भई निकै विविध आप्रवासनमा प्रवेश गरिसकेका छन् । त्यहाँ न्यून दक्षदेखि अर्धदक्ष कामदार, विद्यार्थी र उद्यमी व्यवसायीसम्म छन् । गन्तव्यहरूको विविधीकरणले श्रम बजार तथा युद्ध, मानव तस्करीलगायत कानुनी चुनौती तथा अवसर दुवै ल्याउँछन् । यसले थप संरक्षणको आवश्यकता सिर्जना गरेको छ भने धेरै सपना र पुँजीसमेत भित्रिएको छ । तर, यी विविधताअनुरूप नेपालको कूटनीतिक क्षमता र प्रवास सुशासन उही गतिमा विकसित बन्नुपर्ने आवश्यकता छ । हाल नेपालले १ सय ७८ देश खुला गरे पनि ४४ देशमा मात्रै कूटनीतिक नियोग र कन्सुलर सेवा सञ्चालनमा छन् । सीमित नियोग अनि वाणिज्यदूत भएकाले सेवाहरू प्रायः अत्यधिक बोझिला छन् । र, श्रम सम्झौताले परिवर्तनशील श्रम बजारको यथार्थतासँग तालमेल राख्न सकिरहेको छैन । त्यसैले नेपालको श्रम कूटनीति परिवर्तनशील, अनुकूलनशील, सक्रिय, गन्तव्यकेन्द्रित र उत्तरदायी हुनु आवश्यक छ । यस्तो उत्तरदायी श्रम कूटनीतिको बलियो संस्थागत समन्वय र पर्याप्त स्रोतयुक्त कूटनीतिक नियोग तब मात्रै सम्भव हुन्छ, जब विदेशमा बस्ने नेपाली नागरिकका सरोकारले राष्ट्रिय नीति निर्माण तथा कार्यान्वयनमा प्राथमिकता पाउँछन् । यद्यपि नेपाली राजनीतिक दलहरूको विदेशमा सञ्जाल छ । तर, ती संरचना आप्रवासीको मतदान अधिकार सुरक्षित गर्न, प्रगतिशील श्रम वार्ता संस्थागत बनाउन, नेपाली जनताका लागि सुरक्षित अनि मर्यादित आप्रवासन लागू गराउन प्रभावकारी बन्न सकेका छैनन् ।

प्रभावकारी श्रम कूटनीति राष्ट्रहित, इच्छाशक्ति र मानवकेन्द्रित पनि हुनुपर्छ । तर, अन्तर्राष्ट्रिय श्रम बजारमा रोजगारी गुम्ने चिन्ताका कारण सरकारहरू न्यूनतम ज्याला, क्षतिपूर्ति प्याकेज र रोजगारी मापदण्डको पुनरावलोकन गर्न हिच्किचाउँछन् । रोजगारीका अवसर जोगाउनु महत्त्वपूर्ण हो । तथापि कामदारका अधिकार, मर्यादा र उचित पारिश्रमिकको मूल्यमा यस्ता चिन्ता जायज हुँदैनन् ।

### फिलिपिन्सबाट पाठ

फिलिपिन्सको अनुभवले राजनीतिक जवाफदेहितामार्फत श्रम कूटनीतिलाई कसरी सुदृढ पार्न सक्छ ? यो विषय सिक्न सकिन्छ । फिलिपिन्सले आप्रवासीलाई केवल आर्थिक हिरोका रूपमा नभई, राजनीतिक हैसियत भएका नागरिकका रूपमा उच्च मूल्यांकन गर्दा त्यहाँको श्रम कूटनीति सुदृढ बनेको छ । फिलिपिनो सरकारहरू आप्रवासीलाई निरन्तर रूपमा 'राष्ट्र निर्माता' र 'हाम्रो हिरो' भनी सम्बोधन गर्छन् । रेमिट्यान्स, सीप र अन्तर्राष्ट्रिय संलग्नताले राष्ट्रिय विकासमा प्रत्यक्ष योगदान पुर्‍याएकामा सम्मान गर्छन् । यो राजनीतिक संस्कार तथा मूल्यमान्यता लोभलाग्दो छ, सिक्नैपर्ने खालको छ ।

निर्वाचन अभियान होस् या राष्ट्रिय दिवसका सन्देश- फिलिपिनी नेताहरू आप्रवासीलाई नियमित सम्झिन्छन् अनि सार्वजनिक रूपमा तिनका हित, सुरक्षा, सेवा विस्तार, विदेशमा तिनको अधिकार रक्षाप्रति प्रतिबद्धता जाहेर गर्छन् । र, प्रभावकारी काम पनि गर्छन् ।

सन् २००३ देखि नै विदेशमा बस्ने नागरिकका लागि मतदान अधिकार संस्थागत बनाउने एसियाकै पहिलो देशमध्ये एक हो- फिलिपिन्स । यसमा उनीहरूले सन् २००४, २०१३ र २०२५ मा निरन्तर विस्तार गरिरहेका छन् । सन् २०२५ मा इन्टरनेट भोटिङबाट विदेशमा बस्ने मतदातालाई वैकल्पिक पहुँचको माध्यम प्रदान गरिएको थियो ।

यही प्रतिबद्धता फिलिपिनी श्रम कूटनीतिमा पनि झल्किन्छ । फिलिपिन्स आप्रवासी कामदारका लागि विश्वकै सबैभन्दा ठूलो कूटनीतिक सञ्जालमध्ये एक हुन सकेको छ । फिलिपिनी वैदेशिक नीतिको केन्द्र बनेको छ- श्रम र आप्रवासी हित, आप्रवासी कामदारको संरक्षण । यसबाट एउटा सिकाइ स्पष्ट छ- जब आप्रवासीलाई तिनको मत मूल्यवान् हुने नागरिकका रूपमा मान्यता दिइन्छ, तब सरकारहरूले तिनको संरक्षणका लागि संस्थागत लगानी गर्छन् ।

### डायस्पोरा संलग्नता र राष्ट्रिय विकास

आप्रवासीले राजनीतिक अधिकार पाउँदा नेपालसँग विविध र सीपयुक्त डायस्पोराको सम्बन्ध सुदृढ पार्ने अवसर मिल्छ । नेपालले सीपयुक्त संस्थागत संरचना बनाउन सके आप्रवासीले ज्ञान हस्तान्तरण, लगानी, उद्यमशीलता, नवप्रवर्तन, सीप साझेदारी र सामाजिक पुँजीमार्फत नेपालको विकासमा योगदान गर्ने बाटा पनि खुल्छन् ।

नेपालका धेरै सीपयुक्त युवाले विदेशमा अवसर खोज्दै जाँदा उल्लेखनीय प्रतिभा पलायन भएका छन् । डायस्पोराको लोकतान्त्रिक सहभागिता सुदृढ गर्दा तिनको संलग्नताका लागि सकारात्मक वातावरण सिर्जना हुनेछ । नेपालले क्रमशः 'ब्रेन ड्रेन' बाट 'ब्रेन गेन' र 'ब्रेन सर्कुलेसन' वा 'प्रतिभा परिचालन' प्रवर्द्धन गर्न सक्छ । त्यहाँ ज्ञान, सीप र लगानीका प्रशस्तै ढोका खुल्नेछ । यसले आप्रवासी र नेपाल दुवैलाई कल्पना गरेभन्दा धेरै फाइदा पुर्‍याउन सक्छ ।

### सम्भाव्यता र तत्परता

विदेशबाट मतदान कार्यान्वयनका लागि कुन पद्धति अपनाउने ? यसबारे रचनात्मक योजना बनाउनु आवश्यक छ । यद्यपि यस विषयमा ज्ञान र सकारात्मक आकांक्षाको कमी छ । र, 'थाहा नपाएको भय' र शंका बढी देखिन्छ । कतिपय लागत, प्राविधिक तत्परता, साइबर सुरक्षा, मतदाता प्रमाणीकरण र अन्तरएजेन्सी समन्वयसम्बन्धी चिन्ता जायज पनि छन् । विभिन्न देशले कूटनीतिक नियोगमा प्रत्यक्ष मतदान, हुलाकमार्फत मतदान र इन्टरनेट मतदानजस्ता राष्ट्रिय क्षमता, प्राथमिकता र कानुनी सन्दर्भअनुसार फरक-फरक मोडल अपनाएका छन् ।

नयाँ सरकारले बजेट वक्तव्य- २०२६ मा, 'विदेशमा बस्ने नेपाली नागरिकको मतदान अधिकार सुनिश्चित गर्न आवश्यक कानुनी र संस्थागत व्यवस्था मिलाइनेछ' भन्ने घोषणा गरेको छ । हाल प्रमुख निर्वाचन आयुक्त र सदस्यहरू नियुक्त भइसकेकाले २०८४ सालको प्रदेश तथा स्थानीय तहको निर्वाचनका लागि संस्थागत तत्परता देखिएको छ ।

आगामी निर्वाचनका लागि व्यावहारिक समाधानका प्रमाण पनि उपलब्ध छन् । नेपाल पोलिसी इन्स्टिच्युट, नेपालीको अन्तर्राष्ट्रिय थिंक-ट्यांकले एक द्रुत अध्ययनमार्फत मिश्रित मतदान मोडल सिफारिस गर्दै इन्टरनेट मतदान नेपालका लागि प्राविधिक रूपमा सम्भव, विस्तारयोग्य र समावेशी विकल्प रहेको निष्कर्ष निकालेको छ ।

त्यसैगरी, सामाजिक न्यायका लागि कानुन तथा नीति फोरमले सात देशका ६ हजार ४ सय ८२ नेपाली आप्रवासीमाथि गरेको सर्वेक्षणमा राजनीतिक सहभागिताप्रति ठूलो समर्थन देखाएको छ । लगभग ९० प्रतिशत उत्तरदाताले मतदान गर्न चाहेको, लगभग ६० प्रतिशतले मतदान कार्यान्वयन सम्भव रहेको र ९२ प्रतिशतले इन्टरनेट मतदानलाई नै सबैभन्दा व्यावहारिक संयन्त्रका रूपमा पहिचान गरेको छ ।

अब प्रश्न नेपालले विदेशबाट मतदान गराउँदा पारम्परिक कम्फोर्ट जोनमा बस्छ कि प्रविधिको प्रयोग गरी समावेशी निर्वाचनको उदाहरण विश्व समुदायलाई दिन्छ भन्ने हो । यसले बेजिल्ला मतदानलाई पनि सम्बोधन गर्न सक्छ । नेपालले कुन पद्धति अपनाउने ? यो विषय राजनीतिक र संस्थागत इच्छाशक्तिमा भर पर्नेछ । नेपालले घनीभूत तयारीका साथ समावेशी निर्वाचन गरायो भने अन्य देशले पो नेपालबाट सिक्ने अवसर पाउँछन् कि ?

नेल्सन मण्डेलाले एक पटक भनेका थिए, 'कुनै कार्य सम्पन्न नभएसम्म असम्भव जस्तो लाग्छ ।' २०८४ को निर्वाचनले नेपाललाई ऐतिहासिक अवसर प्रदान गर्नेछ- जहाँसुकै बसोबास गरे पनि हरेक नेपाली नागरिक राष्ट्रको भविष्यमा समान सरोकारवाला हुन् भन्ने विषय पुनः पुष्टिका लागि । यसले श्रम कूटनीति सुदृढ त गर्छ नै, विकास कूटनीतिमा पनि टेवा पुर्‍याउनेछ ।

# बालश्रम शोषणमा राज्य किन उदासीन ?



प्रवीन सिलवाल

(सिलवाल बाल अधिकारका लागि राष्ट्रिय अभियानका संयोजक हुन्)



तस्बिर : कान्तिपुर

राज्यले आफ्ना हकहित र न्यायको आवाज उठाउन नसक्ने कलिला बालबालिकाको पीडालाई सदैव बेवास्ता गर्ने अनि उदासीन हुने छुट छैन

'दाइ मेरो केशको के भइरहेको छ ?' मलिन स्वरमा गहभरि आँसु पार्दै रिमा (परिवर्तित नाम) ले मसँग सोधिन् । तर, मसँग न उनको चित्त बुझ्ने जवाफ थियो, न आश्वासनका झूटा शब्द । विगत २ वर्षदेखि यही प्रश्न सोधिरहेकी रिमा एक विशिष्ट व्यक्तिको घरमा श्रम शोषणमा परेको उजुरीका आधारमा उद्धार गरिएकी बालिका हुन् ।

रिमालाई ७ वर्षकै उमेरमा काठमाडौंमा पढाउन ल्याइयो, भर्ना त गरियो तर घरमा पाहुना आउँदा वा धेरै काम हुँदा विद्यालय जान पाइनन् । त्यसैले कक्षा ७ मा पढ्ने रिमालाई २ र ३ को गुणन पनि आउँदैनथ्यो । उद्धारका बखत १४ वर्षकी रिमाले ७ वर्षसम्म जन्म दिने आमाबुबाको मुखसम्म देख्न पाइनन् । त्यसैले उनले अदालतमा आफ्नै बुबा चिन्न सकिनन् । उनलाई बस्नका लागि घरको कौसीमा पानीट्यांकीमुनिको बत्तीसमेत नभएको अँध्यारो कोठा दिइएको थियो । खाट थिएन, भुइँमा एउटा म्याट ओछ्याएर त्यसैमाथि तन्ना बिछ्याइएको थियो । उद्धार गर्दा ती विशिष्ट व्यक्ति सपरिवार ३ महिनादेखि उपत्यकाबाहिरै थिए, रिमा घरमा एक्लै थिइन् । महिनावारी हुँदा हट-ब्याग त परैको कुरा, बिरामी हुँदासमेत उनलाई तातो पानी सोध्ने मान्छे थिएन ।

सरकारी वकिल कार्यालय हुँदै महान्यायाधिवक्ता कार्यालयले श्रम शोषणको मुद्दा अपराधसंहिताभित्र नपर्ने, प्रहरीले अनुसन्धान तथा अभियोजन गर्न नमिल्ने र बालबालिकाविरुद्ध कसुर मान्न नसकिने तर्क दिएर मुद्दा नचल्ने निर्णय गर्‍यो । पछि, अदालतले समेत यही कुरा सदर गरिदियो ।

बाल श्रम शोषणको यो एक प्रतिनिधि उदाहरण मात्रै हो । उच्च अदालतका न्यायाधीश, प्रहरी, नेपाल सरकारका उपसचिव र अन्य विशिष्ट कर्मचारीदेखि त्रिविकै प्राध्यापकका घर अनि राज्यका नीतिनिर्माणदेखि कार्यान्वयन तहसम्मको अनुभव भइसकेका व्यक्तिकै घरबाट श्रम शोषण भइरहेकै अवस्थामा बालबालिकाको उद्धार भएको छ । काठमाडौं महानगरपालिकाले मात्रै एक वर्षमा यस्ता ७० भन्दा बढी श्रमिक बालबालिकाको उद्धार गर्‍यो । उद्धार भएकामध्ये सबैलाई श्रम शोषण मात्रै भएको थिएन । ५ कक्षा पढ्ने बालिकामाथि क्रूर अनि अमानवीय यौन हिंसा भएको थियो । केबल १२ वर्षकी घरेलु श्रमिक बालिकामाथि प्रहरीबाटै जबर्जस्ती करणी भएको थियो । यो संख्या महानगरमा मात्रै एक वर्षको अवधिमा पाँच छ । महानगरले २०८१ सालमा प्रकाशन गरेको अध्ययन प्रतिवेदनमा यसबारे थप विस्तृत जानकारी छ ।

### कानुनी प्रावधान के छ ?

बालश्रमलाई विश्वबाटै निवारण गर्न आई.एल.ओ. महासन्धि नं १३८ (काममा लगाउने न्यूनतम उमेर) र महासन्धि नं १३८ (निकृष्ट प्रकारका बालश्रमको उन्मूलन) जारी गरेको छ । नेपालसमेत यसको पक्ष राष्ट्र भएकाले सरकारले 'बाल श्रम (नियमित र निषेध गर्ने) ऐन, २०५६' को तर्जुमा गरी कार्यान्वयनमा ल्यायो । अहिलेसम्म यही ऐन लागू अवस्थामै छ । सर्वोच्च अदालतले घरेलु नोकरमाथि हुने शोषण नियन्त्रणसम्बन्धी कानुन निर्माण गर्न र त्यसको प्रभावकारी कार्यान्वयन गर्न 'ने.का.प.२०६३ अंक ५ को निर्णय नं.७७०५' मा नेपाल सरकारका नाममा निर्देशनात्मक आदेशसहित परमादेश जारी गरेको छ ।

तर, यो निर्देशनात्मक आदेश र नेपालको संविधान- २०७२ को धारा ३९ को मर्मविपरीत मुलुकी देवानी संहिता २०७४ को दफा ६४० देखि ६४४ सम्मका व्यवस्थाले १८ वर्षभन्दा मुनिका बालबालिकालाई घरेलु बालश्रममा प्रयोग गर्न कानुनी छुट मात्रै दिएको छैन, यसरी घरमा काम गर्न राखिएका बालबालिकाले चाहेमा मात्रै पढाउनुपर्ने भनी अत्यन्तै खेदजनक कानुनी व्यवस्थासमेत गरेको छ । बालबालिकासम्बन्धी ऐन- २०७५ ले त झनै २०५६ मा जारी भएको ऐनभन्दा पनि कमजोर प्रावधान राखेर १४ वर्ष उमेरमाथिका बालबालिकालाई श्रममा लगाउने कानुनी छुट प्रदान गर्‍यो । अनौपचारिक क्षेत्रमा हुने बालश्रम निषेध गर्ने अपेक्षासमेत यो ऐनले पूरा गर्न सकेन ।

### संसद्मा बालश्रमसम्बन्धी दर्ता विधेयकका त्रुटि

हालै प्रतिनिधिसभामा 'बाल श्रम (नियमित र निषेध गर्ने) ऐन, २०५६' लाई प्रतिस्थापन गर्ने विधेयक दर्ता भएको छ । उक्त विधेयकले १३ वर्ष उमेर पूरा भई १५ वर्ष उमेर नपुगेकालाई अनुसूचीमा तोकिएको हलुका काम लगाउन पाइन्छ भनेको छ । हलुका कामको अनुसूची हेर्दा केही कामबाहेक अधिकांश अनौपचारिक प्रकृतिको छ, जसले गर्दा यी काममा भएको श्रम शोषणको नियमन गर्न असम्भव छ ।

हलुका काममा व्यावसायिक बाल खेलाडी र बाल कलाकारको श्रमको विषय समावेश छैन । भाँडा माझ्ने र भान्सामा काम गर्ने कार्यलाई हलुका कामअन्तर्गत राखिएको छ भने आश्चर्यजनक रूपमा होटल, रेस्टुराँ आदिमा गरिने कामलाई जोखिमपूर्ण श्रमबाट हटाइएको छ । यसरी हेर्दा अब १३ वर्ष उमेर पुगेका बालबालिकाले होटल, रेस्टुराँ र घरेलु कामदारका रूपमा काम गर्न पाउने कानुनी प्रावधान ल्याउन खोजेको देखिन्छ ।

देशभर जम्मा ११ वटा मात्रै श्रम कार्यालय छन् । २७ वर्षसम्म एउटा पनि बाल श्रमिकको मुद्दाको अनुसन्धान र अभियोजन गर्न नसकेर फेल भएकै संयन्त्रलाई अहिलेको संशोधित कानुनले 'श्रमिक बालबालिकाको श्रम शोषणसम्बन्धी मुद्दा' को अनुसन्धानको जिम्मेवारी दिएर सरकारले कडा कानुन ल्याउँदै छ भनी हल्ला फिँजाइएको छ ।

श्रम कार्यालयको अनुसन्धान अधिकृतले यो किसिमको अनुसन्धान गर्ने क्षमता राख्दैनन् । अनुसन्धान र अभियोजनका स्थापित सिद्धान्त हुन्छन्, जुन नेपाल प्रहरीबाहेक अन्य संयन्त्रबाट परिकल्पना गर्नै सकिँदैन ।

### समाजले नदेखेको अँध्यारो पाटो

बालबालिका श्रममा प्रयोग हुनुलाई समाजले केवल गरिबी र अवसरका रूपमा मात्रै लिएको छ । तर, गरिब परिवारमा हुर्केका बालबालिकाको पनि बाल अधिकार हुन्छ भन्ने विषय समाजले कहिल्यै बुझ्न चाहेन । के एक छाक भात खान र पढ्न पाउन बालबालिकाले बालापनसँगै श्रम र शरीर बन्धकी राख्नुपर्ने ? जुनै शासन आए पनि बालबालिका सधैं धनी र हुनेखानेका दास भइराख्नुपर्ने ?

बालबालिकाले कुकुरलाई खुवाउने खाना खान र परिवारबाट अलग भई मानसिक रूपमा विक्षिप्त अवस्थामा यौनजन्य हिंसासमेत सहेर बस्नुपरेको छ । एकाध, केही बालबालिकालाई राम्रोसँग पालनपोषण गरिएको नजिर पेस गरी राज्यले श्रमिक बालबालिकाप्रति उदासीनता देखाउन मिल्दैन ।

### अबको बाटो

म महानगरपालिकाका सामुदायिक विद्यालयहरू पुग्दा ती प्रत्येक श्रमिक बालबालिकाका आँखामा भविष्यको सुनौला आशा देखेको छु । मसँग आफ्ना अनुभव साट्दा र पीडा सुनाउँदा रसाएका आँसु पुछ्दा उनीहरूका राम्रा दिन पक्कै आउनेछन् भन्ने विश्वास देखेको छु । नदेखुन् पनि किन ? स्वयम् हालका प्रधानमन्त्रीले घरेलु बाल श्रमिकलाई लक्षित गर्दै सामाजिक सञ्जालमा 'सरी नानु, समय आउनेछ' लेखेका थिए ।

हाल नेपाल सरकारले 'बालबालिकासम्बन्धी ऐन- २०७५' र 'बाल श्रम (नियमित तथा निषेध गर्ने) ऐन, २०५६' संशोधन गर्दै छ । हतारमा 'यति कानुन संशोधन गरियो' भनेर संख्यामा प्रगति देखाउनुभन्दा अब सदन र सरकारले यी २ वटा ऐनमा अझै सूक्ष्म अध्ययनसहित मिहिनेत गर्नु जरुरी छ । 'बाल श्रम (नियमित तथा निषेध गर्ने) ऐन, २०५६' मा अनौपचारिक क्षेत्र र जोखिमपूर्ण बालश्रमबाहेकका सबै प्रकारका बालश्रम निषेध तथा नियमित गर्ने र प्रभावकारी तथा व्यावहारिक कार्यान्वयन, श्रमिक बालबालिकाको पारिवारिक पुनर्मिलन, पुनःस्थापना, सीपसहित अनिवार्य शिक्षा, क्षतिपूर्तिलगायतका कार्यका लागि बलियो संयन्त्रसहित कानुनी आधार हुने गरी ऐन संशोधन हुनुपर्छ । त्यसैगरी, बालबालिकासम्बन्धी ऐन- २०७५ मा जोखिमपूर्ण बालश्रम, कमलरी, घरेलु बालश्रमलगायत अन्य अनौपचारिक क्षेत्रको निकृष्ट बालश्रम प्रयोगलाई बालबालिकाविरुद्धको कसुरअन्तर्गत राखी उचित सजाय र क्षतिपूर्तिको व्यवस्था गरिनुपर्छ ।

'बाल श्रम (नियमित तथा निषेध गर्ने) ऐन, २०५६' अन्तर्गतको बालबालिकाविरुद्धको श्रम शोषण भएको घटनाको मुद्दा अभियोजन सम्बन्धित श्रम कार्यालयका श्रम निरीक्षकले गर्न सक्छन् भने बालबालिकासम्बन्धी ऐन- २०७५ अन्तर्गतको बालबालिकाविरुद्ध कसुरका घटनाका मुद्दाको अनुसन्धान तथा अभियोजन नेपाल प्रहरीले गर्न सक्छन् । २७ वर्षसम्म मृत अवस्थामा रहेको बालश्रम ऐनलाई संशोधनको पानी छम्केर मात्रै पुनर्जीवित हुनेवाला छैन । हाल, दुवै ऐन सदनमा एकैपटक छलफल भई दुवै ऐनलाई बलियो बनाउने अवसरसमेत छ ।

यसरी राज्यले आफ्नो हकहित र न्यायको आवाज उठाउन नसक्ने कलिला बालबालिकाको पीडालाई सदैव बेवास्ता गर्ने र उदासीन हुने छुट छैन । कुनै समय पीडा भोगेका ती कलिला बालबालिका आज समाज बुझ्ने-वयस्क भइसकेका छन्, राज्यको यो बेवास्ताप्रति कानुनी लडाइँ लड्न र श्रमिक बालबालिकाको पक्षमा बहस पैरवी गर्न सक्षम भइसकेका छन् भन्ने हेक्का राख्नुपर्छ ।

# बिहारको राजनीतिमा पीकेको उदय

## सुशासन र रोजगारीको नारा दिएर प्रशान्त किशोरको जन सुराज पार्टीले भत्कायो भाजपाको गढ

**एजेन्सी** (नयाँदिल्ली)



विजय र्‍यालीमा प्रशान्त किशोर ।

तस्बिर : जन सुराज पार्टीको एक्स

कक्रोच जनता पार्टी (सीपीजे) नेतृत्वको युवा आन्दोलनबाट रक्षात्मक अवस्थामा पुगेको भारतको सत्तारुढ दल भारतीय जनता पार्टी (भाजपा) ले विधान सभा उपनिर्वाचनमा पनि नराम्रो धक्का व्यहोरेको छ। सोमबार सार्वजनिक भएको मतपरिणाम अनुसार बिहारको बांकीपुर सिटमा जन सुराज पार्टी (जेएसपी), मध्यप्रदेशको दतिया सिटमा भारतीय राष्ट्रिय कांग्रेसले जित हात पारेको छ। भाजपाले गुजरातको मांजलपुर सिट मात्र जोगाएको छ।

पटनासँग जोडिएको बांकीपुर निर्वाचन क्षेत्र भाजपाको गढ मानिन्छ। यसै वर्ष भाजपा राष्ट्रिय अध्यक्ष बनेका नितिन नवीनले आफ्नो लामो समयदेखिको गढमा सघन प्रचार गरे पनि आफ्नो पार्टीलाई जिताउन सकेनन्। नितिनले यस क्षेत्रबाट ५ पटक लगातार चुनाव जितेका थिए। तर, यस पटक भने उनी आफ्ना उत्तराधिकारीलाई निर्वाचन जिताउन असफल भए। उपनिर्वाचनमा जेएसपीका संस्थापक प्रशान्त किशोर (पीके) विजयी भएका छन्। सोमबार सम्पन्न मतगणनाअनुसार उनले भारतीय जनता पार्टी (भाजपा) का उम्मेदवार नीरजकुमार सिन्हालाई १९ हजार ३ सय २४ मतले पराजित गरेका छन्। प्रशान्तकुमारले ६४ हजार १ सय ५१ मत ल्याए। मतगणनामा सुरुवातदेखि नै अग्रता बनाएका प्रशान्त किशोरले अन्त्यसम्म पनि यसलाई कायम राखे। दोस्रो स्थानका नीरजकुमारले ४४ हजार ८ सय २७ र तेस्रो स्थानमा आएकी राष्ट्रिय जनता दल (आरजेडी) की रेखा कुमारीले १४ हजार २ सय ७३ भोट ल्याए। यसअघि ३० जुलाईमा यहाँ मतदान भएको थियो।

प्रशान्त किशोर र दुई वर्षअघि खुलेको जन सुराज पार्टीका लागि यो पहिलो चुनावी जित हो। यो जितलाई बिहारको राजनीतिमा प्रशान्त किशोरको औपचारिक उदयका रूपमा हेरिएको छ। ४९ वर्षीय प्रशान्त किशोर सक्रिय राजनीतिमा आउनुअघि एक सफल चुनावी रणनीतिकार थिए। प्रारम्भिक तथा उच्च शिक्षा बिहारमै हासिल गरेका उनले लखनऊ विश्वविद्यालयबाट १९९९ मा ब्याचलर अफ बिजनेस एडमिनिस्ट्रेसन सकेका थिए। उनले सन् २००३ मा हैदराबादको एडमिनिस्ट्रेटिभ स्टाफ कलेज अफ इन्डियाबाट हेल्थकेयर एडमिनिस्ट्रेसनमा मास्टर्स गरेका छन्। त्यसपछि केही समय हैदराबाद, अमेरिका, भारत, दक्षिण अफ्रिकामा काम गरे। त्यसबीच करिब दुई वर्ष दक्षिण अफ्रिकामा संयुक्त राष्ट्रसंघअन्तर्गतको निकायमा काम गरे।

पीके नामले समेत परिचित उनी लामो समयदेखि वैकल्पिक राजनीति र सुशासनको वकालत गर्दै आएका छन्। विगतमा भारतीय जनता पार्टी (भाजपा), जनता दल युनाइटेड (जेडियु), कांग्रेस, आम आदमी पार्टी (आप), तृणमूल कंग्रेसलगायत भारतका विभिन्न दलहरूले लोकसभा तथा विधानसभा निर्वाचनमा सफलता हासिल गर्दा प्रशान्त किशोरले पर्दा पछाडि बसेर सफल चुनावी रणनीति तयार गरेका थिए। सन् २०१५ को चुनावमा नीतिश कुमार नेतृत्वको महागठबन्धनलाई चुनाव जिताउन उनको अहं भूमिका रह्यो। त्यसको पुरस्कार स्वरूप नीतिशले उनलाई जेडियुको राष्ट्रिय उपाध्यक्ष र क्याबिनेट मन्त्री नै बनाए। तर, उनले केही महिनामै पार्टी नै छाडे। सन् २०१७ मा आन्ध्र प्रदेश चुनावमा वाईएसआर कांग्रेसलाई चुनावी मोर्चामा सघाए। तर, त्यहाँ भने उनले सफल भएनन्। तर, सन् २०२१ को विधान सभा चुनावमा प्रशान्त किशोरको रणनीतिको बलमा ममता बनर्जीको टीएमसीले ठूलो जीत हात पार्दै लगातार तेस्रो पटक सरकार बनाउन सफल भयो।

त्यसपछि उनी बिहारको पैदल यात्रामा निस्किए। २ अक्टोबर २०२४ मा आफ्नै जन सुराज पार्टी खोले। उनले अगाडि सारेका सुशासन, शिक्षा, स्वास्थ्य, रोजगारी र पूर्वाधारका मुद्दाले राम्रो चर्चा बटुल्यो। यसका बाबजुद गत नोभेम्बरमा भएको बिहार विधानसभा चुनावमा उम्मेदवारी दिएका २ सय ३८ सिटमध्ये जन सुराजले एउटा पनि सिट जित्न सकेको थिएन। यतिबेला प्रशान्त किशोर आफैं भने उम्मेदवार थिएनन्। अहिले उपनिर्वाचनबाट विजयी भएर उनले त्यो रिक्ततालाई मेटेका छन्।

बांकीपुर सिटमा विगत ५ कार्यकाल लगातार विधानसभामा निर्वाचित भएका नितिन नवीन यसै वर्ष जनवरीमा भाजपाको राष्ट्रिय अध्यक्ष चयन भएका थिए। त्यसपछि गत मार्चमा बिहार विधानसभा सदस्यबाट राजीनामा गरे। अनि, केन्द्रको माथिल्लो सदन राज्यसभा निर्वाचनमा बिहारबाट उम्मेदवार बने र उक्त निर्वाचन जिते।

रिक्त रहेको स्थानमा उपनिर्वाचन हुँदा जन सुराजका संस्थापक प्रशान्त किशोर आफैं उम्मेदवार बनेर जिते। ५ जुलाईमा एक पत्रकार सम्मेलनमा जन सुराजका प्रदेश अध्यक्ष मनोज भारतीयले प्रशान्त किशोरको उम्मेदवारी घोषणा गरेका थिए।

बिहारमा भाजपाको गढमा प्रशान्त कुमारले चुनाव जित्नुलाई अर्थपूर्ण मानिएको छ। किनकि, ८ महिनाअघि मात्रै सम्पन्न चुनावमा भाजपा इतिहासमै पहिलो पटक बिहार विधानसभामा पहिलो दल बन्न सफल भएको थियो।

तर, यस पटकको उपनिर्वाचनमा प्रशान्त किशोरको सुशासन र विकासको एजेन्डालाई मतदाताले रुचाए। प्रशान्त किशोरले चुनावलाई बिहारका मुख्यमन्त्री सम्राट चौधरीको शासनको जनमत संग्रह भनेर समेत प्रचार गरेका थिए। बांकीपुरलाई गढ दाबी गर्ने भाजपाको घमण्डबारे प्रशान्त किशोरले भनेका थिए, 'गढ जनताले बनाउँछन्, कुनै राजनीतिक दलले होइन।'

प्रशान्त किशोरको जितमा भाजपा र मुख्य विपक्षी दल राष्ट्रिय जनता दल (आरजेडी) दुवैको जनआधारमा आएको विभाजनलाई प्रमुख कारण मानिएको छ। परम्परागत रूपमा भाजपाले बहुसंख्यक उच्च जातिको साथ र आरजेडीले मुस्लिम-यादवसँगै पिछडिएका वर्गको साथ पाउने गरेका थिए। तर, यस पटक प्रशान्त किशोरको पक्षमा उच्च जातिदेखि मुस्लिम-यादव समुदायसमेत खुलेको पाइयो।

चुनाव प्रचारका क्रममा प्रशान्तले जाति र धर्मका पुराना मुद्दाहरूभन्दा पनि शिक्षा, रोजगारी र नागरिक सरोकारका मुद्दालाई उठाएका थिए। विश्लेषकहरूका अनुसार उनको जितले मतदातामा जाति र धर्मका पुराना एजेन्डाप्रति आकर्षण घट्दै गएको संकेत गरेको छ। त्यसबाहेक चुनावी रणनीतिले नै पनि प्रशान्त किशोरलाई साथ दिएको उनीहरूको दाबी छ। उनले ठूला क्षेत्रहरूमा टोल बैठक र जनसम्पर्कमा बढी ध्यान दिए। जसले गर्दा सुराज पार्टी भाजपाको 'सामाजिक समीकरण' तोड्न सफल भयो। भाजपाको स्थानीय निकायभित्रको केही मतभेद र आन्तरिक कलहको पनि प्रशान्त किशारले राम्रैसँग अध्ययन गरेका थिए। जसकारण, असन्तुष्टहरूको राम्रो मत उनलाई मिलेको चुनावी विश्लेषकहरूको दाबी छ।

सोमबारै घोषणा भएको परिणामअनुसार मध्यप्रदेशको दतिया विधानसभा क्षेत्रमा भने भारतीय राष्ट्रिय कांग्रेसका घनश्याम सिंह र गुजरातको मांजलपुर विधानसभा क्षेत्रमा भाजपाका सतेन्द्रभाइ पटेल विजयी भएका छन्।

# डेढ वर्षमा अमेरिकी हिरासतमा ५२ कागजातविहीन आप्रवासीको मृत्यु




**पक्राउपछि आइसको हिरासतमा बन्दीका रूपमा रहेका आप्रवासीमध्ये २० जनवरी २०२५ देखि ४ जुन २०२६ सम्म १७ महिना अवधिमा ५१ पुरुष र १ महिलाको मृत्यु भइसकेको छ ।**

**सुदीप शिवाकोटी** (अमेरिका)

१७ महिना अवधिमा अमेरिकाको हिरासतमा मृत्यु हुने कागजातविहीन आप्रवासीको संख्या ५२ जना पुगेको छ। अमेरिका बस्दै आएका र आपराधिक गतिविधिमा समेत संलग्न देखिएका कागजातविहीन आप्रवासीलाई अमेरिकी अध्यागमनसम्बन्धी उच्च निकाय यूएस इमिग्रेसन एण्ड कस्टम्स् इन्फोर्समेन्ट (आइस) ले पक्राउ गर्ने गरेको छ।

पक्राउपछि आइसको हिरासतमा बन्दीका रूपमा रहेकामध्ये २० जनवरी २०२५ देखि ४ जुन २०२६ सम्म १७ महिना अवधिमा ५१ पुरुष र १ महिलाको मृत्यु भइसकेको छ। मृत्यु हुनेमा अधिकांश दक्षिण अमेरिकी मुलुकका नागरिक छन्। उनीहरू १९ देखि ७५ वर्ष उमेर समूहका हुन्। तथ्यांकमा मृतकको अन्य विवरण उल्लेख गरिएको छैन। राष्ट्रपति डोनल्ड ट्रम्पको दोस्रो कार्यकाल सुरु भएयता २० जनवरी २०२५ देखि डिसेम्बरसम्म ३० जना र जनवरी २०२६ देखि ४ जुन २०२६ सम्म २२ जनाको आइसको हिरासतमा मृत्यु भएको तथ्यांकमा उल्लेख छ।

मृत्यु हुनेमा बढीजसो दक्षिणी सीमा क्षेत्र (क्यालिफोर्निया, फ्लोरिडा, टेक्सस) बाट जबर्जस्ती अमेरिकी भूमिमा प्रवेश गर्न खोज्नेहरू रहेको अमेरिकन इमिग्रेसन काउन्सिलले जनाएको छ। इमिग्रेसन काउन्सिलले राष्ट्रपति ट्रम्पको दोस्रो कार्यकाल सुरु भएयता ५ सय दिन अवधिलाई मात्र मूल्यांकन गर्दा ५२ जना गैरकानुनी आप्रवासीको मृत्यु भएको दाबीसमेत गरेको छ। हिरासतमै मृत्यु हुने आप्रवासीको संख्या बढ्दै गएकोमा ह्युमन राइट्स वाच (एचआरडब्लू) नामक गैरसरकारी अमेरिकी संस्थाले चिन्ता व्यक्त गरेको छ।

एचआरडब्लूले राष्ट्रपति ट्रम्पको दोस्रो कार्यकाल सुरु भएपछि कागजातविहीन आप्रवासीमाथिको कडाइ, नियन्त्रण, आपराधिक गतिविधिमाथि अनुसन्धान र विशेषगरी सीमा क्षेत्रमा सुरक्षा व्यवस्थाको कडाइका कारण मृत्युको संख्या बढेको आफ्नो अध्ययन प्रतिवेदनमा उल्लेख गरेको छ। एचआरडब्लूको तथ्यांकअनुसार अघिल्ला राष्ट्रपतिहरूको कार्यकालमा पनि आइसको हिरासतमा कागजातविहीन आप्रवासीको मृत्यु भएको उल्लेख छ। बाराक ओबामाको कार्यकालमा १२, ट्रम्पको पहिलो कार्यकालमा ६८, जो बाइडेनको कार्यकालमा २६ र हाल ट्रम्पको दोस्रो कार्यकालको ५ सय दिनमा ५२ जना गैरकानुनी आप्रवासीको मृत्यु भएको एचआरडब्लूले जनाएको छ।

विपक्षी डेमोक्र्याटहरूले आइसको हिरासतमा भएको आप्रवासीको मृत्युलाई ट्रम्प प्रशासनको नीतिको परिणाम भन्दै आलोचना गरेका छन्। सियाटल क्षेत्रकी प्रतिनिधि प्रमिला जयपालले करिब एक वर्षअघि नै आइसको लापरबाहीका कारण बन्दीका रूपमा रहेका आप्रवासीको मृत्यु भएको दाबी गरेकी थिइन्। आइसले आप्रवासीको मृत्युपछि जारी गरेको हरेक विज्ञप्तिमा आफ्नो हिरासतमा रहेका सबै व्यक्ति सुरक्षित, संरक्षित र मानवीय वातावरणमा बस्न सक्छन् भन्नेमा प्रतिबद्ध रहेको र सोहीअनुसार आइस हिरासतमा काम हुने दाबी गर्दै आएको छ।

हिरासतमा मृत्युको कारणबारे आइसले स्पष्ट पार्दै आएको छ। आइसका अनुसार दीर्घरोगी, आफ्नो स्वास्थ्यप्रति बेवास्ता, आक्रमण र मानसिक समस्या कारणले प्रायः आप्रवासीको मृत्यु हुने गरेको छ। आइसको धारणाबारे एचआरडब्लूले आइसको हिरासतमा पक्राउ परेकाहरूको संख्या अधिक भएको, क्षमताभन्दा धेरै मानिसलाई मानवअधिकारविपरीत हिरासतमा राखिएको र उनीहरूको मानवअधिकार खोसिएकोसमेत आरोप लगाएको छ। आइसको हिरासतमा हाल ६८ हजारभन्दा बढी कागजातविहीन आप्रवासी राखिएको छ। क्षमताभन्दा बढी संख्या भएको र पक्राउ पर्नेको संख्या अझै बढ्ने अनुमान गर्दै आइसले क्षमता वृद्धिका लागि हिरासत निर्माण गरिरहेको जनाएको छ।


।। आयो टप्प टिप्यो लग्यो, मिति पुग्यो टारेर टार्दैन त्यो ।।
।। झट्टै विन्ती गरुन् झुकेर पदमा, त्यो विन्ती मान्दैन त्यो ।।

**भावपूर्ण श्रद्धाञ्जली**



जन्म मिति
२०००, कार्तिक २१

स्व. लोकनाथ ढकाल

स्वर्गारोहण
२०८३ श्रावण ८ गते

पाल्पा, ह्रुँगीमा जन्म भै नेपाल सरकारको उपसचिव भई विभिन्न मन्त्रालय/विभागमा कार्य गरी नेपालको नक्सा निर्माण गर्न महत्वपूर्ण भूमिकामा सक्रिय रहनु भएको हाम्रा श्रद्धेय अभिभावक पति/पिता स्व. लोकनाथ ढकाल ८२ वर्षको उमेरमा ब्रम्हलिन हुनुभएकोमा हामीलाई अत्यन्त शोक विव्हल, स्तब्ध र मर्माहित बनाएको छ । उहाँको देहावसानको आज १२ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चीरशान्ती र वैकुण्ठवासको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै हामीहरुलाई यस दु:खद घडीमा समवेदना प्रकट गर्नुहुने सम्पूर्ण जनमा हार्दिक आभार प्रकट गर्दछौं ।

श्रीमती: भगवती ढकाल
छोरा: धिरज ढकाल
र
समस्त ढकाल परिवार

रातो पुल, काठमाडौं

छोरी/ज्वाई
कविता ढकाल यादव
ईश्वर यादव
नाती: कविश यादव


## आजको राशिफल



प्रीति आत्रेय ज्ञवाली, फलित ज्योतिषाचार्य

**मेष** कुनै कुराले गर्दा मनमा अलमल हुनसक्छ । सकेसम्म आफ्नै काममा व्यस्त हुन खोजिनेछ । आफू असम्बद्ध कुरामा तर्किनु नै मुनासिब हुनेछ ।

**वृष** कुनै कुराले मन उत्साहित बन्नेछ । कतै कुनै बैठकमा बस्नुपर्ला । प्रायः सबै कामहरु आफ्नै रोहबरमा सम्पन्न हुनेछन् ।

**मिथुन** मन उत्साहित बन्दा काममा सहजता हुनेछ । प्रायः सबै काम आफ्नै अनुकूलतामा सम्पन्न हुनेछन् । समग्रमा हेर्दा दिन राम्रै रहनेछ ।

**कर्कट** कुनै कुराको जिम्मेवारीले व्यस्त बनाउनसक्छ । आफैंले आफ्नो अनुकूलता विचारेर काम गर्न खोजिनेछ । आफू असम्बद्ध कुरामा तर्किनु नै मुनासिब रहनेछ ।

**सिंह** कसैको कुनै कुरा चित्त नबुझ्नसक्छ । कुनै कुराले गर्दा मनमा रीस उठ्नसक्छ । सकेसम्म शान्त र धैर्यपूर्वक काम गर्नुपर्ने बेला छ ।

**कन्या** तनमन जाँगरिलो बन्दा काममा सहजता हुनेछ । समसामयिक कुरामा आफूलाई प्रस्तुत गरिनेछ । समयसन्दर्भ विचारेर आफूलाई प्रस्तुत गरिनेछ ।

**तुला** समयले साथ दिँदै जानेछ । योजनानुसारका काममा आफूलाई प्रस्तुत गरिनेछ । जसरी पनि आफूखुसी रहने प्रयत्न गरिनेछ ।

**वृश्चिक** कतैबाट कुनै निमन्त्रणा पाइनसक्छ । समयावस्था विचारेर आफूलाई प्रस्तुत गरिनेछ । नगरी नहुने काममा आफूलाई जोड दिइनेछ ।

**धनु** कसैको कुनै कुराले काममा बाधा हुनसक्छ । राम्ररी जानेबुझेर काम गर्नुपर्ने अवस्था छ । आफैंले आफ्नो अवस्था विचारेर काम गर्नु उपयुक्त हुनेछ ।

**मकर** समसामयिक कुरा विचारेर आफूलाई प्रस्तुत गरिनेछ । व्यक्तिगत काममा समय दिन पाइनेछ । हरेक कुरामा अद्यावधिक हुन खोजिनेछ ।

**कुम्भ** कुनै कुराले गर्दा व्यस्त भइएला । जसरी पनि समसामयिक हुन खोजिनेछ । नगरी नहुने कुरामा जोड दिइनेछ ।

**मीन** समय आफू अनुकूल बन्दा काममा सहजता हुनेछ । समयानुसार सबै कुराहरु मिल्दै जानेछन् । कुनै कुराले गर्दा मनमा पुनर्ताजगी छाउला ।


# वर्गीकृत विज्ञापन

**घर जग्गा**

झम्सीखेल सानेपाको घरजग्गा बिक्रिमा, 9851071590 ,9869363404

धुम्बाराही एरियामा ०-७-१-१ जग्गा घरसहित बिक्रीमा ९८५१०४५८४१

४आनार ४रोपनीको आवासियघडेरी बिक्रीमा ९८०२३१५१०३

नंयाबजार (बालाजु) मुलसडकको 3 कित्ता भित्र 15 फुटे बाटो धारागल्लीमा आवासिय बंगलाको लागी उपयुक्त 10.5 आना (32×110 फीट) जग्गा बिक्रिमा मुल्य 65 लाख प्रतिआना सम्पर्क 9851075915

**सम्पर्क**

बैंकमा Cashdeposit धितोफुकुवा गर्नुपरेमा ९८०१०४५२१८

बैंकिङ्ग गर्नकोलागि धितो चाहियो ९८२००३१८२८

१-२ करोड सहकारी लोन तिर्ननसकेकोले ९७१४०९००१४

**विविध बिक्रीमा**

महीनाको ४०/५०००० नाफाहुने पानीडीपो, 9851067289

**निर्माण सफाई**

ठुलोगाडीमामेसिनबाट सेफ्टीट्याङ्की ढलमंगाल जामखोल्ने 9849442728

सस्तोमा ढलट्वाइलेट मंगाल जामखोल्ने 9841663344

सस्तोमा ढलमंगाल सेफ्टीट्यांकी जामखोल्ने 9851253840

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८१०१२७२५१

ठुलोगाडीबाट सेफ्टीट्यांकी तथा ढल-सरसफाई ९८५१२७३१७६

ढलटवाइलेट मंगल जामखोल्ने 500/- 9841176292

**चाहियो**

लगनखेल म:म: सेन्टरमा कामदारको आवश्यकता तलव १८,०००/- खानेबस्ने ९८०१८४१९२७, ९८०३३२०७५५

रिसोर्टकोलागि अलराउण्डर सेफ, कुक, वेटर ९८६२२६२६५७

तन्दुरीकुक तलव- २५,००० खानबस्न ९८४९४३८७३९

बुढानिलकण्ठ स्थित रिसोर्टमा डिसवासर, वेटर चाहियो 9808961144

म:ममिस्त्री, वेटर-२ चाहियो तलव १५०००।- ९८४१३१११४२

अनुभवी कुक वेटर मसाल्ची ९७६५३४३१९६

कुक चाहियो खाने बस्ने सुविधा छ ९८४११५३२५९

च्याउ फर्मकोलागि महिला, पुरुष, खानेबस्ने व्यवस्था, भक्तपुर ९८५१०३९८४७, ९८१८२०४६६९

खाजाघरलाई हेल्पर समय १० बजेदेखि, पुतलीसडक-१२,०००।- ९८०३२६१६९५

तिनकुने होटेललाई भांडामाझ्ने चाहियो ९८१३८०२९७५

**बिहावारी**

श्रेष्ठ, शाक्य महर्जनमा २१ वर्षदेखी ३५ वर्ष स्वदेश विदेश वरबधुमा सम्पर्क: ९८०८४७५७१४

## वर्गीकृत विज्ञापन संकलन काउन्टरहरू

| | | |
|---|---|---|
| रिजन एड मिडिया एण्ड मार्केटिङ्ग | पेप्सीकोला/कोटेश्वर | ०१-४५९३५३१, ९८५११७८८३० |
| सुस्मिता क्लासिफाइड | नयाँबानेश्वर | ०१-४१०४२३७, ९८५१०२११७२ |
| सिद्धि गणेश एडभरटाइजिङ्ग | फुलबारी टोल, कपन | ९८४१२८९४४७, ९८४३७८७५५६ |
| युनिटेक आई.टी. सोलुसन | चुच्चेपाटी | ९८४१३१५४४१, ०१४५८५९०२ |
| जयबागेश्वरी कम्युनिकेशन | जयबागेश्वरी | ०१-५२४१०११, ९८६३३३७२१७ |
| हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन | जमल | ४२२४१८१, ४०१२५७७ |
| पब्लिक कन्ट्याक्ट प्वाइन्ट | कालिमाटी | ४६७४८०१, ९८४१६९९३९३ |
| न्यू लालित्य प्रिन्ट एण्ड ट्रेडस | लगनखेल | ५५४३५८२, ९८४१८३४५३४ |
| भ्याली कम्युनिकेशन सर्भिस | महाराजगञ्ज | ०१४३७२३३०, ९८४९९६५२९३ |
| बि. एण्ड बि. कम्यूनिकेशन | कलंकी | ५२३४५३०, ९८४१०२१५२३ |
| लोटस एडभरटाइजिङ्ग मिडिया प्रा.लि. | गोंगबु, नयांवसपार्क | ९८५१०२४३९८, ४३६४७५१ |
| विडलिंक मिडिया | पु. बानेश्वरचोक | ४४९२३०९, ९८४९९६०६१४ |
| अनलाइन विज्ञापन सेवा | सिनामंगल | ४४९१४१२, ९८५११२०१८० |
| पशुपति विज्ञापन सेवा | सोह्रखुट्टे चोक | ९८६६४३०१५५, ९८१३६३५६०९ |
| मरमिड | कलंकी | ५२३४३४२, ९८४९४७५६७५ |
| निशा बुक्स एण्ड स्टेशनरी | लगनखेल | ५५३१९५७, ९८४१६२७४८९ |
| सेढाई स्टेशनरी | बसुन्धरा | ९८४६१७८२२८ |
| नेपाल मिडिया कन्सर्ट | सिफल | ०१-४५७८१०३ |
| सूर्य विनायक साइबर | भक्तपुर | ५०९२६७४, ९८४१९७०८४१ |
| डि. एण्ड डि एडभरटाइजिङ्ग | लुभु | ५५८०४०६, ५५५४३३२ |
| स्मार्ट इन्भेष्टमेन्ट | जोरपाटी | ९८५१०८९२५३, ९७४१०१७२५३ |
| प्रयास इन्टरप्राइजेज | बागबजार | ४२४५१०८ |
| किपु बुक प्वाइन्ट | कीर्तिपुर | ४३३१७७५ |
| कान्तिपुर सञ्चार सेवा | कमलपोखरी | ४५१४९२२, ९८४१४७८६०० |
| मिडिया वे प्रा.लि. | नयाँबजार | ४३८७८५५, ९८४१५१७०४५ |
| न्यु टिन्स स्टेशनरी | सातदोबाटो | ९६१७७४९१०९, ९८४१३२३८२८ |
| दीप सेवा कम्पनी | कोटेश्वर | ४६०००७० |
| क्वीक कम्युनिकेशन सर्भिस | बालाजु | ४९८३४५२, ४९८५४२६ |
| गेटवे सञ्चार सेवा | सिनामंगल | ९८०३७३९९८८, ९८५१०५३०७८ |
| आर्क मिडिया | सुन्धारा | ०१-५७१३९७१, ९८५१२२८२२८ |
| अदीति विज्ञापन सेवा | कौशलटार | ९८५११२२३८१ |
| माउण्टेन एर एड | एकान्तकुना, नख्खु | ५५३३७६६, ९८४९६६९४६५ |
| लुमिनेन्ट एड एजेन्सी | कुमारीपाटी | ०१-५१७१२१६, ९८५११९५५२५ |
| सुविधा डटकम | बनस्थली | ४३५२७७२, ९८४१७११५१२ |
| सेभेन 24 प्रा.लि. | जावलाखेल, लपु | ०१-५४४७७९७, ०१-५४३५९२४ |
| मिडिया एडब | लाजिम्पाट | ४००१०२५ |
| सगरमाथा श्री मिडिया | बालकुमारी | ९८४१९५४००७, ०१-५१००४७० |
| गणेश पुस्तक | कांकडभित्ता | ९८४२६३३४०६, ०२३-५६३१०९ |
| मुनाल पुस्तक पसल | गाईघाट | ९८४२८७५५५५, ०३५-४२०१२५ |
| श्रेष्ठ बुक्स एण्ड स्टेशनरी | दमक | ०२३-५८४१२५, ९८४२६२०७५७ |
| के.डि.ए. सप्लायर्स एण्ड एड | भरतपुर | ०५६-५७२१०९, ९८४५१९९३६१ |
| चितवन एडभरटाइजिङ्ग | भरतपुर | ०५६-५३१००८, ९८५५०६३४०७ |

**वर्गीकृत विज्ञापन** साधारण प्रति शब्द रू. ४५/- बोल्ड प्रति शब्द रू. १००/- **वर्गीकृत डिस्प्ले** श्याम/श्वेत रू. ३०००/- स्पट कलर रू. ३५००/- मल्टी कलर रू. ५०००/-*

*मू.अ.क. बाहेक

सम्पर्क नं. ५१३५०००, ५१३५००४, Ext. १६४८ Email: mktclassified@kmg.com.np

| विदेशी मुद्रा | |
|---|---|
| अमेरिकी डलर | १५२.९२ |
| युरो | १७६.२९ |
| पाउन्ड स्टर्लिङ | २०६.१६ |
| अस्ट्रेलियन डलर | १०७.४० |
| कतारी रियाल | ४१.९८ |

राष्ट्र बैंकको आधारमा

सुन रू. २,८४,०००

चाँदी रू. ४,३५०

# प्रदेशहरूको पुँजीगत खर्च औसत ६१.३३ प्रतिशत मात्रै

## पटक-पटक सरकारको फेरबदल, तयारीबिना आयोजना छनोट, जनशक्ति अभाव र कार्यान्वयन गर्ने प्रतिबद्धता नहुँदा पुँजीगत खर्च न्यून

**सीमा तामाङ** (काठमाडौं), **घनश्याम गौतम** (बुटवल), **दीपक परियार** (पोखरा), **पर्वत पोर्तेल** (विराटनगर), **अर्जुन शाह** (धनगढी), **प्रताप विष्ट** (हेटौंडा), **अजित तिवारी** (जनकपुर) र **कृष्णप्रसाद गौतम** (सुर्खेत)

गत आर्थिक वर्ष सातै प्रदेशको पुँजीगत खर्च औसत ६१.३३ प्रतिशत मात्र भएको छ । यो सोही अवधिमा भएको संघीय सरकारको पुँजीगत खर्चको तुलनामा भने बढी हो । गत वर्ष संघीय सरकारको पुँजीगत खर्च ४६.७९ प्रतिशत मात्रै छ । संघको तुलनामा प्रदेश सरकारको औसत खर्च केही बढी देखिए पनि सन्तोषजनक भने होइन ।

संघीयता सुरु भएपछि प्रदेशहरूले विनियोजन गरेको पुँजीगत बजेटको औसत ५५-६० प्रतिशत मात्र खर्च गर्न सकेको विभिन्न अनुसन्धानले देखाएका छन् । यद्यपि पछिल्ला वर्षमा प्रदेशहरूको पुँजीगत खर्च कार्यान्वयनमा गिरावटको प्रवृत्ति देखिएको छ । गत भदौको जेन-जी आन्दोलन, त्यसैको आडमा २१ फागुनमा भएको प्रतिनिधिसभा निर्वाचन, नयाँ सरकार गठनलगायतले काम हुन नपाउनुलाई २०८२/८३ मा न्यून पुँजीगत खर्चको कारण मानिएको छ । तर गत भदौको जेन-जी आन्दोलन र प्रतिनिधिसभा निर्वाचनले प्रदेश सरकारलाई खासै असर नपारेकाले न्यून खर्चको बहाना त्यसलाई बनाउन नमिल्ने जानकार बताउँछन् ।

जेन-जी आन्दोलन र प्रतिनिधिसभा चुनावले संघीय सरकारले असर गरे पनि प्रदेश सरकारहरूलाई खासै अवरोध नगरेको राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष प्रकाशकुमार श्रेष्ठले जनाए । तयारी, सही आयोजना छनोट, जनशक्ति अभाव र कार्यान्वयन गर्ने प्रतिबद्धताको अभाव हुँदा पुँजीगत खर्च हुन नसकेको उनको भनाइ छ । कार्यान्वयन गर्न उत्प्रेरित गर्ने अनुमान गर्ने संयन्त्र पनि कमजोर छ । प्रदेशहरूमा पर्याप्त जनशक्ति छैन, यही कारणले पनि खर्च नभएको हुन सक्छ ।

वास्तवमा केन्द्रदेखि धेरैजसो पालिकासम्म खर्चको अवस्था उस्तै रहेको श्रेष्ठले बताए । त्यसले गर्दा अर्थतन्त्रमा जुन माग बढ्नुपर्ने हो, त्यो माग बढ्न नसकेको श्रेष्ठले जनाए । 'पुँजीगत खर्च समग्रमा कमजोर छ । तीनवटै सरकारको ढुकुटी बचतमा रहिरहन्छ । जुन अर्थतन्त्रलाई मोबिलाइज गर्नुपर्ने हो, त्यो गर्न सकिएको छैन,' उनले भने, 'वास्तवमा १५ जेठमा ल्याइसकेपछि असारसम्म ४५ दिनमा सबै पूर्वतयारी गरेर साउनदेखि कार्यान्वयनमा जानुपर्ने भए पनि हुन सकेको छैन ।'

अब जेठमा बजेट आएपछि चालु वर्ष कार्यान्वयनमा लाग्दा ठिक्क हुन्छ । साउनदेखि मात्रै बल्ल नयाँ बजेटको नयाँ कार्यक्रमको कार्यान्वयनका लागि बल्ल तयारी सुरु हुन्छ,' श्रेष्ठले भने, 'त्यसमा फेरि सबै कार्यविधि पूरा गर्दा टेन्डर निकाल्ने आदि प्रक्रियामा जानुपर्छ, यो अलि लामै छ ।'




संघ, प्रदेश र पालिकाहरूले पनि पुँजीगत खर्च गर्न नसक्दा तीनवटै सरकारको संयुक्त ढुकुटी बचतमा रहिरहन्छ । तर संघीय सरकारको ढुकुटी प्रायः अवस्थामा ऋणात्मक हुन्छ । जसका कारण एकीकृत माग बढ्न सकेको छैन, अर्थतन्त्र पनि सुस्त रहेको जानकारहरूको तर्क छ ।

गत आर्थिक वर्ष सबैभन्दा बढी खर्च गर्नेमा कोशी अघि छ । सबैभन्दा पछाडि मधेश छ । कोशीले ७२.२१ प्रतिशत पुँजीगत खर्च गरेको छ भने मधेशमा ५४.१२ प्रतिशत खर्च भएको छ । यस्तै बागमतीको ६८.७४, गण्डकीको ६७.९७, लुम्बिनीको ६६.८०, कर्णालीको ५५.७४ र सुदूरपश्चिमको ५८.३२ प्रतिशत खर्च भएको छ ।

लुम्बिनीले पुँजीगततर्फ २३ अर्ब ४७ करोड १४ लाख ६५ हजार विनियोजन गरेकामा १५ अर्ब ६७ करोड ७९ लाख ६४ हजार रुपैयाँ अर्थात् ६६ दशमलव ८० प्रतिशत मात्रै खर्च गरेको छ । सरकारले गत वर्ष ७२ दशमलव ४३ प्रतिशत बजेट खर्च गरेको थियो । राजनीतिक उतारचढाव, जेन-जी आन्दोलन, चुनाव र राजनीतिक दलहरूका अधिवेशन, निर्वाचन आचारसंहिता, निर्वाचनलगायत गतिविधिका कारण पनि प्रदेश सरकारको खर्च केही कम देखिएको सरकारका प्रवक्ता एवं स्वास्थ्यमन्त्री रामजीप्रसाद घिमिरे बताउँछन् ।

'बजेट कार्यान्वयनको सुरुकै चरणमा जेन-जी आन्दोलन भयो, त्यसको अन्योल देखियो,' घिमिरेले भने, 'नयाँ सरकारको निर्देशन, राजनीतिक दलका गतिविधि, संघीय र प्रदेश सरकारबीच समन्वय अभाव, निर्वाचन आचारसंहिता र निर्वाचनले खर्च कम भएको छ ।'

गण्डकीले पुँजीगततर्फ १९ अर्ब ९ करोड रुपैयाँ विनियोजन गरेकोमध्ये १२ अर्ब ९७ करोड ७८ लाख रुपैयाँ मात्रै खर्च गरेको छ । जुन ६७.९७ प्रतिशत हो । प्रदेशले चालुतर्फ विनियोजित १२ अर्ब ६३ करोड रुपैयाँमध्ये ७ अर्ब ६० करोड ३१ लाख रुपैयाँ अर्थात् ६०.१७ प्रतिशत खर्च भएको छ ।

जेठ मसान्तसम्म कुल बजेटको ४५ दशमलव ५ प्रतिशत मात्रै खर्च गरेको कोशीले सरकारले असारको २५ दिनमै करिब १० अर्ब रुपैयाँ भुक्तानी गरेपछि वार्षिक खर्च ७२ दशमलव ७२ प्रतिशत पुगेको हो । गत आर्थिक वर्ष पुँजीगततर्फ १७ अर्ब १४ करोड ६२ लाख विनियोजन गरिएकामा १२ अर्ब ३८ करोड १७ लाख रुपैयाँ मात्र खर्च भएको छ । चालुतर्फ १८ अर्ब ८५ करोड २२ लाख विनियोजन गरिएकामा १३ अर्ब ८२ करोड १२ लाख रुपैयाँ अर्थात् ७३ दशमलव ३१ प्रतिशत खर्च भएको छ । वित्तीय व्यवस्थातर्फ छुट्याइएको १ अर्ब रुपैयाँमध्ये ४५ करोड ४२ लाख खर्च भएको छ ।

बागमतीले २५ असारसम्म चालु वर्षका लागि विनियोजित कुल बजेटको ६८.५८ प्रतिशत रकम खर्च गरेको छ । प्रदेश कोष लेखा नियन्त्रक कार्यालयका अनुसार कुल ६७ अर्ब ४७ करोड ८३ लाख २७ हजारमध्ये ४६ अर्ब २७ करोड ७७ लाख १९ हजार ९२८ रुपैयाँ खर्च गरेको हो ।

चालुभन्दा पुँजीगत (विकास) खर्च केही बढी देखिएको छ । चालुतर्फ २५ अर्ब ८१ करोड ३५ लाख ९० हजारमध्ये १७ अर्ब ६३ करोड ७४ लाख ३२ हजार खर्च भएको छ । पुँजीगत खर्चतर्फ ४१ अर्ब ६६ करोड ४७ लाख ३६ हजारमध्ये २८ अर्ब ६४ करोड २ लाख ८७ हजार खर्च भएको छ ।

सुदूरपश्चिमले पुँजीगततर्फ १९ अर्ब ८२ करोड ९६ लाख ८६ हजार विनियोजन गरिएकामा ११ अर्ब ५६ करोड ४८ लाख रुपैयाँ खर्चिएको छ । चालुतर्फ १३ अर्ब ५९ करोड २८ लाख ४७ हजार विनियोजन गरिएकामा ९ अर्ब २७ करोड २४ लाख २५ लाख ४१४ रुपैयाँ खर्च भएको छ ।

पेट्रोलियमलगायत सामग्रीमा मूल्यवृद्धिका कारण निर्माण कार्यमा बाधा भएपछि अपेक्षित खर्च हुन नसकेको आर्थिक मामिला मन्त्रालयका सचिव राजेन्द्रकुमार हमाल बताउँछन् । 'निर्वाचन, जेन-जी आन्दोलनलगायत कारणले पनि खर्च तालिकामा केही असर पर्‍यो,' सचिव हमालले भने, 'हामीले त ५५ प्रतिशत नाघ्दैन कि सोचिराख्यौं, धन्न ६२ प्रतिशत पुग्यो ।' कुल खर्चमा पनि असारको तेस्रो सातापछिका पाँच दिनमा मात्र झन्डै अर्ब खर्च भएको कार्यालयले जनाएको छ । **बाँकी पृष्ठ ८**

# नीतिगत अनिश्चितताले अर्थतन्त्रमा नकारात्मक असर, नेप्से र आयात व्यापार बढी प्रभावित

## सेयर बजार १०, जीडीपी २, कर्जा प्रवाह ५, आयात १५ प्रतिशतसम्मले घट्ने अध्ययनको निष्कर्ष

**यज्ञ बञ्जाडे** (काठमाडौं)

राज्यको नीति अनिश्चित हुँदा अर्थतन्त्रमा ठूलो नकारात्मक असर पर्ने एक अध्ययनले देखाएको छ । राष्ट्र बैंकले सार्वजनिक गरेको 'आर्थिक नीतिगत अनिश्चितताले समष्टिगत अर्थतन्त्रमा पार्ने प्रभाव : नेपालको अध्ययन' विषयक प्रतिवेदनले नीतिगत निश्चितता नहुँदा अर्थतन्त्रमा नकारात्मक असर पर्ने देखाएको हो ।

प्रतिवेदनले नीतिगत अनिश्चितता बढ्दा कुल गार्हस्थ्य उत्पादन (जीडीपी), आयात, निजी क्षेत्रतर्फको कर्जा प्रवाह तथा सेयर बजार परिसूचक (नेप्से) मा गिरावट आउने देखाएको हो । राष्ट्र बैंकका कर्मचारीद्वय वीरेन्द्रबहादुर बुढा र रोहन व्यञ्जनकार तथा अनुसन्धानकर्ता स्वस्तिक नेपालद्वारा तयार पारिएको 'वर्किङ पेपर' ले आर्थिक नीतिसम्बन्धी अन्योल बढ्दा आर्थिक गतिविधि, लगानी र वित्तीय बजारमा नकारात्मक प्रभाव पर्ने निष्कर्ष निकालेको हो ।

अध्ययनमा जनवरी २०११ देखि अप्रिल २०२६ सम्मको सार्वजनिक रूपमा उपलब्ध 'गुगल ट्रेन्ड' को वास्तविक समय (रियल टाइम) मा प्राप्त हुने तथ्यांकका आधारमा नेपालका लागि आर्थिक नीतिगत अनिश्चितताको सूचकांक (इन्डेक्स) तयार गरिएको छ ।

नेपालमा यस्तो सूचकांक तयार पारेर अनुसन्धान गरिएको यो पहिलो पटक हो । यो सूचकले कुनै निश्चित समयमा इन्टरनेटमा खोजी भएका शब्दका आधारमा सूचकांक बढी र कम भनेर विश्लेषण गरेको छ । कुनै शब्द इन्टरनेटमा खोजीको संख्या बढ्दा त्यसको भार बढी र खोजी घट्दा भार पनि कम हुन्छ । यसरी अध्ययनमा अनिश्चिततासँग सम्बन्धित शब्दहरू इन्टरनेटमा हुने खोजीको तीव्रता बढी हुनु भनेको आर्थिक गतिविधिमा संलग्न व्यक्ति तथा संस्थाबीच आर्थिक नीतिगत अनिश्चितता बढेको संकेतका रूपमा व्याख्या गरिएको छ ।

नेपालमा नीति निर्माता (वित्त नीति र मौद्रिक नीति) द्वारा पर्याप्त अध्ययन तथा विश्लेषणबिना नीति बन्ने र त्यसको असर देखिन थालेपछि छिटोछिटो परिवर्तन गर्ने प्रवृत्ति मौलाइरहेका बेला राष्ट्र बैंकका कर्मचारीहरूले 'गुगल ट्रेन्ड्स अनसर्टेनिटी इन्डेक्स' मार्फत अर्थतन्त्रका विभिन्न क्षेत्रमा पर्ने असरको विश्लेषण गरेका हुन् ।

प्रतिवेदनमा अध्ययनले नीतिगत अस्थिरताको सूचकांक बढ्नेबित्तिकै सेयर बजारमा 'प्यानिक सेल' (बिक्रीमा दबाब) सुरु हुने र त्यस्तो अवस्थामा सेयर बजार (नेप्से) मा तत्कालै करिब ५ प्रतिशतसम्म घट्ने देखिएको छ । नीतिगत अन्योल लम्बिएमा सेयर बजारको घट्ने दर १० प्रतिशतसम्म पुग्ने प्रतिवेदनले औंल्याएको छ ।

> निजी क्षेत्रको कर्जामा पर्ने प्रभाव भने केही ढिलो देखिएको छ, यसको नकारात्मक असर तेस्रोदेखि छैटौं त्रैमाससम्म कायम रहने देखिएको छ
>
> उपभोक्ता मूल्य सूचकांकमा भने अनिश्चितताको प्रभाव उल्लेख्य रूपमा नदेखिएको अध्ययनले देखाएको छ, नीति निर्माताहरूलाई स्पष्ट र पूर्वानुमान गर्न सकिने नीति अवलम्बन गर्न अध्ययनको सुझाव छ

राज्यको नीतिका आधारमा लगानीकर्ताले लगानीको प्रतिफल अनुमान गर्ने तर नीतिगत अनिश्चितता रहँदा पूर्वानुमान नमिल्ने तथा जोखिम धेरै हुने भएकाले लगानीकर्ता बजारबाट बाहिरिन चाहन्छन् । जसले बजारलाई तीव्र गतिमा तल झार्ने अध्ययनको निष्कर्ष छ ।

अध्ययनले नेपालमा वार्षिक बजेट र मौद्रिक नीति सार्वजनिक हुने समयमा गरी दुई पटक सबैभन्दा धेरै नीतिगत अनिश्चितता रहने गरेको देखाएको छ । नेपाल सरकारले एक दशकअघिसम्म (२०७२ सम्म) प्रायः हरेक वर्ष असार महिनामा बजेट सार्वजनिक गर्ने गरेको थियो । त्यसयता हरेक वर्ष १५ जेठमा बजेट घोषणा गर्दै आएको छ । राष्ट्र बैंकले प्रायः असारको अन्त्यमा मौद्रिक नीति सार्वजनिक गर्दै आएको छ । यही अवधिमा नीतिगत अनिश्चितता बढी देखिएको अध्ययनले देखाएको हो ।

यसबाहेक २०७१ मा काठमाडौंमा आयोजित सार्क शिखर सम्मेलन र अगस्ट २०७५ मा सम्पन्न बिमस्टेक शिखर सम्मेलनका बेला पनि नीतिगत अनिश्चितता उल्लेखनीय रूपमा बढेको अध्ययनले देखाएको छ । २०७९ मा नेपाल राष्ट्र बैंकले विदेशी विनिमय सञ्चिति पर्याप्तताको अवस्था सबैभन्दा कमजोर रहेका बेला जीयूआई सूचकांक उल्लेखनीय रूपमा बढेको जनाइएको छ ।

'आर्थिक नीतिगत अनिश्चितता बढ्दा जीडीपी घट्छ । यसको प्रभाव दोस्रो त्रैमासदेखि देखिन सुरु हुन्छ र यो क्रम चौथो त्रैमाससम्म कायम रहन्छ । परिमाणात्मक रूपमा हेर्दा अनिश्चितता बढ्दा जीडीपी करिब २ प्रतिशतले घट्ने देखिएको छ,' प्रतिवेदनमा भनिएको छ, 'आयात र निजी क्षेत्रतर्फको कर्जा प्रवाह पनि अनिश्चितता बढेसँगै घट्ने देखिएको छ । विश्लेषणले अनिश्चितता बढ्दा वास्तविक आयात करिब १५ प्रतिशत र निजी क्षेत्रको वास्तविक कर्जा करिब ५ प्रतिशतले घट्ने देखिएको छ ।'

यस्तै, निजी क्षेत्रको कर्जामा पर्ने प्रभाव भने केही ढिलो देखिएको छ । यसको नकारात्मक असर तेस्रोदेखि छैटौं त्रैमाससम्म कायम रहने देखिएको छ । 'नीतिगत अनिश्चितताको असर सबैभन्दा छिटो नेप्से परिसूचकमा देखिने गरेको छ,' अध्ययनमा भनिएको छ, 'अनिश्चितताको झट्का लाग्नेबित्तिकै नेप्से करिब ५ प्रतिशतले घट्छ र यसको अधिकतम प्रभाव करिब १० प्रतिशतसम्मको गिरावट देखिन्छ ।'

तर उपभोक्ता मूल्य सूचकांकमा भने अनिश्चितताको प्रभाव उल्लेख्य रूपमा नदेखिएको अध्ययनले देखाएको छ । राष्ट्र बैंकको यो अध्ययनले नीति निर्माताहरूलाई स्पष्ट र पूर्वानुमान गर्न सकिने नीति अवलम्बन गर्न सुझाव दिएको छ । विशेषगरी पुँजी बजारजस्तो संवेदनशील क्षेत्रमा नीतिगत छलाङ मार्नुभन्दा स्थिर र पारदर्शी वातावरण बनाउनुपर्नेमा जोड दिइएको छ ।

# राष्ट्रिय वाणिज्य, कृषि विकास र प्रभु बैंक राष्ट्र बैंकको कारबाहीमा

**कान्तिपुर संवाददाता** (काठमाडौं)

गत आर्थिक वर्षको चौथो त्रैमासमा राष्ट्र बैंकले तीन वाणिज्य बैंकलाई कारबाही गरेको छ । आफ्नो निर्देशन नमानेको, नियमविपरीत काम गरेको भन्दै राष्ट्र बैंकले केही बैंकका सञ्चालक र प्रमुख कार्यकारी अधिकृत (सीईओ) लाई सचेत गराएको छ, केहीलाई भने नगद जरिवाना पनि गरिएको छ ।

समष्टिगत स्थलगत निरीक्षण प्रतिवेदन, २०८१ मा देखिएका गम्भीर प्रकृतिका कमजोरी समयमै सुधार गर्न बैंकले अग्रसरता नदेखाएपछि राष्ट्र बैंकले प्रभु बैंकको सञ्चालक समितिलाई यसअघि सचेत गराई समयमैकैफियत सुधार गर्न सुधारको योजना तर्जुमा गरी लागू गर्न निर्देशन दिएको थियो ।

'चैत २०८१ मसान्तको अपरिष्कृत वित्तीय विवरणका आधारमा २०८२ मा गरिएको उक्त बैंकको जोखिममा आधारित समष्टिगत स्थलगत निरीक्षणका क्रममा समेत उल्लेखित कैफियतहरूमा अपेक्षित सुधार नदेखिएकाले नेपाल राष्ट्र बैंक ऐन, २०५८ (संशोधनसमेत) को दफा १०० को उपदफा १ को बमोजिम सुधारात्मक कदम चाल्न प्रभु बैंक लिमिटेडको सञ्चालक समितिलाई कबुलियतनामा गराइएको थियो,' राष्ट्र बैंकले भनेको छ ।

राष्ट्र बैंकले प्रभु बैंकका निवर्तमान सीईओ अशोक शेरचनलाई पाँच लाख नगद जरिवाना गरेको छ । स्थलगत निरीक्षण प्रतिवेदनमा कर्जाका सम्बन्धमा दिइएका अधिकांश निर्देशन बैंकले पालना नगरेको, निर्देशन पटक पटक उल्लंघन गरेको, अघिल्लो निरीक्षण प्रतिवेदनमा उल्लिखित प्रायः कैफियत सुधार नगरेकोलगायत कारण शेरचनलाई नगद जरिवाना गरिएको राष्ट्र बैंकले जनाएको छ ।

> पटक–पटक निर्देशन पालना नगरेपछि प्रभु बैंकका तत्कालीन सीईओ शेरचनलाई पाँच लाख जरिवाना

'कर्जाहरूको वर्गीकरण नगरी पर्याप्त कर्जा नोक्सानी व्यवस्था कायम नगरेको र राष्ट्र बैंकमा पेस गरेको कर्जासम्बन्धी विवरण बैंकको कोर बैंकिङ सिस्टमबाट प्राप्त हुने कर्जा विवरणभन्दा फरक हुने गरी पेस गरेको हुँदा बैंकका तत्कालीन प्रमुख कार्यकारी अधिकृत शेरचनले निर्देशन उल्लंघन गरेकाले राष्ट्र बैंक ऐन, २०५८ (संशोधनसमेत) को दफा १०० बमोजिम पाँच लाख रुपैयाँ नगद जरिवाना गराइएको छ,' राष्ट्र बैंकले भनेको छ । **बाँकी पृष्ठ ८**


HELVETAS NEPAL
Partnerships for People. Progress for Nepal.

VACANCY ANNOUNCEMENT

(First Date of Publication: 04.08.2026)

Helvetas is an organization specialized in development cooperation and humanitarian response, anchored in Switzerland. Our vision is a just world in which all people determine the course of their lives in dignity and security, using environmental resources in a sustainable manner. For our People & Culture team based in Switzerland Head Office we are seeking a motivated and empathetic Global HR Officer- Systems & Data who will be based in Kathmandu, Nepal to join our organisation as per November 2026 or December 2026. Helvetas Nepal invites applications from competent and committed Nepali Citizens for the following position: **GLOBAL HR OFFICER - SYSTEMS & DATA 100%**

**Global HR Officer - Systems & Data**

**Your main tasks:** Support the People & Culture Director in driving global HR digital initiatives (e.g. Global Employee Data, Global Onboarding and Global Time Tracking), acting as the key link between the global HR community across 37 countries and the Digital & IT teams. For Global Employee Data (live solution): ensure data quality, support the global HR community through training and guidance, and drive continuous system improvement and further development. For Global Onboarding (rollout): coordinate implementation across partner countries, support local HR teams in integrating the solution into their processes, and consolidate feedback for further development. For Global Time Tracking (design): support end-to-end development from the HR perspective, including requirements gathering, process mapping, stakeholder alignment, testing and rollout planning. Across all initiatives, gather and document HR and business requirements, translating the needs of HR teams and employees into clear inputs for system design and development. Contribute to internal HR projects and improvement initiatives across the employee lifecycle - from onboarding to offboarding - gaining broad exposure to global HR practices and actively helping to enhance the quality of HR services and the employee experience.

**Required Education and Experience:** Bachelor's degree in Human Resources, Business Administration, Information Systems or a related field. 3+ years of experience in HR Management or HR Operations. Experience contributing to the development and implementation of HR initiatives. Experience handling confidential digital HR data with accuracy and attention to detail. Strong coordination, organizational and stakeholder-management skills, with the ability to work across locations and time zones. Ability to translate HR needs into system and process requirements and communicate effectively with non-technical users. Ability to quickly learn new HR systems and support end users with simple troubleshooting and guidance. Confident user of Microsoft 365 (Teams, SharePoint, Outlook) and strong Excel skills for data validation, analysis and reporting. Fluency in written and spoken English.

**Duty station:** Kathmandu, Nepal
**Duration:** Initially two years with a possibility of extension.
**Salary and Benefits:** As per rules and regulations of Helvetas Nepal.
**Application Procedures:** Interested candidates meeting the requirements are requested to visit our website at https://www.helvetas.org/en/nepal/who-we-are/jobs and submit an application through https://tinyurl.com/hv3376w4

Any telephone enquiries/and or attempts to apply undue influence will result disqualification of candidates. Only short-listed candidates will be contacted for the selection process. Helvetas Nepal reserves the right to reject any or all applications without assigning any reasons.

**Helvetas Nepal promotes workforce diversity and applies positive discrimination to candidates from discriminated groups (Woman, Dalit, Janajati, Madhesi/Terai, and other minority communities).**

Deadline for submission of application: 18.08.2026



CAREER OPPORTUNITY

Nabil Bank, established in 1984, is a market leader in Nepal's banking sector. We are dedicated to be Nepal's most trusted and future-ready Bank. Upholding our brand promise, "Together Ahead Always," we invite highly talented, motivated, and qualified Nepali citizens to apply for the following position:

- **Chief Risk Officer**
  **Level: Senior Manager (M4) and Above**

**Qualification & Experience:**

- Master's Degree in Finance, Economics, Statistics, Mathematics, Risk Management, Banking, Business Administration, or related discipline from a recognized University/Institution.
- Minimum 15 years of banking experience, with at least 8 years in progressively senior risk management/leadership roles.
- Currently serving in a senior risk leadership role in Risk Review, Monitoring and Management, such as Head of Credit Risk, Chief Risk Officer (CRO), or Deputy CRO.
- Candidates with Professional certifications such as Financial/Professional Risk Manager (FRM/PRM), CFA, CA & Cybersecurity Risk will be given preference.
- Demonstrated experience interacting with Boards, regulators, auditors, and rating agencies.
- Proven experience in enterprise risk management, Basel implementation, ICAAP, IFRS 9/ECL, stress testing, model governance, and digital risk.
- Experience leading large cross-functional teams and driving enterprise-wide risk transformation.

Only shortlisted candidates will be contacted for further selection process. The Bank reserves the right to reject any/all applications without assigning any reason.

Canvassing in any form or at any stage of the process shall lead to automatic disqualification.

**Application Deadline:** 18 August 2026

We are committed to fostering a diverse, equitable, and inclusive workplace where all employees are valued and respected. We provide equal employment opportunities and do not discriminate on the basis of gender, gender identity, religion, race, ethnicity, sexual orientation, disability, or any other characteristic protected by applicable laws.

For further details, scan the QR code or visit www.nabilbank.com/career and click on the respective job position.

NABIL BANK®
Human Resource Department, Ghantaghar, Kathmandu, Contact No: 01-5971871

# पुँजी बजार सुधारका लागि बोर्डको अवधारणापत्र, पर्याप्त तयारीपछि मात्र 'सर्ट सेलिङ'

**कान्तिपुर संवाददाता** (काठमाडौं)

धितोपत्र बोर्डले पर्याप्त नीतिगत र संरचनागत सुधारपछि मात्र 'सर्ट सेलिङ' कार्यान्वयनमा ल्याउने तयारी गरेको छ । त्यसका लागि पहिलो चरणमा मार्जिन लेन्डिङ, दोस्रो चरणमा इन्ट्रा डे, तेस्रो चरणमा धितोपत्र उधारो तथा सापटी र त्यसपछि मात्र सर्ट सेलिङ (उधारोमा लिएको सेयर अहिले बिक्री गर्ने र भविष्यमा तिर्ने प्रणाली) लागू गरिने भएको हो ।

बोर्डले हालै सार्वजनिक गरेको 'नेपालको धितोपत्र बजारमा मार्जिन लेन्डिङ, धितोपत्र उधारो तथा सापटी र सर्ट सेलिङका लागि गर्नुपर्ने नीतिगत, कानुनी, संरचनागत तथा प्राविधिक व्यवस्थासम्बन्धी अवधारणापत्र, २०८३' सार्वजनिक गरेको छ । यसलाई सार्वजनिक परामर्शका लागि जारी गरिएको पहिलो अवधारणापत्र भएको बोर्डले जनाएको छ ।

अवधारणापत्रमा विश्वका विकसित पुँजी बजारमा यस्ता वित्तीय सेवाले बजारलाई थप गहिरो, प्रतिस्पर्धी र प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरिएको छ । सोही अनुभवका आधारमा नेपालको पुँजी बजारलाई पनि अन्तर्राष्ट्रिय अभ्यासअनुरूप आधुनिक, सुरक्षित र प्रतिस्पर्धी बनाउने उद्देश्य राखिएको बोर्डको भनाइ छ ।

सरकारले चालु आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत इन्ट्राडे कारोबार, सर्ट सेलिङ र डेरिभेटिभजस्ता आधुनिक वित्तीय उपकरण चरणबद्ध रूपमा सञ्चालनमा ल्याउने घोषणा गरेपछि बोर्डले त्यसको कार्यान्वयनतर्फ तयारी थालेको हो । बोर्डको चालु आर्थिक वर्षको नीति तथा कार्यक्रममै मार्जिन लेन्डिङ, धितोपत्र सापटी तथा उधारो र सर्ट सेलिङ सञ्चालनका लागि आवश्यक कानुनी, संस्थागत तथा प्रक्रियागत संरचना विकास गर्ने योजना समावेश गरिएको छ ।

अवधारणापत्रमा विश्वका विकसित पुँजी बजारमा यस्ता वित्तीय सेवाले बजारलाई थप गहिरो, प्रतिस्पर्धी र प्रभावकारी बनाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख छ । सोही अनुभवका आधारमा नेपालको पुँजी बजारलाई पनि अन्तर्राष्ट्रिय अभ्यासअनुरूप आधुनिक, सुरक्षित र प्रतिस्पर्धी बनाउने उद्देश्य राखिएको बोर्डको भनाइ छ ।

> पहिलो चरणमा मार्जिन लेन्डिङ, दोस्रो चरणमा इन्ट्रा डे, तेस्रो चरणमा धितोपत्र उधारो तथा सापटी र त्यसपछि मात्र सर्ट सेलिङ लागू गरिने

सेबोनले पुँजी बजारमा पहिलो पटक मार्जिन लेन्डिङ, धितोपत्र उधारो तथा सापटी (सेक्युरिटिज लेन्डिङ एन्ड बरोइङ) र सर्ट सेलिङ लागू गर्ने तयारी अघि बढाएको छ । यी नयाँ वित्तीय सेवा सञ्चालनका लागि आवश्यक नीतिगत, कानुनी, संरचनागत तथा प्राविधिक व्यवस्था समेटिएको अवधारणापत्र सार्वजनिक गर्दै बोर्डले सरोकारवालासँग सुझाव मागेको हो ।

बोर्डका अनुसार मार्जिन कारोबारलाई व्यवस्थित बनाउने, धितोपत्र सापटी तथा उधारो सेवा सुरु गर्ने र 'कभर्ड सर्ट सेलिङ' चरणबद्ध रूपमा लागू गर्ने योजना अघि सारिएको छ । यस्ता सेवा सञ्चालनका लागि स्पष्ट कानुनी आधार, सक्षम बजार पूर्वाधार, प्रभावकारी सूचना प्रविधि प्रणाली, जोखिम व्यवस्थापन र लगानीकर्ता संरक्षणका उपाय अनिवार्य हुने बोर्डको निष्कर्ष छ ।

चार अध्यायमा विभाजन गरिएको अवधारणापत्रमा नेपालको पुँजी बजारको वर्तमान अवस्था, संरचनात्मक चुनौती र सुधारको आवश्यकता, अन्तर्राष्ट्रिय अभ्यास तथा नेपालका लागि उपयोगी सिकाइ, नियामकीय प्रभाव विश्लेषण र नेपालमा लागू गर्न सकिने नीतिगत मोडल समेटिएका छन् । यसअन्तर्गत मार्जिन लेन्डिङ, धितोपत्र सापटी तथा उधारो र 'कभर्ड सर्ट सेलिङ' सञ्चालनका लागि छुट्टाछुट्टै मोडल प्रस्ताव गरिएको छ ।

अवधारणापत्रले सम्बन्धित निकायको भूमिका पनि स्पष्ट गरेको छ । नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज (नेप्से), सीडीएस एन्ड क्लियरिङ, धितोपत्र दलाल व्यवसायी, धितोपत्र व्यापारी, बैंक तथा वित्तीय संस्था, संस्थागत लगानीकर्ता तथा अन्य सरोकारवाला निकायले गर्नुपर्ने तयारी र जिम्मेवारीसमेत किटान गरिएको छ ।

यसका साथै कानुनी सुधार, नियामकीय पुनःसंरचना, बजार पूर्वाधार सुदृढीकरण, सूचना प्रविधिको आधुनिकीकरण, जनशक्ति विकास, लगानीकर्ता शिक्षा तथा चरणबद्ध कार्यान्वयन रणनीतिलाई पनि अवधारणापत्रले प्राथमिकतामा राखेको छ ।

बोर्डले सार्वजनिक परामर्शबाट प्राप्त सुझावका आधारमा मार्जिन लेन्डिङ नियमावली, धितोपत्र उधारो तथा सापटी नियमावली तथा 'कभर्ड सर्ट सेलिङ' सम्बन्धी नियमावली तयार गरी लागू गर्ने जनाएको छ । यसका लागि सरोकारवालालाई आफ्नो सुझाव बोर्डको इमेलमार्फत पठाउन आग्रह गरिएको छ ।

# जुलाईमा भित्रिए ७२ हजार विदेशी

**सुरज कुँवर** (काठमाडौं)

नेपालमा जुलाईमा ७१ हजार ७ सय ७५ विदेशी पर्यटक भित्रिएका छन् । नेपाल पर्यटन बोर्डले सार्वजनिक गरेको तथ्यांकअनुसार यो संख्या गत वर्ष सन् २०२५ जुलाईको तुलनामा २.३ प्रतिशत बढी हो । सन् २०२५ को जुलाईमा ७० हजार १ सय ९३ जना विदेशी पर्यटक नेपाल आएका थिए ।

जुलाईमा सबैभन्दा धेरै पर्यटक भारतबाट आएको पर्यटन बोर्डले जनाएको छ । भारतबाट २३ हजार ४ सय ९० जना पर्यटक नेपाल आएका छन् । यो कुल आगमनको ३२.७३ प्रतिशत हो ।

चीनबाट जुलाईमा आउने पर्यटकको संख्या उल्लेख्य बढेको छ । यस महिना चीनबाट ११ हजार ९९ जना पर्यटक नेपाल आएका छन् । यो अघिल्लो वर्षको जुलाईको तुलनामा ६ हजार ८ सय ९० अर्थात् ६१.०९ प्रतिशत बढी हो । सन् २०१९ को जुलाईमा चीनबाट १० हजार २१५ जना पर्यटक आएका थिए । यसरी चिनियाँ पर्यटक आगमन कोभिडपूर्व अवस्थाभन्दा ८.६५ प्रतिशतमाथि पुगेको छ ।

तेस्रो स्थानमा अमेरिकी पर्यटक छन् । अमेरिकाबाट जुलाईमा ७ हजार ७ सय ५४ पर्यटक आएका छन् । बंगलादेशबाट ४ हजार १ सय ७९, बेलायतबाट ३ हजार ७ सय ७३ र अस्ट्रेलियाबाट २ हजार ४ सय २८ जना पर्यटक नेपाल आएको बोर्डको तथ्यांक छ ।

क्षेत्रगत रूपमा हेर्दा दक्षिण एसियाली मुलुकबाट आउने पर्यटक सबैभन्दा बढी छन् । जुलाईमा सार्क मुलुकबाट २९ हजार ७ सय ५५ पर्यटक नेपाल आएका छन्, जुन कुल आगमनको ४१.४६ प्रतिशत हो । तर यो संख्या अघिल्लो वर्षको ३३ हजार ७ सय ८७ को तुलनामा ११.९३ प्रतिशत कम छ ।

भुटानबाट आउने पर्यटक भने ९ सय ९१ मात्र छन् । पाकिस्तानबाट आउने पर्यटक ३.९४ प्रतिशतले बढेर ४ सय ७५ पुगेका छन् । श्रीलंकाबाट ५ सय ८१ पर्यटक आएका छन् ।

दक्षिण एसियाबाहेकका एसियाली मुलुकबाट जुलाईमा १७ हजार ४ सय २४ जना पर्यटक नेपाल आएका छन् । यो कुल आगमनको २४.२८ प्रतिशत हो । अघिल्लो वर्षको जुलाईमा १३ हजार ५२ पर्यटकले नेपाल भ्रमण गरेका थिए । यस आधारमा हेर्दा अन्य एसियाली बजारमा ३३.०५ प्रतिशत वृद्धि भएको छ । यस समूहमा चीनपछि दक्षिण कोरियाबाट १ हजार ३ सय ९४, मलेसियाबाट १ हजार ३ सय ८०, जापानबाट १ हजार १ सय ११, भियतनामबाट ५ सय ७४, सिंगापुर र म्यानमारबाट समान ४ सय ३७ तथा थाइल्यान्डबाट ४ सय २८ जना पर्यटक आएका छन् ।

युरोपबाट जुलाईमा ९ हजार २ सय ७९ जना पर्यटक नेपाल आएका छन् । कुल आगमनमा युरोपको हिस्सा १२.९३ प्रतिशत छ । युरोपमा बेलायतबाट ३ हजार ७ सय ७३, जर्मनीबाट ७ सय २३, स्पेनबाट ६ सय ८१, फ्रान्सबाट ६ सय ४४, नेदरल्यान्ड्सबाट ५ सय १४, पोर्चुगलबाट ४ सय ८९ र रुसबाट ४ सय ६७ जना पर्यटक आएका छन् ।

अमेरिकी मुलुकबाट ८ हजार ८२४ जना पर्यटकले नेपाल भ्रमण गरेका छन् । ओसियानियाबाट २ हजार ६ सय ७ जना पर्यटक आएका छन् । मध्यपूर्वबाट जुलाईमा ७ सय ३६ जना पर्यटक आएको बोर्डले जनाएको छ । अफ्रिकी मुलुकबाट भने जुलाईमा ३ सय २४ जना पर्यटक नेपाल आएका छन् ।

## सोमबार ४ अर्ब ५७ करोडको कारोबार

### १८ साउन २०८३ को नेप्से परिसूचक

| कम्पनीको नाम | अघिल्लो दिनको मूल्य | अन्तिम मूल्य | कारोबार संख्या | फरक |
|---|---|---|---|---|
| राष्ट्रिय बिमा कम्पनी लिमिटेड | १४२०६ | १४५९० | ५० | ३८४ |
| राष्ट्रिय बिमा कम्पनी लिमिटेड प्रमोटर सेयर | ११५९३ | ११३८० | २० | -२१३ |
| आत्मनिर्भर लघुवित्त वित्तीय संस्था लि. | ५६४९ | ५६२८ | ७५४६ | -२१ |
| साल्ट ट्रेडिङ कर्पोरेसन | ५११५० | ५१६० | १९५ | १० |
| विशाल बजार कम्पनी लिमिटेड | ४२८० | ४२३५ | १३० | -४५ |
| रिलायन्स स्पिनिङ मिल्स लिमिटेड | २९९९ | २७८० | ९५८२६ | -२१९ |
| उपकार लघुवित्त वित्तीय संस्था लि. | २७७५ | २७७४ | ३३७ | -१ |
| सीईडीबी होल्डिङ लिमिटेड | २२२२ | २२२५ | ११७५९ | ३ |
| स्वस्तिक लघुवित्त संस्था लि. | २०२० | २०४५ | ५८० | २५ |
| सपोर्ट माइक्रोफाइनान्स वित्तीय संस्था | १८३५ | १८४५ | १७६ | १० |
| गुँरास लघुवित्त वित्तीय संस्था लि. | १८१० | १७८० | ९७ | -३० |
| सिटिजन्स इन्भेस्टमेन्ट ट्रस्ट | १७१५ | १७२० | १६९८ | ५ |
| सागर डिष्टिलरी लिमिटेड | १७१० | १७८० | २५३६३ | ७० |
| महिला लघुवित्त वित्तीय संस्था लि. | १६५३ | १६१५ | ६०७ | -३८ |
| स्वाभिमान लघुवित्त वित्तीय संस्था लि. | १५३९ | १५४४ | २९९ | ५ |
| नेस्डो समृद्धि लघुवित्त वित्तीय संस्था लि. | १४९५ | १४९० | २०२ | -५ |
| सिर्जनशील लघुवित्त वित्तीय सस्था लि. | १४७४ | १४९० | ११९२ | १६ |
| एनआरएन इन्फ्रास्ट्रक्चर एण्ड डेभलपमेन्ट लि. | १४२० | १४१७ | १०८९०५ | -३ |
| एसवाई प्यानल नेपाल लिमिटेड | १३५० | १३४२ | ५२३८१ | -८ |
| विन नेपाल लघुवित्त वित्तीय संस्था लि. | १३४५ | १३५५ | ३३७ | १० |
| सीवाईसी नेपाल लघुवित्त वित्तीय संस्था | १३१० | १३०० | १९५९ | -१० |
| एभरेष्ट कलर लिमिटेड | १३०९ | १५०६ | ७३५८० | १९६ |
| जीवन विकास लघुवित्त वित्तीय संस्था लि. | १२८२ | १२७४ | २७७६ | -८ |
| युनिक नेपाल लघुवित्त वित्तीय संस्था | १२५९ | १२५० | ५६८ | -९ |
| माहुली लघुवित्त वित्तीय संस्था लि. | १२२९ | १३१७ | २२२९७ | ८८ |
| गणपती लघुवित्त वित्तीय संस्था लि. | १२१५ | १२३० | ८४४ | १५ |
| धौलागिरी लघुवित्त वित्तीय संस्था लि. | १२१४ | ११९० | १६४ | -२४ |
| त्रेस्ट माइक्रो लाईफ इन्स्योरेन्स कम्पनी लि. | ११९० | ११९५ | १२१३५ | ५ |
| सिभिल बैंक डेबेन्चर २०८८ | ११८७ | ११९७ | ३३ | १० |
| हिमालयन डिष्टिलरी लिमिटेड | ११६४ | ११७१ | ३३४३२ | ७ |
| मानुषी लघुवित्त वित्तीय संस्था लि. | ११५९ | ११५८ | २६० | -१ |
| गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स | ११४९ | ११४५ | ३५१३ | -४ |
| मिथिला लघुवित्त वित्तीय संस्था लि. | ११४२ | ११३९ | १२१७ | -३ |
| झापा इनर्जी लिमिटेड | ११३८ | ११३९ | ३१३२ | १ |
| उन्नती सहकार्य लघुवित्त वित्तीय संस्था | ११३५ | ११६० | १४२३ | २५ |
| कर्पोरेट डेभलपमेन्ट बैंक लि. | ११२० | १११५ | ३३८८३ | -५ |
| मुक्तिनाथ कृषि कम्पनी लिमिटेड | ११२० | ११०५ | १७५४ | -१५ |
| नेशनल लघुवित्त वित्तीय संस्था लि. | ११२० | १११३ | ४४५७ | -७ |
| आशा लघुवित्त वित्तीय संस्था लि. | १११५ | ११०८ | १८७९४ | -७ |
| ज्योति विकास बैंक बोण्ड २०८७ | ११११ | ११११ | ५० | ० |
| एभरेष्ट बैंक लिमिटेड | ११०० | १०८१ | २५ | -१९ |
| ग्लोबल आईएमई लघुवित्त वित्तीय संस्था लि. | ११०० | ११०० | १९९३ | ० |
| एनआइसी एशिया ऋणपत्र २०८८ | ११०० | ११०० | ७५ | ० |
| श्रीनगर एग्रीटेक इन्डष्ट्रिज् लिमिटेड | १०९९ | ११४४ | १३२५६३ | ४५ |
| सामुदायिक लघुवित्त वित्तीय संस्था लि. | १०८५ | १०६० | २१२१ | -२५ |
| ग्रिन डेभलपमेन्ट बैंक लि. | १०७२ | ११०० | ७०९९१ | २८ |
| एभरेष्ट बैंक लिमिटेड डेबेन्चर २०९१ | १०६४ | १०६० | १२५ | -४ |
| गरिमा डेबेन्चर | १०५२ | १०८० | २३१५०० | २८ |
| सालपा विकास बैंक लिमिटेड | १०४५ | १००० | २०७६३ | -४५ |
| निफ्रा ऊर्जा ऋणपत्र ७%-२०८५/८६ | १०३३ | १०३३ | ३० | ० |
| अभियान लघुवित्त वित्तीय संस्था लिमिटेड | १०२९ | १०२१ | १६६० | -८ |
| निफ्रा ग्रीन इनर्जी डेबेन्चर ६% - २०८८/८९ | १०२६ | १०२६ | ७५ | ० |
| जनउत्थान सामुदायिक लघुवित्त वित्तीय संस्था | ९९९ | ९९० | ८४७ | -९ |
| सूर्यकुण्ड हाइड्रो इलेक्ट्रिक लिमिटेड | ९७८ | ९९३ | १८२१ | १५ |
| नेपाल रिइन्स्योरेन्स कम्पनी लिमिटेड | ९७० | ९५६ | २१३१२ | -१४ |
| फोर्डवार्ड माइक्रोफाइनान्स लघुवित्त वित्तीय | ९६५ | ९६५ | १३२६ | ० |
| कुथेली बुखरी स्मल हाइड्रोपावर लि. | ९५६ | ९४० | ११२०३ | -१६ |
| ओम मेघाश्री फमास्युटिकल्स लिमिटेड | ९४० | ९३६ | २४२२ | -४ |
| आरम्भ चौतारी लघुवित्त वित्तीय संस्था लि. | ९३४ | ९४० | ५७२ | ६ |
| छिमेकी लघुवित्त वित्तीय संस्था लिमिटेड | ९३२ | ९३४ | ६०२३ | २ |
| स्नो रिभर्स लिमिटेड | ९२६ | ९४४ | ३९६९९ | १८ |
| नेपाल माइक्रो इन्स्योरेन्स कम्पनी लि. | ९२५ | ९३० | ११०२ | ५ |
| लक्ष्मी लघुवित्त वित्तीय संस्था लि. | ८९५ | ८९३ | १७० | -२ |
| रिज लाइन इनर्जी लिमिटेड | ८८६ | ९१० | १७५८८ | २४ |
| सुपर खुडी हाइड्रोपावर लिमिटेड | ८८४ | ९१४ | १५४४२ | ३० |
| इन्फिनिटी लघुवित्त वित्तीय संस्था लि. | ८८४ | ८९८ | ८९५ | १४ |
| हिमालयन लघुवित्त वित्तीय संस्था लि. | ८८२ | ८९४ | २०९८ | १२ |
| कालिञ्चोक हाइड्रोपावर लिमिटेड | ८७० | ८६० | १०११६ | -१० |
| पियोर इनर्जी लिमिटेड | ८६३ | ८५० | ६३३१ | -१३ |
| नेपाल दूरसञ्चार कम्पनी लिमिटेड | ८६१ | ८६० | २७५२५ | -१ |
| सप्तकोशी डेभलपमेन्ट बैंक लि. | ८५९ | ९६० | २०८७६० | १०१ |
| एपोलो हाइड्रोपावर लिमिटेड | ८३९ | ८३८ | २१७३९ | -१ |
| डिप्रोक्स लघुवित्त वित्तीय संस्था लि. | ८३७ | ८३५ | ७०३३ | -२ |
| मातृभूमि लघुवित्त वित्तीय संस्था लि. | ८३० | ८३४ | २७८ | ४ |
| सोपान फर्मास्यूटिकल्स लिमिटेड | ८२७ | ८२३ | २८२३९ | -४ |
| मन्डु हाइड्रोपावर लिमिटेड | ८१५ | ८०१ | २२४१ | -१४ |
| इमर्जिङ नेपाल लिमिटेड | ८१५ | ८१३ | ६७२ | -२ |
| स्वरोजगार लघुवित्त वित्तीय संस्था लि. | ८०३ | ८०९ | ३२९४ | ६ |
| सर्वोत्तम सिमेन्ट लिमिटेड | ७९० | ७९५ | ४४८४ | ५ |
| मञ्जुश्री फाइनान्स लिमिटेड | ७८८ | ७८५ | १६९३८ | -३ |
| लाइफ इन्स्योरेन्स कर्पोरेसन नेपाल लि. | ७८८ | ७९० | ५०१९ | २ |
| नारायणी डेभलपमेन्ट बैंक लिमिटेड | ७८५ | ७९५ | ३०४८२ | १० |
| कालिञ्चोक दर्शन लिमिटेड | ७८५ | ७७५ | १३१२ | -१० |
| चन्द्रागिरी हिल्स लिमिटेड | ७८४ | ७८९ | ८९२१ | ५ |
| तारागाउँ रिजेन्सी होटेल लिमिटेड | ७८२ | ७८६ | १४४६ | ४ |
| फर्स्ट माईक्रो फाईनान्स लघुवित्त वित्तीय संस्था | ७७० | ७७३ | ३०९१ | ३ |
| कालिका लघुवित्त वित्तीय संस्था लि. | ७६६ | ७७८ | १०९७ | १२ |
| सम्पदा लघुवित्त वित्तीय संस्था लि. | ७६२ | ७६० | १०६३ | -२ |
| नेपाल लाईफ इन्स्योरेन्स कम्पनी लि. | ७६० | ७६० | २२४८९ | ० |
| साना किसान विकास लघुवित्त वित्तीय संस्था | ७५७ | ७५९ | १४५११ | २ |
| ग्रामिन विकास लघुवित्त वित्तीय संस्था लि. | ७४८ | ७५२ | ११३० | ४ |
| हिम स्टार उर्जा कम्पनी लिमिटेड | ७४० | ७३९ | २५९९ | -१ |
| भुजुङ्ग हाइड्रोपावर लिमिटेड | ७३१ | ७१९ | १०११६ | -१२ |
| समता घरेलु लघुवित्त वित्तीय संस्था लि. | ७३१ | ७३५ | १७३२ | ४ |
| ट्रेड टावर लिमिटेड | ७३० | ७३० | १४५२० | ० |
| राधि जलविद्युत कम्पनी लि. | ७२९ | ७३० | ४६९५९ | १ |
| बन्दीपुर केबलकार एण्ड टुरिजम लि. | ७२७ | ७२४ | १२०१२ | -३ |
| नाडेप लघुवित्ति वित्तीय संस्था लि. | ७२७ | ७४० | ७४९ | १३ |
| सिन्धु विकास बैंक लिमिटेड | ७२४ | ७२२ | ११११० | -२ |
| होटल फोरेष्ट इन लिमिटेड | ७२० | ७२५ | २२८६० | ५ |
| नेपाल वेयरहाउजिङ्ग कम्पनी लिमिटेड | ७१४ | ७१० | १५४३ | -४ |
| हाथवेय इन्भेष्टमेन्ट नेपाल लिमिटेड | ७१४ | ७०५ | ५३६४ | -९ |
| सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड | ७०६ | ७०० | ८८३ | -६ |
| स्वाबलम्बन लघुवित्त वित्तीय संस्था लि. | ६८२ | ६८५ | ७६३२ | ३ |
| प्रभु इन्स्योरेन्स लि. | ६८० | ६७३ | १४५३ | -७ |
| शिखर पावर डेभलपमेन्ट लि. | ६८० | ६९७ | ४६०८५ | १७ |
| ओरेन्टल होटल लिमिटेड | ६७८ | ६७९ | २६२० | १ |
| मेरो माइक्रोफाइनान्स वित्तीय संस्था लि. | ६७१ | ६७२ | ३१९२ | १ |
| विजय लघुवित्त वित्तीय संस्था लि. | ६७० | ६७० | १४०० | ० |
| साहास ऊर्जा लिमिटेड | ६६५ | ६७८ | १७३११४ | १३ |
| सुभम् पावर लिमिटेड | ६६३ | ६६० | ७१० | -४ |
| सेन्ट्रल फाइनान्स कम्पनी लि. | ६६२ | ६६० | १३३९५८ | -२ |

**कुल कारोबार मूल्य** : ४,५७२,०८४,२३१।४०   **कारोबार संख्या** : ६३,६४८
**सेयर संख्या** : ११,४४९,९८७   **नेप्से** : २,६८४।३३ (-१।२०)

# प्रदेशहरूको पुँजीगत...

मधेशले पुँजीगततर्फ १६ अर्ब ९६ करोड ५१ लाख रुपैयाँ खर्च गरेको छ । जुन विनियोजित बजेटको तुलनामा ५४.१२ प्रतिशत हो । चालुतर्फ १५ अर्ब ६३ करोड रुपैयाँ विनियोजन गरिएकामा ९ अर्ब ४९ करोड १६ लाख रुपैयाँ खर्च गरेको छ । खुद्रा योजना, अनावश्यक खर्च, रकमान्तरणलगायतमा रोक लगाएकाले खर्च कम भएको मधेश प्रदेश सरकारका अर्थमन्त्री युवराज भट्टराईले बताए ।

कर्णालीको चालुतर्फ १२ अर्ब ५९ करोड बजेटमध्ये ९ अर्ब २५ करोड र पुँजीगततर्फ १९ अर्ब ९८ करोडमध्ये ११ अर्ब १३ करोड रुपैयाँ खर्च हुन सकेको हो । त्यस्तै वित्तीय व्यवस्थातर्फ ६१ करोड ५० लाख बजेटमध्ये १७ करोड ७५ लाख (२८.८६ प्रतिशत) खर्च भएको छ । 'खर्चको तुलना हेर्दा बर्सेनि विकास बजेटभन्दा तलबभत्ता, इन्धन, मर्मतलगायतमै धेरै रकम खर्च हुने गरेको छ,' प्रदेश लेखा नियन्त्रक रत्न सुवेदीले भने, 'विकास योजनाको स्रोत सुनिश्चिततामा ढिलाइ, अख्तियारी ढिलो जानु, ठेक्का प्रक्रियामा अलमल, प्राविधिक कर्मचारीको अभावलगायतले पनि विकास खर्च बर्सेनि घट्दै गइरहेको हो ।' मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार २ हजार ९ सय कर्मचारीको दरबन्दी रहेको कर्णालीमा करिब २८ प्रतिशत कर्मचारीको अभाव छ । त्यसमा पनि प्राविधिक कर्मचारीको अभाव धेरै रहेको कार्यालयका सचिव लक्ष्मीकुमार विकले बताए । उनका अनुसार प्राविधिकतर्फ झन्डै ४० प्रतिशत कर्मचारीको अभाव छ ।

जेन-जी आन्दोलनका कारण झन्डै दुई महिना प्रदेश सरकारको कामकाज ठप्पजस्तै बन्यो । मन्त्रिपरिषद्को बैठक नै आन्दोलनको डेढ महिनापछि बसेको थियो भने आन्दोलनका क्रममा क्षति भएका संरचनाको पुनर्निर्माणको काम अझै सुरु भएको छैन ।

कर्णालीमा ३८ सरकारी संरचनामा आगजनी र तोडफोड भएको थियो । 'आन्दोलनपछि बनेको अन्तरिम सरकारसँग ३/४ महिना प्रदेश सरकारको समन्वय नै हुन सकेन, त्यसले पनि केही काममा असर पर्‍यो,' कर्णाली सरकारका प्रवक्ता एवं भूमि व्यवस्था, कृषि तथा सहकारीमन्त्री विनोदकुमार शाहले भने, 'लगत्तै चाडबाड सुरु भयो, त्यसपछि संघीय संसद्को चुनाव, त्यसले पनि सरकारलाई गति लिन केही समस्या देखियो, जसको असर बजेट खर्चमा देखियो ।' आन्दोलनका कारण कर्मचारीको मनोवृत्ति कमजोर हुँदा पनि सरकारको काममा केही प्रभाव परेको उनको भनाइ छ ।

मन्त्रालय वा सरकारमा एउटा संरचनाले कार्यान्वयन गर्ने र अर्कोले तयारी गर्ने गरी काम नहुने पूर्वउपाध्यक्ष श्रेष्ठले बताए । संघदेखि पालिकासम्मको खर्च बढाउन तयारी, आयोजना छनोट सकाएर काम सुरु गर्नुपर्नेमा उनको जोड छ । सरकारले बजेट विस्तारकारी बजेट ल्याए पनि यथार्थमा संकुचनकारी हुने गरेको श्रेष्ठले जनाए ।

# राष्ट्रिय वाणिज्य...

आफ्नो निर्देशन पालना नगरेको भन्दै राष्ट्र बैंकले राष्ट्रिय वाणिज्य बैंकलाई सचेत गराएको छ । विनियमावलीमा भएको व्यवस्थाअनुसार अब समयमै बैंक खाता रोक्का राख्ने व्यवस्था गर्न पनि राष्ट्र बैंकले निर्देशन दिएको छ । विशेष स्थलगत निरीक्षणका क्रममा राष्ट्र बैंकले बैंक खाता रोक्का गर्न नेपाल राष्ट्र बैंक र कानुन कार्यान्वयन गर्ने निकायले गरेको अनुरोधबमोजिम समयमै खाता रोक्का नगरी निर्देशन उल्लंघन गरेकाले कृषि विकास बैंकलाई सचेत गराइएको राष्ट्र बैंकले जनाएको छ ।


## शेयरधनी महानुभावहरुका लागि लाभांश लिन आउने बारेको सूचना

कम्पनी ऐन, २०६३ को दफा १८२ उपदफा (९) र (१०) मा भएको व्यवस्था र लगानीकर्ता संरक्षण कोष व्यवस्थापन तथा संचालन कार्यविधि २०७३ को दफा ७ बमोजिम लाभांश वितरण गर्ने निर्णय भएको मितिले ५ बर्षसम्म लगानीकर्ताले बुझी नलिएको लाभांश रकम वा लगानीकर्ताको दावी प्रस्तुत हुन नआएको रकम ऐ. ऐनको दफा १८३ बमोजिम स्थापना भएको लगानीकर्ता संरक्षण कोषमा जम्मा गर्नु पर्ने व्यवस्था भए बमोजिम यस बैंकका आ.व. २०७५/०७६ र आ.व. २०७६/०७७ (साविक कञ्चन डेभलपमेन्ट बैंक समेतको) तथा सो भन्दा अघिका आर्थिक वर्षहरूको लाभांश रकम बुझिलिन बाँकी भएका सम्बन्धित शेयरधनीले वा निजको हकवालाले यस बैंकको शेयर रजिष्ट्रारको कार्यालय श्री एनएमबि क्यापिटल लि. बालुवाटार, काठमाण्डौमा सम्पर्क गरी बुझिलिन प्रचलित कम्पनी ऐन तथा नेपाल राष्ट्र बैंक, बैंक तथा वित्तीय संस्था नियमन विभागद्वारा इजाजतपत्र प्राप्त बैंक तथा वित्तीय संस्थालाई जारी गरिएको एकीकृत निर्देशन–२०८२ को निर्देशन नं. १६ को बुंदा नं. ३ (५) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले एक महिना भित्र शेयरधनीहरूले बुझिलिन बाँकी उल्लेखित आ.व.को लाभांशको रकम बुझी लिन नआएमा लगानीकर्ता संरक्षण कोषमा पठाईने व्यहोरा समेत जानकारीका लागि अनुरोध गर्दछौं ।

साथै,

यस बैंकका आ.व. २०७५/०७६ र आ.व. २०७६/०७७ (साविक कञ्चन डेभलपमेन्ट बैंक समेतको) आर्थिक वर्षहरूको लाभांश रकम लिन बाँकी रहनु भएका शेयरधनीहरूको नाम नामेसीको विवरण यस बैंकको Website: www.nmb.com.np मा Notice मेनुमा गई हेर्न सकिने व्यहोरा समेत सहर्ष जानकारी गराउँदछौं ।

NMB BANK एनएमबि बैंक — समृद्ध नेपालको लागि | FMO Entrepreneurial Development Bank | Member of: Global Alliance for Banking on Values


## अर्थ संक्षेप

### नेपाल आइपुग्यो लिपमोटर बी०३एक्स




काठमाडौं (कास)- अत्याधुनिक एवम् प्रिमियम इलेक्ट्रिकल एसयूभी लिपमोटर बी०३एक्स नेपाल आइपुगेको छ । नेपालका लागि लिपमोटरको एक मात्र आधिकारिक वितरक साङ्ग्रिला मोटर्सले यो ईभीलाई छिट्टै एक विशेष कार्यक्रमबीच औपचारिक रूपमा सार्वजनिक गर्ने जनाएको छ । 'इन्टेलिजेन्ट अर्बन मोबिलिटी'को आधुनिक अवधारणामा आधारित यस एसयूभीको सार्वजनिक समारोहमा सहभागीले पहिलो पटक प्रत्यक्ष अवलोकन गर्न पाउने कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । नेपालका विविध सडक अवस्थालाई ध्यानमा राखी तयार पारिएको लिपमोटर बी०३एक्स ले दैनिक व्यावहारिक प्रयोग र उच्चस्तरीय प्रविधिलाई उत्कृष्ट रूपमा संयोजन गरेको कम्पनीको दाबी छ । यस श्रेणीमै उत्कृष्ट १४५ किलोवाटको मोटर र ५३ किलोवाट आवर्सको ब्याट्री क्षमता रहेको यस एसयूभीले ५०५ किलोमिटरसम्मको रेन्ज प्रदान गर्ने कम्पनीले जनाएको छ । यसमा ५ सय १० लिटरको फराकिलो बुटस्पेस, प्रिमियम बनावट र फराकिलो केबिन छ ।

### कालीमाटीमा सामसङको १६औं शोरुम



काठमाडौं (कास)- हिम इलेक्ट्रोनिक्सद्वारा सञ्चालित सामसङ प्लाजाले काठमाडौंको कालीमाटीमा आफ्नो १६औं शोरुम उद्घाटन गरेको छ । यस विस्तारसँगै सामसङ प्लाजाले आफ्नो खुद्रा बिक्री सञ्जाललाई थप विस्तार गर्दै यस क्षेत्रका ग्राहकलाई सक्कली सामसङ उत्पादन अझ नजिकबाट उपलब्ध गराएको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । शोरुममा सामसङका नवीनतम स्मार्टफोन, टेलिभिजन, घरायसी उपकरण तथा अन्य इलेक्ट्रोनिक उत्पादनसहित सक्कली सामसङ उत्पादनहरूको विस्तृत शृंखला उपलब्ध छ । ग्राहकले विशेष उद्घाटन अफर, आधुनिक किनमेल अनुभव तथा तालिमप्राप्त कर्मचारीबाट व्यावसायिक परामर्शसमेत प्राप्त गर्न सक्ने कम्पनीले जनाएको छ ।

### माइडिया बन्यो एफसी बार्सिलोनाको रणनीतिक साझेदार




काठमाडौं (कास)- विश्वव्यापी होम एप्लायन्स तथा प्रविधि ब्रान्ड माइडिया र विश्वप्रसिद्ध फुटबल क्लब एफसी बार्सिलोनाबीचको पाँचवर्षे रणनीतिक साझेदारी सुरु भएको छ । सन् २०२६/२७ सिजनदेखि लागू भएको यस सहकार्यअन्तर्गत माइडिया एफसी बार्सिलोनाको मेन पार्टनर तथा अफिसियल होम अप्लाइन्सेस पार्टनर बनेको कम्पनीले जारी गरेको विज्ञप्तिमा जनाइएको छ । सन् २०३०/३१ सिजनसम्म कायम रहने उक्त साझेदारी १ जुलाई २०२६ देखि कार्यान्वयनमा आएको हो । यससँगै एफसी बार्सिलोनाको पुरुष पहिलो टोलीले खेलका दिन तथा प्रशिक्षणका क्रममा लगाउने जर्सीको बायाँ बाहुलामा माइडियाको लोगो समावेश गरिएको छ । एफसी बार्सिलोनाले सन् २०२६/२७ सिजनका लागि सार्वजनिक गरेको नयाँ घरेलु जर्सीमा माइडियाको लोगो पहिलो पटक देखिएको विज्ञप्तिमा उल्लेख छ । क्लबको परम्परागत नीलो र गाढा रातो पहिचानलाई आधुनिक स्वरूपमा प्रस्तुत गरिएको नयाँ जर्सीले बार्सिलोनाको इतिहास, ऊर्जा र भविष्यप्रतिको दृष्टिकोणलाई प्रतिबिम्बित गरेको कम्पनीको भनाइ छ । यो साझेदारी जर्सीमा लोगो राख्ने प्रायोजनमा मात्र सीमित नरहने र आगामी पाँच सिजनसम्म माइडिया र एफसी बार्सिलोनाले संयुक्त सामग्री निर्माण, खेल दिवस सञ्चार, समर्थक सहभागिता तथा विभिन्न बजारअनुकूल गतिविधिमार्फत विश्वभरका उपभोक्ता र फुटबल समर्थकसँग जोडिने योजना बनाएका छन् । माइडिया र एफसी बार्सिलोनाबीचको यो साझेदारीले नेपाली फुटबल समर्थकलाई समेत ब्रान्डसँग भावनात्मक रूपमा जोड्ने नयाँ अवसर सिर्जना गरेको कम्पनीको दाबी छ । नेपालमा सीजी इलेक्ट्रोनिक्सले माइडियाका उत्पादन बिक्रीवितरण गर्दै आएको छ ।

### प्रभु महालक्ष्मी लाइफको ब्रान्च म्यानेजर कन्फ्रेन्स

काठमाडौं (कास)- प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेडको ब्रान्च म्यानेजर कन्फ्रेन्स कार्यक्रम गरेको छ । चितवनमा यही १४, १५, १६ र १७ साउनमा विभिन्न कार्यक्रमसाथ कन्फ्रेन्स गरिएको इन्स्योरेन्सले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । आर्थिक वर्ष २०८२/८३ को समीक्षा, नयाँ आर्थिक वर्ष २०८३/८४ रणनीति, आर्थिक वर्ष २०८२/८३ मा उत्कृष्ट कार्य गर्ने कर्मचारी, शाखा, शाखा प्रमुख, प्रदेश प्रमुखलाई सम्मान र पावर अफ माइन्ड सेट फर विजनेस ग्रोथको तालिमका साथ कार्यक्रम सकिएको विज्ञप्तिमा जनाइएको छ । प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सले आर्थिक वर्ष २०८२/८३ मा गरेको व्यवसाय अघिल्लो आर्थिक वर्षभन्दा राम्रो वृद्धिदर भएको प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत सन्तोष प्रसाईंले बताए । कार्यक्रममा आचार्य राजाबाबु साहको पावर अफ माइन्ड सेट फर बिजनेस ग्रोथ ट्रेनिङ सेसनसमेत सञ्चालन गरिएको थियो ।

### सिटिजन लाइफको लिडर्स नाइट २०२६




काठमाडौं (कास)- सिटिजन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडले आफ्ना उत्कृष्ट सिटिजन लिडर तथा शाखाको उत्कृष्ट कार्यसम्पादनको सम्मानस्वरूप 'सिटिजन लिडर्स नाइट २०२६' गरेको छ । एक हजारभन्दा बढी सहभागीको उल्लेखनीय उपस्थितिमा सम्पन्न कार्यक्रममा देशभरबाट उत्कृष्ट कार्यसम्पादन गर्दै विभिन्न विधामा छनोट भएका सिटिजन लिडर, कर्मचारी तथा विशिष्ट अतिथिको सहभागिता थियो । आधुनिक प्रविधिमा आधारित यस प्रणालीले कम्पनीको सेवा प्रवाहलाई अझ प्रभावकारी, छरितो, सुरक्षित तथा ग्राहकमैत्री बनाउन महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास व्यक्त गरिएको थियो । यस अवसरमा कम्पनीले प्रविधिमैत्री, नवप्रवर्तनमुखी तथा भविष्य उन्मुख संस्थाका रूपमा आफ्नो प्रतिबद्धतालाई पुनः दोहोर्‍याएको कम्पनीले जारी गरेको विज्ञप्तिमा उल्लेख छ । कार्यक्रमको विशेष आकर्षणका रूपमा ह्युमानोइड रोबोट तथा रोबोटिक डग प्रस्तुत गरिएका थिए ।

# एमालेमा सदस्यता नवीकरण गर्ने घटे

● गत भदौको विधान महाधिवेशनमा ६ लाख ६७ हजार १ सय १४ जना सदस्य रहेकामा हाल करिब ३ लाख ४० हजार अर्थात् ५१ प्रतिशतले मात्र नवीकरण गरे ● साउन मसान्तसम्म नवीकरण गर्ने म्याद

**गंगा बीसी (काठमाडौं)**

एमालेमा सदस्यता नवीकरण गर्नेको संख्यामा कमी आएको छ । गत फागुनको निर्वाचनमा कमजोर नतिजा आएपछि एमालेले पार्टी सुदृढीकरण अभियानसँगै सदस्यता नवीकरण अघि बढाएको थियो । तर विगतको तुलनामा हालसम्म करिब ५१ प्रतिशत एमाले सदस्यले मात्र आफ्नो सदस्यता नवीकरण गरेका छन् ।

गत भदौको विधान महाधिवेशनमा ६ लाख ६७ हजार १ सय १४ जनाले सदस्यता नवीकरण गरेको सांगठनिक विभागको प्रतिवेदनमा उल्लेख छ । त्यसअनुसार अहिले नवीकरण गर्ने ५१ प्रतिशत अर्थात् करिब ३ लाख ४० हजार छन् । केही सदस्य निष्क्रिय भएका, पार्टी छाडेका र केहीको मृत्यु भएका कारण सदस्यता नवीकरण गर्नेको संख्या घटेको एमालेको प्रदेश कमिटीको भनाइ छ । नवीकरण गर्ने म्याद साउन मसान्तसम्म तोकिएको छ ।

एमाले प्रदेश अध्यक्ष र सचिवहरूले दिएको जानकारीअनुसार केन्द्रीय सचिवालय बैठकले आफैं उपस्थित भएर सदस्यता नवीकरण गर्ने विधि बनाएपछि अपेक्षित रूपमा गति लिन सकेको छैन । यसअघि सदस्यता नवीकरणका लागि व्यक्ति स्वयं उपस्थित हुनुपर्ने प्रावधान थिएन । २०८२ मंसिरको ११औं महाधिवेशनमा एमालेले सदस्यता नवीकरण गरेको थियो । त्यसका आधारमा महाधिवेशन गरिएको थियो ।

मंगलबार एमाले महासचिव शंकर पोखरेलले आयोजना गरेको 'जुम' बैठकमा प्रदेश कमिटी अध्यक्षहरूले सदस्यता नवीकरणको जानकारी गराएका थिए । साउनभित्र सदस्यता नवीकरण गर्ने समयसीमा भएकाले पोखरेलले गति दिन प्रदेश कमिटीलाई निर्देशन दिए । उनीहरूले अनलाइनबाट तीन पृष्ठको सदस्यता फाराम भर्न प्राविधिक समस्या आउने भएकाले कागजको फारममा समेत नवीकरण भएको बताएका थिए ।

प्रदेश अध्यक्षहरूले दिएको जानकारीअनुसार सबैभन्दा बढी बागमती र राजधानी प्रदेश कमिटीमा ५९ प्रतिशतले सदस्यता नवीकरण गरेका छन् । सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा करिब २७ प्रतिशतले मात्र नवीकरण गरेका छन् । प्रदेश नेताहरूका अनुसार साउन मसान्तभित्र सदस्यता नवीकरण गर्ने सदस्यहरू बढीमा ८० प्रतिशत पुग्ने सम्भावना छ ।

कोशी प्रदेश अध्यक्ष घनश्याम खतिवडाले सदस्यता नवीकरण तीव्र पार्न नेताहरू सदस्यको घरघरै पुगेको बताए । 'सदस्यता नवीकरणलाई तीव्रता दिन घरघरै गएका छौं । साउन मसान्तभित्र ७० देखि ७५ हजार सदस्य नवीकरण हुन्छ भन्ने अनुमान छ,' उनले भने, 'अनलाइन फारम भर्नुका साथै सशरीर उपस्थित पनि हुनुपर्ने व्यवस्था छ । त्यसले पनि केही ढिलाइ हुन गएको छ ।' कोशी प्रदेशमा १ लाख १४ हजार सदस्य सूचीकृत छन् ।

सबैभन्दा धेरै सदस्य रहेको मधेश प्रदेशमा करिब ५० प्रतिशतले नवीकरण गरेको प्रदेश कमिटी सचिव मनोज पौडेलले जानकारी दिए । मधेशमा १ लाख ५६ हजार सदस्य छन् । यसअघि एमाले मधेश प्रदेशमा एउटै नेताले आफ्नो अनुकूल सयौं सदस्य नवीकरण गर्ने प्रचलन थियो । 'विगतमा एउटै नेताले सयौं सदस्यता नवीकरण गर्ने प्रचलन थियो । अहिले आफैं उपस्थित भएर नवीकरण गरिन्छ । त्यसको प्रभाव परेपछि कम हुन सक्छ,' पौडेलले भने, 'साउन मसान्तभित्र करिब ८० प्रतिशत नवीकरण गर्ने लक्ष्य छ ।' उनले सदस्यता नवीकरणका लागि समयसीमा बढाउन आवश्यक भएको बताए ।

बागमती प्रदेशमा सूचना प्रविधिको सहजताका कारण सदस्यता नवीकरण करिब ६० प्रतिशत पुगेको देखिन्छ । बागमती प्रदेश अध्यक्ष कैलाश ढुंगेलले नवीकरणलाई तीव्रता दिने बताए । 'अझै विवरण अद्यावधिक हुनेक्रम जारी छ । हामी सकेसम्म धेरै बढाउँछौं,' उनले भने । गण्डकी प्रदेश कमिटी अध्यक्ष नवराज शर्माले अनलाइन र फारमबाट सदस्यता नवीकरण भइरहेको बताए । 'पुरानै सदस्यलाई नवीकरणलाई बढी जोड दिएका छौं,' उनले भने ।

लुम्बिनी प्रदेश अध्यक्ष राधाकृष्ण कँडेलले आफैं उपस्थित भएर सदस्यता नवीकरण गर्नुपर्ने भएकाले सदस्य घट्नुलाई अन्यथा मान्न नहुने बताए ।

'आफैंले नवीकरणका लागि फारम भर्नुपर्छ । यस पटक पहिलेको जस्तो नहुन सक्छ,' उनले भने, 'कतिपय निष्क्रिय, केही विदेश गएको र मृत्यु भएकाले केही घट्न सक्छ ।'

कर्णाली प्रदेश अध्यक्ष गुलाबजंग शाहले प्रदेशका कतिपय पालिकामा इन्टरनेटको सहज पहुँच नभएकाले सदस्यता नवीकरणमा केही कमी आएको तर्क गरे । 'अरू प्रदेशजस्तो कर्णालीमा सजिलो छैन । अनलाइनबाट सदस्यता नवीकरण गर्ने सिस्टम भएको हुनाले केही ढिलाइ भएको छ,' उनले भने । सबभन्दा कम प्रतिशत सदस्यता नवीकरण भएको सुदूरपश्चिम प्रदेशमा प्राविधिक समस्याका कारण न्यून भएको प्रदेश अध्यक्ष कृष्णप्रसाद जैसीले दाबी गरे ।

सदस्यता नवीकरण घट्नुमा विभिन्न राजनीतिक घटनाक्रम जोडिएको हुन सक्ने उनले बताए । 'सदस्यता नवीकरण गरेपछि आफूलाई के फाइदा हुन्छ ? भन्ने कुरा पनि सुनिन्छ,' उनले भने, 'तर हामी ६० प्रतिशतभन्दा बढी सदस्यता नवीकरण गर्ने तयारीमा छौं । त्यहीअनुसार जिल्ला कमिटी परिचालित छन् ।'

काठमाडौं, ललितपुर, भक्तपुरलाई समेटेर राजधानी प्रदेश कमिटी बनाइएको छ । यो कमिटीले ७५ प्रशितभन्दा बढी सदस्यता नवीकरण गर्ने लक्ष्य राखेको अध्यक्ष नारायण सिलवालले जानकारी दिए । 'सदस्यता साउन मसान्तसम्म ७५ प्रतिशतभन्दा बढी पुऱ्याउने लक्ष्य छ । पार्टी छाडेर जाने, निष्क्रिय भएकाले केही घट्न सक्छ,' उनले भने । भारत प्रवासमा १ हजार ७ सय ५२, अरू देशमा ४ हजार ६ सय २० र केन्द्रीय कार्यालयमा ८ सय ५० सदस्य छन् । उनीहरूले पनि अनलाइनबाट सदस्यता नवीकरण गरिहेको केन्द्रीय कार्यालयले जनाएको छ ।

एमालेको सदस्यता नवीकरणमा गिरावट आउनुमा संगठन शुद्धीकरण पनि एक कारण रहेको केन्द्रीय सचिव एवं संगठन विभाग प्रमुख भानुभक्त ढकालले बताए । 'पार्टी शुद्धीकरणका बेला केही संख्या घट्न सक्छ । हामी पार्टीको अभियानलाई केन्द्रित गरी सदस्यता नवीकरण गरिरहेका छौं,' उनले भने, 'महाधिवेशन, चुनाव नभएका बेला पहिलो वर्षमै सुरु भएको सदस्यता नवीकरण उत्साहजनक छ,' उनले भने, 'साउन मसान्तभित्र ८० प्रतिशत सदस्यले नवीकरण गरिसक्ने लक्ष्य छ । सदस्यता नवीकरण गरेका कमरेडहरू अब पार्टी अभियानमा प्रतिबद्ध भएर खट्नुहुनेछ ।'

२०८२ को भदौ २० देखि २२ मा गोदावरी ललितपुरमा भएको विधान महाधिवेशनमा ६ लाख ६७ हजार १ सय १४ जनाले नवीकरण गरेको महासचिव शंकर पोखरेलले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख थियो । प्रतिवेदनमा ६४ हजार ७ सय ६ कमिटी क्रियाशील रहेको जानकारी दिएका थिए । महाधिवेशनअघि १२ लाख ६९ हजार सदस्य भएको दाबी गरे पनि ६ लाख ६२ हजारले मात्र नवीकरण गरेका थिए ।

जेन-जी आन्दोलनपछि पुराना दलहरूप्रति देखिएको विकर्षणको असर सदस्यता नवीकरणमा पनि देखिएको विश्लेषकहरूको भनाइ छ । 'निर्वाचन परिणामले एमाले कार्यकर्ता हतोत्साहित हुनु, जेन-जी आन्दोलनपछि पार्टी नेतृत्व सुध्रिने संकेत नदेखिनु र कार्यकर्ताको असन्तुष्टि सम्बोधन नहुनु सदस्यता नवीकरण कम हुनुको मुख्य कारण हो,' राजनीतिशास्त्रका प्राध्यापक कृष्ण पोखरेलले भने । एमाले महाधिवेशनका बेला प्रतिनिधि चयनमा निष्पक्ष नहुनु पनि अर्को कारण रहेको उनको भनाइ छ । 'महाधिवेशन प्रतिनिधि चयन गर्दा स्वतन्त्र रूपमा भएन । कार्यकर्तालाई स्वतन्त्र रूपमा छनोटको अधिकारबाट वञ्चित गरियो,' उनले भने ।



निर्वाचन परिणामले एमाले कार्यकर्ता हतोत्साहित हुनु, जेन-जी आन्दोलनपछि पार्टी नेतृत्व सुध्रिने संकेत नदेखिनु र कार्यकर्ताको असन्तुष्टि सम्बोधन नहुनु, सदस्यता नवीकरण कम हुनुको मुख्य कारण हो

● **कृष्ण पोखरेल**
राजनीतिक विश्लेषक

**कुन प्रदेशमा कति एमाले सदस्यले नवीकरण गरे ?**

| प्रदेश | कुल सदस्य | नवीकरण | प्रतिशत |
|---|---|---|---|
| कोशी | ११४,७६६ | ६१,००० | ५३.१५ |
| मधेश | १५६,१९५ | ७८,००० | ४९.९४ |
| बागमती | ११४,५६६ | ६८,००० | ५९.३५ |
| गण्डकी | ५६,०५२ | २९,००० | ५१.७४ |
| लुम्बिनी | ८०,५७९ | ४०,००० | ४९.६४ |
| कर्णाली | ४८,५३८ | २७,००० | ५५.६३ |
| सुदूरपश्चिम | ६३,११० | १७,००० | २६.९४ |
| राजधानी प्रदेश कमिटी | ३९,१५९ | २३,४०० | ५९.७६ |
| सम्पर्क विभाग | १३,७८३ | ७,५८१ | ५५ |

स्रोत: एमाले प्रदेश कमिटीहरू



पार्टी शुद्धीकरण अभियानका कारण केही सदस्य संख्या घट्न सक्छ, महाधिवेशन र चुनाव नभएका बेला पनि पहिलो वर्षमै सुरु भएको सदस्यता नवीकरण उत्साहजनक छ

● **भानुभक्त ढकाल**
केन्द्रीय सचिव एवं संगठन विभाग प्रमुख

# विगतले सिकाएको पाठ : संवाद र सहमतिले मत्थर भएका थिए तनाव

तराई-मधेशका अधिकांश साम्प्रदायिक तनाव सर्वपक्षीय संवाद र सहमतिबाट मत्थर भएका उदाहरणबीच देवानगन्जले प्रारम्भिक समन्वयको कमजोरी उजागर गरेको छ, अन्ततः समाधान फेरि सोही बाटोबाटै खोजियो

**अर्जुन सुवेदी** (सुनसरी) र **अजित तिवारी** (जनकपुर)

सुनसरीको देवानगन्ज-३ कप्तानगन्जमा गत आइतबार भएको हिंसात्मक घटनापछि एक सातासम्म जारी तनाव शुक्रबार गृहमन्त्रीको उपस्थितिमा भएको सहमतिसँगै मत्थर भएको छ । मृतक परिवारले शव बुझेका छन्, कर्फ्यु हटाइएको छ ।

सुनसरी, धनुषालगायत विभिन्न जिल्लामा सद्भाव र्‍याली निकालिँदै सामाजिक सद्भाव कायम राख्न राजनीतिक दल, स्थानीय तह, धार्मिक अगुवा, सुरक्षा निकाय र नागरिक समाज एकै ठाउँमा उभिन थालेका छन् । एक साताअघि चर्किएको तनाव अन्ततः फेरि संवाद र सर्वपक्षीय पहलमै सहज हुन थालेको छ ।

यस्ता घटना विगतमा पनि भएका थिए । विगतमा तराई-मधेशका यस्तै प्रकृतिका अधिकांश साम्प्रदायिक संवेदनशील घटनामा प्रारम्भिक चरणमै सरकार, स्थानीय जनप्रतिनिधि, प्रशासन, सुरक्षा निकाय, राजनीतिक दल र समुदायबीच संवाद सुरु हुँदा तनाव छोटो समयमै नियन्त्रणमा आएको थियो । देवानगन्जमा भने त्यही समन्वय प्रारम्भिक चरणमै प्रभावकारी बन्न नसक्दा सामान्य विवाद क्रमशः गोलीकाण्ड, ३ जनाको मृत्यु, लामो आन्दोलन र सात दिनसम्म लम्बिएको संकटमा परिणत हुन पुगेको स्थानीय सरोकारवालाको निष्कर्ष छ ।

धार्मिक झन्डा, मूर्ति विसर्जन, धार्मिक यात्रा वा सामाजिक सञ्जालमा फैलिने अफवाहका कारण तराई-मधेशका विभिन्न जिल्लामा पटक-पटक दुई समुदायबीच तनाव हुँदै आएको छ । यसअघि जनकपुरको देवपुरा रुपैठा, सर्लाहीको मलंगवा, महोत्तरीको परिरिया वा सुनसरीकै हरिनगर, भुटाहा र दुहबीमा भएका घटनाले एउटा साझा अनुभव दिएका थिए- तनावको अन्तिम निकास सुरक्षा कारबाहीभन्दा बढी संवाद, सहकार्य, विश्वास र सर्वपक्षीय सहमतिबाट निस्किएको हो । राजनीतिक दल, जनप्रतिनिधि, धार्मिक अगुवा, नागरिक समाज र सुरक्षा निकाय एउटै मञ्चमा उभिएर गरिएको प्रतिबद्धताले मात्रै समुदायबीच बढेको अविश्वास क्रमशः हट्दै जाने हरिनगर गाउँपालिकाका अध्यक्ष गफार अन्सारी मियाँ बताउँछन् ।

उनले भने, 'हामीले पहिलेको अभ्यास सुरुकै दिन गर्न सकेको भए लामो समय तनाव खेप्नै पर्दैन थियो । किनकि अन्ततः अहिले पनि सहमति, संवाद र सर्वपक्षीय पहलमै फर्किनुपर्‍यो, तर त्यो अभ्यास सुरुमै प्रभावकारी रूपमा सक्रिय हुन नसक्दा त्यसको मूल्य दुई जनाको ज्यान, सात दिन लामो आन्दोलन, शव नबुझ्ने अवस्था र अन्य जिल्लासम्म फैलिएको तनावका रूपमा चुकाउनुपर्‍यो ।'

सुनसरीमै पछिल्ला केही वर्षमा भएका साम्प्रदायिक संवेदनशील घटनाहरूले देखाएको साझा विशेषता भनेको तनाव बढेपछि मात्र होइन, बढ्नुअघि नै संवाद सुरु हुनु र स्थानीय नेतृत्व सक्रिय हुनु थियो । प्रशासन, जनप्रतिनिधि, सुरक्षा निकाय र दुवै समुदायका अगुवाबीच निरन्तर समन्वय हुँदा आन्दोलन थप हिंसात्मक बन्न नपाई सहमतिको बाटो खुलेको थियो ।

२२ चैत २०८० मा एसईई परीक्षाका क्रममा हरिनगर गाउँपालिका-१ स्थित बालकृष्ण माध्यमिक विद्यालयमा स्थानीय युवा जीवन मेहतामाथि भएको कुटपिटपछि दुई समूहबीच झडप भयो । झडपमा दुई प्रहरीसहित एक स्थानीय घाइते भए । अवस्था तनावग्रस्त बनेपछि प्रशासनले निषेधाज्ञा र त्यसपछि अनिश्चितकालीन कर्फ्यु जारी गर्‍यो । तर तत्कालीन प्रमुख जिल्ला अधिकारी जयनारायण आचार्य, हरिनगर गाउँपालिकाका अध्यक्ष गफार अन्सारी मियाँ, सुरक्षा निकाय र स्थानीय अगुवाबीच निरन्तर संवाद भयो । केही दिनमै सहमति जुट्यो र स्थिति सामान्य बन्यो ।

यसअघि ४ असोज २०७५ मा हरिनगरको भुटाहा बजारमा बोर्डिङ स्कुलको बैठक सकेर फर्किरहेका खुर्सिद अन्सारीमाथि मोटरसाइकलमा आएका सुटरले अन्धाधुन्ध गोली प्रहार गरे । कञ्चट, पेट र खुट्टामा गोली लागेका उनको घटनास्थलमै मृत्यु भयो । घटनापछि क्षेत्र दुई दिनसम्म तनावग्रस्त बन्यो । तर तत्कालीन प्रमुख जिल्ला अधिकारी प्रेमप्रकाश उप्रेती, गाउँपालिका अध्यक्ष उनै मियाँ, सुरक्षा निकाय र स्थानीय नेतृत्वको समन्वयपछि आन्दोलन शान्त भयो । संवादले तनावलाई थप फैलिन दिएन ।

यस्तै, दुहबीमा ५४ वर्षीय मोहम्मद फिदा हुसेनको गोली हानी हत्या भएपछि स्थानीयले गृहमन्त्रीको राजीनामा माग गर्दै तीन दिनसम्म शव सडकमा राखेर प्रदर्शन गरेका थिए । त्यसबेला पनि प्रशासन, स्थानीय सरकार र समुदायबीचको निरन्तर संवादपछि आन्दोलन अन्त्य भएको थियो । यी तीनवटै घटनाले देखाएको साझा विशेषता एउटै थियो–तनाव बढ्नुअघि संवाद सुरु भयो, आन्दोलन हिंसात्मक हुनुअघि समन्वय सक्रिय बन्यो ।

तर स्थानीयका अनुसार देवानगन्ज-३ कप्तानगन्जमा यसपटक त्यही कडी कमजोर बन्यो । घटनाको प्रकृति हरिनगरमा दुई वर्षअघि भएको झडपसँग धेरै हदसम्म मिल्दोजुल्दो भए पनि प्रारम्भिक चरणमै प्रभावकारी समन्वय हुन नसक्दा विवाद क्रमशः जटिल बन्दै गयो । घटना भएको ६ दिनसम्म मृतक परिवारले शव नबुझ्ने अवस्था आयो । आन्दोलन लम्बिनु र अन्त्येष्टिसमेत प्रभावित हुनु त्यसैको परिणाम भएको स्थानीयको बुझाइ छ ।

हरिनगर गाउँपालिकाका अध्यक्ष मियाँ स्थानीय प्रशासनले समयमै संवेदनशीलता बुझ्न नसक्दा विवाद चर्किएको बताउँछन् । उनका अनुसार घटना भएपछि पनि सरकार, प्रशासन, स्थानीय जनप्रतिनिधि र समुदायबीच हुनुपर्ने समन्वय प्रभावकारी हुन सकेन, जसका कारण आन्दोलन विस्तारै हिंसात्मक बन्दै गयो । सुनसरीका पूर्व प्रहरी प्रमुख तथा प्रहरी उपरीक्षक विपिन रेग्मी पनि प्रारम्भिक चरणमै कानुन कार्यान्वयन कमजोर भएको तर्क गर्छन् । उनका अनुसार साम्प्रदायिक गतिविधिमा सक्रिय समूहहरूमाथि समयमै कानुनी कारबाही भएको भए देवानगन्जसम्म स्थिति पुग्ने अवस्था आउँदैनथ्यो । प्रारम्भिक लापरबाहीले अन्ततः ठूलो सुरक्षा चुनौती सिर्जना गरेको उनको विश्लेषण छ ।

घटना भएको बिहानै संघीय सांसद लालविक्रम थापाले प्रहरीले 'ताकी-ताकी गोली हानेर नागरिकको हत्या गरेको' आरोप सार्वजनिक रूपमा लगाए । उनको अभिव्यक्ति सामाजिक सञ्जालमा तीव्र रूपमा फैलियो । सुरक्षा स्रोतका अनुसार घटनाको वास्तविक अनुसन्धानअघि नै यस्ता दाबी व्यापक रूपमा प्रचार हुँदा स्थानीय आक्रोश झन् बढ्यो र आन्दोलन थप उग्र बन्न पुग्यो । साम्प्रदायिक रूपमा संवेदनशील घटनामा अपुष्ट दाबी वा राजनीतिक अभिव्यक्तिले अनुसन्धानलाई मात्र होइन, सार्वजनिक मनोविज्ञानलाई पनि प्रभावित पार्ने सुरक्षा अधिकारीहरूको बुझाइ छ ।

सुनसरीका अनुभवजस्तै मधेश प्रदेशका घटनाले पनि उस्तै निष्कर्ष दिएका छन् । जनकपुरधाम उपमहानगरपालिका-२० को देवपुरा रुपैठामा १४-१५ भदौ २०८२ मा सडकबत्तीको पोलमा झुन्ड्याइएको हरियो झन्डाले तनाव उत्पन्न गरायो । गणेश पूजाको मूर्ति विसर्जन गरेर फर्किएका समूहले झन्डालाई लिएर विवाद गर्न थालेपछि दुवै समुदाय उत्तेजित बने । स्थिति यतिसम्म बिग्रियो कि देवपुरा रुपैठा दुई दिनसम्म रणभूमि बन्यो । सुरक्षाकर्मीले स्थिति नियन्त्रणमा लिन ३१ सेल अश्रुग्यास र २० राउन्ड गोली प्रहार गर्नुपरेको थियो । राजनीतिक दल, जनप्रतिनिधि र धर्मगुरुको सक्रिय भूमिकाले स्थिति सामान्य बनाउन निर्णायक भूमिका खेले ।

२०८० भदौ २३ गते सर्लाहीको मलंगवामा कृष्णाष्टमीको मूर्ति विसर्जन गर्ने क्रममा दुई समुदायबीच तनाव बढ्यो । हवाई फायर र अश्रुग्यास प्रहारले पनि स्थिति तत्काल सम्हालिन सकेन । तीन दिनसम्म कर्फ्यु र त्यसपछि निषेधाज्ञा जारी गर्नुपर्‍यो । सुरक्षा निकायले बल प्रयोग गर्दै ११ जनालाई नियन्त्रणमा लियो । तर तनाव अन्त्य गर्ने आधार बल प्रयोग होइन, सर्वपक्षीय पहल बन्यो ।

विश्लेषक रोशन जनकपुरी समाजमा समुदायबीच देखिएको तुष र वैमनस्य टार्न समाजका सबै हिस्सा अगाडि आउनुपर्ने बताउँछन् । 'समुदायबीचको तनाव हटाउन राजनीतिक दल, अगुवा र समाजका सबै हिस्सामा पहुँच भएकाहरू अगाडि आउनुपर्छ,' उनले कान्तिपुरसँग भने । जनकपुरका मुस्लिम अगुवा असगर अली भने जनकपुरको इतिहास नै धार्मिक सहअस्तित्वको उदाहरण भएको बताउँछन् ।

मानवअधिकारकर्मी रमेश भट्टराई सुनसरीका पछिल्ला ठूला घटनाले साम्प्रदायिक वा संवेदनशील विवादमा सुरक्षा कारबाही मात्र पर्याप्त नहुने स्पष्ट सन्देश दिएका बताउँछन् । छानबिन समिति संयोजक सहसचिव भूपेन्द्र थापाले प्रतिवेदनमा अब केवल देवानगन्जको आन्दोलन कहिले टुंगिन्छ भन्ने प्रश्न मात्र होइन, भविष्यमा यस्ता घटनालाई सुरुमै कसरी रोक्ने भन्ने विषयलाई पनि समेटिने बताए । उनले भने, 'एउटै प्रकृतिका घटना पटकपटक दोहोरि रहेको छ । हामीले आउँदो दिनमा यस्ता दुःखद घटना हुन नदिन के गर्नुपर्छ भन्ने अनुसन्धान गरिरहेका छौं ।'




**सप्तरीमा आइतबार निकालिएको सद्भाव र्‍याली ।** तस्बिर : **विद्यानन्द राम**/कान्तिपुर

# उद्योगी मुन्दडाको घरमा...

मोरङका सुरक्षा अधिकारी अधिकांश त्यहीं केन्द्रित भएका थिए । डीएसपी त्रय मकेन्द्रकुमार मिश्र, सन्तोष श्रेष्ठ, लोकेन्द्रसिंह गुरु र इन्स्पेक्टर प्रवीण घिमिरेसहित अन्य प्रहरी अधिकृत मुन्दडाको घरमा खानतलासीका लागि पुगेका थिए । तर, करिब साढे ५ घण्टासम्म खोजतलास गर्दा पनि प्रहरीले कुनै अवैध वस्तु बरामद गर्न सकेन । प्रहरी खाली हात फर्किएपछि व्यवसायीहरूले जथाभावी खानतलासी लिन थालिएको भन्दै आपत्ति जनाएका छन् । विशेष सूचनाका आधारमा भन्दै ठूलो संख्यामा प्रहरी परिचालन गरेर छापा मारिए पनि कुनै नगद, कागजात वा शंकास्पद सामग्री फेला नपरेपछि उद्योगी-व्यवसायीले प्रहरीको कार्यशैली, प्रक्रिया र उद्देश्यप्रति प्रश्न उठाएका छन् ।

नेपाल उद्योग परिसंघका कोशी अध्यक्ष पवन शारडाले निजी क्षेत्रको मनोबल खस्किरहेको अवस्थामा सरकारबाट भएको यो क्रियाकलाप आपत्तिजनक रहेको बताए । 'आतंककारीलाई झैं गरिएको व्यवहारले निजी क्षेत्र आतंकित बनेको छ,' शारडाले भने, 'राज्यबाटै उद्योगी व्यवसायीलाई आतंकित गर्ने काम भएको छ, यो गम्भीर मात्रै होइन, निन्दनीय छ ।'

मोरङ प्रहरी प्रमुख एसपी कटवालले विशेष सूचनाका आधारमा अपरेसन सञ्चालन गरिएको बताउँदै सूचना पुष्टि हुन नसकेको बताए । 'हामीले विशेष सूचना पाएका थियौं, त्यही आधारमा ड्युटी निर्वाह गरेका हौं, अरू केही हैन,' उनले भने । उनले घरदेखि कार्यालयसम्म विस्तृत रूपमा खानतलासी गर्दा केही फेला नपरेको समेत पुष्टि गरे । यद्यपि, आधिकारिक ठाउँबाट लिखित सूचना आएपछि आफूहरू त्यहाँ पुगेको उनको भनाइ छ । 'आधिकारिक ठाउँबाट नाम, नम्बरसमेत राखेर सूचना आएपछि टोली गएको हो, विभिन्न कसुरमा अरू धेरै ठाउँमा खानतलासी भइरहेको हुन्छ,' उनले कान्तिपुरसँग भने । खानतलासीका क्रममा मुन्दडाको घर वरपरको क्षेत्र केही समय सुरक्षाकर्मीले सिल गरेका थिए । जिल्ला प्रशासन कार्यालय, मोरङ र गोल्छा मोडतर्फ जाने सडकसमेत केहीबेर अवरुद्ध गरिएको थियो । तर, निवासदेखि कार्यालयसम्म विस्तृत रूपमा खोजतलास गर्दा पनि कुनै नगद, आपत्तिजनक कागजात वा अन्य सामग्री फेला नपरेपछि प्रहरी टोली फर्किएको थियो । उद्योगी मुन्दडाले यस विषयमा धेरै बोल्न चाहेनन् । उनले भने, 'प्रहरीले आफ्नो ड्युटी निर्वाह गरेको होला । हाम्रो घर खानतलासी गर्‍यो तर केही फेला पार्न सकेन ।'

नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) का पूर्वप्रमुखसमेत रहेका हेमन्त मल्ल ठकुरी ठोस सूचनाबिना खानतलासी गर्दा त्यसले जटिलता सिर्जना गराउन सक्ने बताउँछन् । 'छापा हान्ने अधिकार प्रहरीलाई छ, तर त्यसका निश्चित प्रक्रिया हुन्छन्,' उनले कान्तिपुरसँग भने, 'जस्तै, कहीं लागूऔषध छ भन्ने सूचना आएको छ भने त्यो शतप्रतिशत छ भन्ने प्रमाणित हुने आधार भएपछि मात्र छापा हान्ने हो ।' शंकाका आधारमा मात्र छापा हान्ने हो भने मानिसहरू त्रसित हुने भन्दै उनले थपे, 'अहिले व्यवसायीका हकमा पनि त्यही भएको छ, यस्तो अवस्था हुने हो भने त्यसले अर्थतन्त्रदेखि हरेक क्षेत्रमा असर गर्छ ।' प्रहरीले सूचनाको स्रोत, अनुसन्धानको प्रकृति वा छापाको विस्तृत कारण भने सार्वजनिक गरेको छैन । मुन्दडाको निवासमा लामो समयदेखि अवैध रूपमा ठूलो परिमाणमा नगद र सुन राखिएको हुन सक्ने सूचनापछि खानतलासी गरिएको प्रहरीको दाबी छ । त्यसबाहेक कुनै कसुरमा उनीविरुद्ध अनुसन्धान भइरहेको भन्ने सूचना प्रहरीले सार्वजनिक गरेको छैन । यस घटनाले प्रहरीको कार्यशैली र सूचनाको विश्वसनीयतामा समेत प्रश्न उठाएको छ ।

उद्योग तथा व्यापारिक क्षेत्रका व्यक्तिहरूले यति ठूलो संख्यामा प्रहरी परिचालन गरेर कुनै प्रमाणबिना घर खानतलासी गरिनु गैरकानुनी काम भएको भन्दै निन्दा गरेका छन् । एक उद्योगीका अनुसार पर्याप्त तथ्य र विश्वसनीय सूचनाको पुष्टि नगरी गरिने यस्ता अपरेसनले प्रतिष्ठित व्यवसायीमाथि अनावश्यक शंका सिर्जना गर्नुका साथै सामाजिक प्रतिष्ठामाथि नै असर पार्ने र उद्योगी व्यवसायीलाई त्रसित बनाउने जोखिम बढाएको छ ।

उद्योग संगठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले बिहानै ४ बजे प्रतिष्ठित घरानाको निवासमा छापा मार्न जानु गलत भएको दाबी गरे । 'प्रहरीको यो प्रक्रिया गलत छ, के खोज्न आएको ? के सूचना थियो ? कि यसरी बिहानै ४ बजे आउनुपर्ने गरी,' उनी थप्छन्, 'शंका लाग्दा राज्यले खानतलासी गर्न सक्छ । राज्यको कामै हो । तर, यो प्रक्रियाले डरत्रासको वातावरण सिर्जना गरेको छ ।'

देवेनरा ग्रुप विराटनगरको पुरानो र प्रतिष्ठित व्यावसायिक घरानामध्ये एक हो । यस समूहका प्रमुख सञ्चालक हुन् प्रकाश मुन्दडा । उनी मोरङ उद्योग व्यापार संघका पूर्वअध्यक्षसमेत हुन् । मुन्दडा परिवारले एक शताब्दीभन्दा लामो समयदेखि विराटनगरलाई केन्द्र बनाएर व्यापार व्यवसाय गर्दै आएको छ । समूहले हवाई सेवा क्षेत्रमा पनि लगानी गरेको छ । यसकै स्वामित्वमा सीता एयर सञ्चालनमा छ । काठमाडौं, पोखरालगायतका प्रमुख सहरमा घरजग्गा व्यवसायमा समेत समूहको संलग्नता छ । उद्योग क्षेत्रमा देवेनरा ग्रुपले विराटनगरमा हिमगिरी साबुन उद्योग सञ्चालन गर्दै आएको छ । 'बाबा' र 'मारुती' ब्रान्डका खाद्य तेल उद्योग पनि यही समूहका हुन् । शिक्षा क्षेत्रमा पनि समूहले लगानी विस्तार गरेको छ । विराटनगरस्थित दिल्ली पब्लिक स्कुल र स्टार इन्जिनियरिङ कलेज पनि यसै समूहद्वारा सञ्चालित छन् ।

चाँदीका गरगहना उत्पादन तथा निर्यातमा पनि देवेनरा ग्रुप अग्रणी मानिन्छ । उद्योगीहरूका अनुसार चाँदीका गरगहना निर्माण गरी विदेश निर्यात गर्ने नेपालकै ठूला व्यावसायिक घरानामध्ये यो एक हो ।

**Request for proposal for Various Insurance Services**

First Published Date: August 04, 2026

Nepal CRS Company (CRS) invites sealed proposals from registered insurance companies to provide various Non-Life Insurance Services. Interested insurance companies are requested to submit their proposals in the prescribed format as specified in the Request for Proposal document. Sealed proposals must be submitted to the address below no later than 12:00 PM (NST) on September 02, 2026.

Proposals received after the specified deadline will not be considered. If the submission deadline falls on a CRS holiday, the next working day shall be considered as the final submission date.

The complete set of RFP documents can be downloaded from the CRS website at http://www.crs.org.np/tender-notices.

Nepal CRS Company reserves the right to accept or reject any or all proposals, either wholly or partially, without assigning any reason whatsoever.

**Nepal CRS Company**
Tokharoad, Mahadevtar
Kathmandu, Nepal
01-4962097

# योजनामा देशैभर रंगशाला, बजेटमा ३–३ करोड

## खेलकुद पूर्वाधार निर्माणमा छैन स्पष्ट भिजन र मिसन

**विनयज्योति सापकोटा** (काठमाडौं)


**फाप्ला क्रिकेट मैदान ।** तस्बिर : कान्तिपुर

खेलकुद पूर्वाधार निर्माणमा सरकारले महत्त्वाकांक्षी योजना ल्याएको छ । तर ती योजनाहरूमा पूरा गर्न छुट्याइएको बजेट हेर्दा अलिकति फरक छ । किनभने बजेट विनियोजन हेर्दा आर्थिक वर्ष २०८३/८४ मा कुनै पनि खेल पूर्वाधार पूरा हुने संकेत देखिँदैन ।

सरकारले राष्ट्रिय खेलकुद परिषद्लाई ६२ वटा योजना दिएकामा कुनैलाई पनि आवश्यक पूरा बजेट विनियोजन गरिएको छैन । यता भौतिक तथा पूर्वाधार विकास मन्त्रालयमार्फत खेलकुदका २७ रंगशाला र कभर्डहल निर्माणका लागि बजेट विनियोजन गरिएको छ । एउटै रंगशाला बनाउन अर्बौं लाग्ने भए पनि २७ वटा पूर्वाधारका लागि ८१ करोड बजेट राखिएको छ ।

अर्थमन्त्री स्वर्णिम वाग्लेले १५ जेठ प्रस्तुत गरेको बजेट भाषणमा देशभरमा १८ रंगशाला र कभर्डहल बनाउने उल्लेख थियो । रातो किताबमा भने राष्ट्रिय खेलकुद परिषद्लाई ६२ वटा योजना निर्माण गर्न बजेट दिइएको छ । यता पूर्वाधार विकास मन्त्रालयलाई दिएको बजेटमा फुटबलको नेपाल सुपर लिगका १० क्लबका लागि १० होम रंगशाला, क्रिकेटको नेपाल प्रिमियर लिग (एनपीएल) लाई सुहाउँदो ८ क्रिकेट रंगशाला र इन्डोर गेम्सका लागि सात प्रदेशमा ७ कभर्डहल बनाउने भनेर पूर्वाधार विकास मन्त्रालयमा बजेट छ । तर सबैमा आवश्यकभन्दा कम बजेट छुट्याइएको छ ।

चालु आर्थिक वर्षमा दशरथ रंगशाला पुनर्निर्माणका लागि ३३ करोड रकम आवश्यक पर्ने डिजीकम कम्पनीले तयार पारेको डीपीआरमा उल्लेख छ । दुई वर्षयता अन्तर्राष्ट्रिय मान्यता गुमाएको भए पनि यो रंगशाला पुनर्निर्माणको भौतिक कार्य सुरु भएकै छैन । रंगशालाको प्यारापिटको छानोमा सयौं ठाउँमा प्वाल परेको छ, मैदानमा ठुला प्रतियोगिता आयोजना गर्न सक्ने स्थिति छैन । फ्लडलाइटले राति खेल गराउन धान्न सक्ने स्थिति छैन । चाँडोभन्दा चाँडो अन्तर्राष्ट्रिय मान्यता फर्काएर खेल सुरु गरिहाल्नुपर्ने यो रंगशालाका लागि विनियोजन गरिएको बजेट भने साढे ९ करोडमात्र हो । यो रकम मैदान, रुफिङ, प्यारापिट र त्यसको टाइबिम, ईभ्याकुएसन प्लानलगायतका लागि हो । यता, पूर्वाधार विकास मन्त्रालयमा यो रंगशालाका लागि ३ करोड रकम विनियोजन गरिएको छ । तर अत्यावश्यक फ्लडलाइटका लागि मात्रै छुट्टै सात करोडभन्दा बढी रकम विनियोजन गर्नुपर्ने हुन्छ । र, विनियोजन भएको सबै बजेट खर्च भएमा दशरथ रंगशालाको पुनर्निर्माण सम्पन्न हुन ४ वर्ष लाग्नेछ ।

'यसको निर्माणबारे परीक्षण भइरहेको छ । सरकारको तर्फबाट यो कामका लागि जति सकिन्छ त्यति गर्ने, २० करोडसम्म लागे पनि गर्ने भन्ने आश्वासन आएको छ । त्यसका लागि मन्त्रालयदेखि सरकारले पहल गर्ने भन्ने कुरा छ,' राष्ट्रिय खेलकुद परिषद् (राखेप)का निमित्त सदस्य-सचिव रामचरित्र मेहता भन्छन्, 'तर ठ्याक्कै यति भन्ने यकिन नभएकाले फाइल पठाएको छैन । लागत अनुमानको चरणमा छ ।'

उता, २० वर्षदेखि बनाउन थालिएको मूलपानी क्रिकेट रंगशालाका लागि साढे ६ अर्ब लाग्ने अनुमान छ । तर, चालु वर्षमा मूलपानीका लागि विनियोजन भएको बजेट हेर्दा उदेक लाग्छ । किनभने मूलपानीका लागि परिषद्बाट एक लाख बजेट विनियोजन गरिएको छ । पूर्वाधार विकास मन्त्रालयले भने ३ करोड बजेट छुट्याएको छ । तीन अर्बभन्दा धेरै लाग्ने अनुमान गरिएको राष्ट्रिय गौरवको योजना गिरिजाप्रसाद क्रिकेट रंगशालाका लागि पनि एक लाख रुपैयाँ मात्रै छुट्याइएको छ । यसका लागि पूर्वाधार विकास मन्त्रालयमा तीन करोड छ ।

'क्रिकेट रंगशालाको हकमा पूर्वाधार हाम्रो भए पनि पूर्वाधार विकास मन्त्रालयमा बजेट छ । त्यहाँबाट काम हुन्छ । सुरुमा कम बजेट राखे पनि यो वर्ष कामका लागि बजेटको अभाव हुने छैन,' सदस्य-सचिव मेहताले भने ।

नेपालमा कुनै ठेक्का वा आयोजना थाल्दा सुरुको आर्थिक वर्षमा कुल अनुमानित लागतको २५ प्रतिशत रकम विनियोजन गर्नुपर्ने हुन्छ । साढे ६ करोड अनुमानित लागत भएको योजनाका लागि पहिलो वर्षमा कति बजेट विनियोजना हुनुपर्ला ?

पोखरा रंगशालामा फ्लडलाइट र स्कोरबोर्ड जडानका लागि दुई ठाउँमा गरी ५ करोड र ३ करोड विनियोजन भएको छ । यसका लागि लाग ३७ करोड रुपैयाँ आवश्यक पर्छ र यो काम एकैपटक गर्नुपर्छ । यसलाई बहुवर्षीय गर्न नमिल्ने राष्ट्रिय खेलकुद परिषद्का कर्मचारी बताउँछन् । अब यो काम हुन्छ कि हुँदैन ? सदस्य-सचिव मेहता कम भएको क्षेत्रमा पछि बजेट थप्न कोष राखिएको र पछि त्यसबाट शोधभर्ना गर्ने सरकारको योजना रहेको सुनाउँछन् ।

अर्कोतर्फ प्रधानमन्त्री बालेन्द्र शाहको चुनाव क्षेत्र झापामा तीनवटा खेलकुद पूर्वाधारको योजना राखिएको छ । एउटा ३ करोड विनियोजन गरिएको गौरादह रंगशाला जसको अहिलेसम्म जग्गाको समेत अत्तोपत्तो छैन । दमक रंगशालाको नाममा एक करोड विनियोजन भएको छ । पूर्वाधार विकास मन्त्रालयमा तीन करोड बजेट छ ।

यसअघि पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीको सरकारले आदिवासी रंगशालाको नाम परिवर्तन गरेर मदन भण्डारी रंगशाला बनाउने घोषणा गरेपछि विवाद भएको थियो । अहिले मदन भण्डारी रंगशालाको नाम कतै देखिँदैन । आदिवासी रंगशाला बनाउन राखेपमा बजेट छैन, पूर्वाधार विकास मन्त्रालयमा भने तीन करोड राखिएको छ । त्यसमाथि गत आर्थिक वर्षमा ओली सरकारले नै दमक रंगशाला निर्माणको घोषणा गरिदिएको थियो ।

> **पोखरा रंगशालामा फ्लडलाइट र स्कोरबोर्ड जडानका लागि ५ करोड र ३ करोड विनियोजन भएको छ । जबकि यसका लागि ३७ करोड रुपैयाँ आवश्यक पर्छ र यो काम एकैपटक गर्नुपर्छ ।**

यो कस्तो रंगशाला हो, कसरी बनाउने र कस्तो मोडेलको हुने भन्ने कसैलाई थाहा छैन । तर यो आर्थिक वर्षमा दमक रंगशालाले निरन्तरता पाएको छ भने दमक कभर्डहलका लागि पनि बजेट राखिएको छ । झापाको बिर्तामोड, दुधे र भद्रपुरमा बनाउन सुरु भएका रंगशालाको निर्माण सकिएकै छैन । सोही जिल्लामा अर्को रंगशाला बनाउने भनिएको छ ।

राखेपलाई दिइएको बजेटमा तीन करोड रकम विनियोजन गरिएका २८ योजना समावेश छ । ती कुनै पनि योजना यो वर्ष पुरा हुँदैनन् । धेरै योजनामा त काम नै हुँदैन । किनभने कतिको जग्गा छैन, जग्गा भए पनि विवादमा छ । त्यसमाथि पूर्वाधार निर्माणमा परिषद्को उदासीनताले पछिल्ला वर्षमा राम्ररी काम भएको उदाहरण नै छैन ।

जसका कारण नयाँ सरकारबाट प्रभावकारी काम हुने खेलकुद क्षेत्रको अपेक्षा फेरि निराशामा परिणत हुने हो किन भन्ने चिन्ता पनि देखिन्छ । त्यतिमात्रै होइन, पूर्वाधार विकास मन्त्रालयका त २७ वटै योजनाको रकम ३/३ करोड छ ।

'पहिले ३० करोडको योजनामा बजेट भए पनि तीन करोडको पनि काम हुँदैनथ्यो । अहिले मंसिरसम्म सबै खरिद प्रकृया सक्ने र तिहारलगत्तै कन्ट्याक्टरलाई काम गर्ने वातावरण बनाउने योजनामा छौं,' सदस्य-सचिव मेहता भन्छन्, 'त्यो हिसाबले अघि बढिरहेका छौं ।' उनले यस्तो दाबी गरे पनि कुनै पनि योजनाको स्रोत सुनिश्चित नहुँदा राखेपले नै काम अगाडि बढाएको छैन ।

दशरथ रंगशालापरिसरमा कभर्डहल बनाउने चर्चा चलेको लामो समय भइसकेको छ । तर त्यहाँ कभर्डहल बनाउन पुग्ने जग्गा नै नभएको राखेप स्रोतले बताउँदै आएको छ । त्यहाँ अभ्यास मैदान बनाउने जमिनमात्रै उपलब्ध छ । यसका लागि राखेप र पूर्वाधार विकास मन्त्रालयमा क्रमशः ४ करोड र ३ करोड बजेट विनियोजन भएको छ । जनकपुरको जानकी मन्दिरको जग्गामा रामजानकी रंगशाला बनाउन सम्भाव्यता अध्ययन गरिने बजेटमा उल्लेख छ । जबकि त्यहाँ रंगशाला बनाउन नसकिने भन्दै राखेपले यसअघि नै हात झिकिसकेको छ ।

खेलकुद क्षेत्रले आर्थिक वर्ष २०८३/८४ का लागि ४ अर्ब ३ करोड रुपैयाँ बजेट पाएको छ, त्यसमा पुँजीगततर्फ एक अर्ब ८० करोड छ । पूर्वाधार विकास मन्त्रालयमा ८१ करोड विनियोजन छ । गत आर्थिक वर्षमा ३ अर्ब २० करोड रकम विनियोजन भए पनि २ करोडमात्रै खर्च भएको थियो । खेलकुदमा पूर्वाधार निर्माणमा खर्चको अवस्था लज्जास्पद हो ।

त्यसैले अहिलेको बजेटको स्थिति हेर्दा स्पष्ट देखिन्छ, तीन वर्षमा कम्तीमा ८ हजार दर्शक क्षमताका १० फुटबल रंगशाला र ८ क्रिकेट रंगशालालाई फ्लडलाइटसँग स्तरोन्नति गरिने भनेर सरकारले गरेको घोषणा कार्यान्वयन हुने अवस्था देखिँदैन । सात प्रदेशमा बनाउने भनिएको बहुउद्देश्यीय कभर्डहल बनाउन सुरु गर्न पुग्ने बजेट राखिएकै छैन । त्यसमध्ये कुन योजनालाई प्राथमिकतामा राख्ने भन्ने समेत स्पष्ट छैन । किनभने सरकारले अहिलेसम्म खेलकुदमा कुन उद्देश्यका लागि लगानी गर्ने र नेपालको खेलकुदको मोडल कस्तो हुने हो विषयमा न सम्बन्धित खेल संघसँग छलफल भएको छ न त सरकारले कुनै दीर्घकालीन नीति छ । जसले पूर्वाधार निर्माण पनि अलपत्र पर्ने पूर्वसंकेत देखिएको छ । नयाँ सरकारबाट धेरैको अपेक्षाले मन्त्रालयहरूमा काम गर्ने दबाब पनि बढेको छ । त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला र गौतम बुद्ध क्रिकेट रंगशालाबारे बजेटमा उल्लेख छैन ।

समर्थकले धेरै चासो राखेको तल्लो मूलपानी र धनगढीको फाप्ला क्रिकेट मैदान बन्ने गरी बजेट समावेश छैन । त्यसमाथि यी रंगशालाको डीपीआर पुनरावलोकन गर्न राखेपमा बजेट विनियोजन गरिएको छ भने रंगशाला निर्माणका लागि पूर्वाधार विकास मन्त्रालयमा बजेट छ । काम कसरी गर्ने भनेर क्यान र फाप्ला क्रिकेट रंगशाला तथा खेलग्रामका पदाधिकारी स्पष्टताका लागि दौडधुपमा छन् ।

# भलिबलको वार्षिक क्यालेन्डरमा १९ कार्यक्रम

**कान्तिपुर संवाददाता** (काठमाडौं)




नेपाल भलिबल संघ (एनभीए) ले वार्षिक क्यालेन्डर सार्वजनिक गरेको छ । आर्थिक वर्ष २०८३/८४ का लागि संघले क्यालेन्डरमा १९ इभेन्ट समावेश गरेको छ । क्यालेन्डरमा राखिएका १९ बाहेक थप दुई कार्यक्रमसमेत गर्ने संघका अध्यक्ष जितेन्द्रबहादुर चन्दले जानकारी गराए ।

यो आर्थिक वर्षमा संघले सेन्ट्रल एसियन भलिबल एसोसिएसन (काभा) का ६ प्रतियोगितामा सहभागिता जनाउने छ भने पुरुष भलिबल च्याम्पियनसिप, महिला र पुरुषको च्याम्पियन्स लिग नेपालमै आयोजना हुनेछ । संघले हरेक वर्ष आयोजना गर्दै आएको महिला र पुरुषको राष्ट्रिय भलिबल प्रतियोगिता, प्रधानमन्त्री कप, भलिबल लिग र बिच भलिबल एनभीएका प्रमुख प्रतियोगिता हुन् ।

यसबाहेक स्कुलतर्फ यू-१८ लिग र ग्रासरुटको कार्यक्रमअन्तर्गत यू-१५ लिगसमेत गरिनेछ । 'मिति तय गर्‍यो भने प्रतियोगिता तलमाथि हुनसक्छ । यो आर्थिक वर्षका गर्ने कार्यक्रम हुन् । हामी समय मिलाएर प्रतियोगिताको मिति तोक्छौं,' क्यालेन्डरबारे बताउँदै अध्यक्ष चन्दले भने, 'अब यू-१५ को लिग आयोजना गरेर अन्तर्राष्ट्रिय प्रतियोगितामा समावेश गराउने योजना छ । विश्व भलिबल महासंघ र काभाले पनि उमेर समूहको प्रतियोगितामा जोड दिन सबै देशलाई भनेको छ । त्यसैले हामीले पनि उमेर समूहका प्रतियोगितामा जोड दिनेछौं ।' काभा महिला च्याम्पियन्स लिग र काभा बिच भलिबलको भने मिति तय छ । महिला लिग नोभेम्बर १-७ तथा बिच भलिबल सेप्टेम्बरमा हुनेछ ।

भलिबलमा यति धेरै प्रतियोगिता समेटिएको यो नै पहिलो पटक हो । भलिबलले केही वर्षयता मात्रै क्यालेन्डर जारी गरेर प्रतियोगिता गर्दै आएको छ । तर, काभाले नेपालमा गर्ने भनेर घोषणा गरिनसकेको प्रतियोगितासमेत संघले नेपालमा आयोजना गर्ने क्यालेन्डरमा समावेश गरेको छ । साथै संघले मैत्रीपूर्ण खेल र थ्री नेसन्स कपका प्रतियोगिता पनि गर्ने भएको छ ।

अध्यक्ष चन्दले देशमा विभिन्न स्थानमा बनेका कभर्डहललाई पनि प्रयोग गर्ने बताए । उनले भने, 'राष्ट्रिय स्तरको राम्रो कभर्डहल बनेको छ । हामीले सुर्खेतमा पनि प्रतियोगिता गर्नेछौं, अहिले काठमाडौं, पोखरा र सुर्खेतमा प्रतियोगिता आयोजना गर्ने छौं ।' उनले अगाडि भने, 'अहिले केडिया ग्रुप र इन्फिनिटीले तीनदेखि चार करोड खर्च गरिरहेका छन् । त्यहाँबाट हामीले पनि केही पाउँछौं । प्रायोजक र सरकारबाट पनि सहयोग प्राप्त हुन्छ । यसरी हामीले सबै मिलाएर यो वर्ष प्रतियोगिता र कार्यक्रममा २० करोड खर्च गर्ने लक्ष्य राखेका छौं ।'

क्यालेन्डरमा फ्रेन्चाइज भलिबल लिग समावेश भए पनि मोफसलमा हुने प्रतियोगिता भने राखिएको छैन । संघले आउँदो पुसमा समय खाली रहेको र मोफसलका कार्यक्रम त्यतिबेला आयोजना गर्नुपर्ने जनाएको छ । क्यालेन्डरमा राष्ट्रिय रेफ्री कोर्स, कोचेज कोर्स पनि समेटिएको छ । मंसिरअघि भने पुरुष भलिबल लिग र एसियाली खेलकुदको सहभागिता क्यालेन्डरमा उल्लेख छ । माघपछि भने भलिबल संघका धेरै प्रतियोगिता छन् । अध्यक्ष चन्दको कार्यकाल समाप्त हुन लागेको छ । उनले सबैजसो कार्यक्रम नयाँ आउने कार्यसमितिले गर्ने बताए ।





**केप भार्डेका गोलरक्षक झोजिमर झोजे इवाडा डियास (भोजिन्हा) चिलीको सान्टियागोको अर्टुरो बेनिटेज अन्तर्राष्ट्रिय एयरपोर्टबाट बाहिरिने क्रममा । विश्वकप फुटबलमा सानदार प्रदर्शन गरेका भोजिन्हालाई चिलीको क्लब कोलो कोलोले अनुबन्धित गरेपछि उनी व्यावसायिक फुटबल खेल्न त्यहाँ पुगेका हुन् ।** तस्बिर : एपी

# वेल्सले इन्फान्टिनोलाई चुनावमा नसघाउने



लन्डन (एएफपी)- विश्व फुटबल महासंघ (फिफा) का अध्यक्ष जियानी इन्फान्टिनोको पुनः निर्वाचनको समर्थन सार्वजनिक रूपमा फिर्ता लिने वेल्स पहिलो राष्ट्र बनेको छ । इन्फान्टिनोले ल्याएको विश्वकपसँगै आफ्ना प्रमुख प्रतियोगिताको सेयर बिक्री गर्ने विवादास्पद योजना असफल भएपछि वेल्सले उनलाई दिँदै आएको समर्थन सोमबार फिर्ता लिने निर्णय गरेको हो ।

विशेष गरी महिला र पुरुष विश्वकप आयोजनाको जिम्मा निजी कम्पनीलाई दिएर फिफाले आफ्ना २ सय ११ सदस्य राष्ट्रलाई सन् २०२७ को सुरुमा एकमुष्ठ २ करोड डलर प्रदान गर्ने प्रस्ताव ल्याएको थियो । सन् २०२७ देखि २०३० को अवधिका लागि यस्तो अनुदान बढाउन लागेको थियो । यस योजनाअनुसार निजी लगानीकर्तालाई पनि त्यस कम्पनीको सेयर किन्न अनुमति दिइने थियो ।

आफ्नो प्रस्तावको व्यापक विरोध भएपछि इन्फान्टिनो यो योजना नै रद्ध गर्न बाध्य भएका थिए । युरोपेली फुटबल महासंघ (यूईएफए) ले फिफाको यो प्रस्ताव कायम रहेसम्म विश्वकप नै बहिष्कार गर्ने धम्की दिएको थियो । उत्तर, मध्य अमेरिका र क्यारेबियन फुटबल महासंघ (कन्काकाफ) तथा एसियाली फुटबल महासंघ (एएफसी) ले पनि प्रस्तावको विरोधमा विज्ञप्ति नै जारी गरेको थियो ।

वेल्स फुटबल संघले २०२७ को मार्चमा मोरक्कोको रबाटमा हुने फिफाको निर्वाचनमा इन्फान्टिनोलाई समर्थन नगर्ने प्रस्ट पारेको छ । 'वेल्स फुटबल संघले २०२७-३१ सम्मको कार्यकालका लागि फिफा अध्यक्षमा जियानी इन्फान्टिनोलाई दिएको समर्थन फिर्ता लिएको छ,' वेल्स फुटबलको विज्ञप्तिमा भनिएको छ, 'हालै सुशासन, प्रक्रिया, नेतृत्व, मूल्य, सरोकारवालासँगको व्यवस्थापन, सञ्चार र उचित निर्णयमा भएका असफलताहरूले हामीलाई त्यस्तो अवस्थामा पुर्‍याएको छ, जहाँ इन्फान्टिनो विश्व फुटबलको नेतृत्वमा रहिरहन वेल्स फुटबलबाट आत्मविश्वास गुमाइसकेका छन् ।'

मोरक्कोमा हुने ७७ औं कंग्रेसबाट फिफाको नयाँ अध्यक्ष चुनिने कार्यक्रम छ । इन्फान्टिनो २०१६ देखि फिफा अध्यक्षमा छन् । विश्वकपको शेयर बेच्ने प्रस्ताव ल्याउनुअघि इन्फान्टिनो सर्वसम्मत पुनः अध्यक्ष बन्ने तय जस्तै भइसकेको थियो ।

युरोपका केही राष्ट्रले यसमा सहमत जनाइसकेका थिए । तर, पछिल्लो घटनाक्रमले उनलाई समर्थन गर्नेको सदस्य संख्या घटिसकेको छ र यसमा वेल्स फुटबलले सार्वजनिक रूपमै आफ्नो धारणा राखेको हो । 'फुटबलको सर्वोत्तम हितलाई पहिलो स्थानमा राख्न नसक्नु भनेको असक्षमता हो, हामी त्यसलाई स्वीकार्न सक्दैनौं,' वेल्स फुटबलले अगाडि भनेको छ ।

इंग्लिस फुटबल एसोसिएसनले पनि फिफालाई लिखित रूपमै इन्फान्टिनोलाई समर्थन नगर्ने स्पष्ट पारिसकेको बताइएको छ । इंग्लिस एफएले शनिबार आफ्नो विज्ञप्तिमा यूईएफएको पूर्ण समर्थनमा रहेको र युरोपेली फुटबलको संस्थामा इन्फान्टिनोले विश्वास गुमाइसकेको जनाएको थियो । कन्काफाफले इन्फान्टिनोको नेतृत्वसँग 'व्यापक हिसाबकिताब' माग गरेको छ भने एएफसीले पारदर्शिता माग गर्दै गुनासो गरेको छ ।

बेलायती प्रधानमन्त्री एन्डी बर्नहमले फिफा नेतृत्वका लागि इन्फान्टिनो 'गलत व्यक्ति' भएको यसअघि नै जनाइसकेका छन् । इन्फान्टिनोले ल्याएको प्रस्तावित निजी लगानी योजना सार्वजनिक हुनेबित्तिकै उनले सञ्चारमाध्यममा भनेका थिए, 'यो निकै अस्वाभाविक सुझाव थियो, जुन बिचार र योजना उनले अगाडि ल्याएका छन्, मेरो विचारमा यो संस्था हाँक्न उनी गलत व्यक्ति हुन् ।'

# स्नुकरको क्वाटरफाइनल समीकरण



काठमाडौं (कास)- प्रथम काठमाडौं खेलमण्डल (एनआरटी) नेपाल टप १६ ग्रान्ड मास्टर्स स्नुकर च्याम्पियनसिपमा सोमबार सोम लामा र फुर्बा दोर्जे शेर्पाले समूह चरण पार गरेपछि क्वाटरफाइनल पुग्ने सबै खेलाडी तय भएको छ ।

समूह चरणको अन्तिम दिन वेस्ट अफ सेभेन खेलमा सोमले नितेश खण्डवाललाई ४-२ र फुर्बाले राजन लामालाई ४-० फ्रेमले हराए । क्वाटरफाइनल पुग्ने अरू खेलाडीमा नेपालका नम्बर इक खेलाडी वाङ्चु तामाङ, रोहित क्षेत्री, राजन गुरुङ, आकाश गजमेर, विकास महर्जन र सविन तामाङ छन् ।

नेपालका शीर्ष १५ खेलाडी र आयोजकका एक खेलाडीको सहभागिता रहेको प्रतियोगितामा चार समूहबाट शीर्ष दुई क्वाटरफाइनलमा पुगेका हुन् ।

त्रिपुरेश्वरस्थित क्लबकै स्नुकर हलमा मंगलबार रोहितले विकास तथा आकाशले सविनविरुद्ध सेमिफाइनलमा पुग्न वेस्ट अफ नाइनमा एकअर्कासँग प्रतिस्पर्धा गर्नेछन् ।




कान्तिपुर पब्लिकेशन्स् लिमिटेडद्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ८५५९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स: ९७७-१-५१३५००१, email : kanti@kmg.com.np, द.नं. ३१/०४९-५०, अध्यक्ष : कैलाश सिरोहिया, प्रधानसम्पादक : गोकर्ण अवस्थी